www.agnichakranews.com
प्रेस काउन्सिल नेपालद्वारा "क" वर्गमा वर्गीकृत मासिक पत्रिका
मूल्य : रु. १५०/-
Agnichakra National Monthly

# अग्निचक्र


ISSN 2362-1109
राष्ट्रिय मासिक
वर्ष १६, अङ्क ११, पूर्णाङ्क १६३
जेठ २०८२

## श्री-गण्डकी-कोटिहोम-बिरौटा-पोखरा
## यज्ञ-शिरोमणि-विशेषाङ्क-जेठ-२०८२




श्री मानव सेवा फाउण्डेसन, नेपाल
सृजनाचोक, पोखरा-०८, कास्की


मामाघर अनाथालय आश्रम, ललितपुर


छोरीको घर ज्येष्ठ नागरिक आश्रम, भक्तपुर

## ऐतिहासिक श्रीगण्डकी शत (सय) कुण्डीय
## गायत्री कोटिहोम विराट् ज्ञान महायज्ञ - २०८२

२०८२ वैशाख १७ गतेदेखि जेठ २६ गतेसम्म ।

## सबै भक्तजनलाई सादर निमन्त्रणा गर्दछौं



बालयोगेश्वर
विजयश्री कृष्णमूर्ति जी महाराज
**महायज्ञ संकल्पकर्ता**

**आयोजक:**
श्री मानव सेवा फाउण्डेसन, नेपाल (पोखरा, कास्की)
एवं
सनातन धर्मानुयायी हजुरहरू र हामी सबै

स्थान : सदा शिवजी सिद्धेश्वर हरिहर मन्दिर क्षेत्र, पोखरा-१७, बिरौटा ।





## कर छुट सम्बन्धी व्यवस्था

- पोखरा महानगरपालिका क्षेत्रभित्र विगत लामो समय देखि पेशा व्यवसाय सञ्चालन भएका तर महानगरपालिकामा दर्ता तथा नवीकरण नभएको व्यवसायले यस चालु आ.व. मा व्यवसाय दर्ता तथा नवीकरण गरेका आ.व. २०७९।०८० सम्मको सबै बक्यौता छुट हुनेछ। तर चालु आ.व. समाप्त भए प्रश्चात त्यस्तो छुट सुविधा दिइने छैन।
- पोखरा महानगरपालिकाका करदाताहरूले पोखरा महानगरपालिकाको वेभसाइट तथा इसेवाको मोबाइल एप्लीकेसन र Local Revenue-LLRP बाट करदाता संकेत नं. प्रयोग गरी सम्पत्ति तथा भूमिकर (मालपोत) कर दाखिल गर्न सकिने छ।
- महानगरपालिकामा रहेका व्यवसायी वा नागरिकले तिर्नु पर्ने कर जस्तै सम्पत्ति कर, भूमिकर (मालपोत) घरबहाल कर व्यवसाय कर महानगरपालिकाको कार्यालय र सम्बन्धित वडा कार्यालयबाट दाखिला गर्न सकिने छ।

## जरिबाना सम्बन्धमा

- आ.व. २०८०।८१ सम्मको सम्पत्ति कर, भूमिकर (मालपोत), घर जग्गा वहाल कर र व्यवसाय करको सम्पूर्ण बाँकी रकम चालु आ.व. २०८१/८२ को असार मसान्तसम्ममा भुक्तानी नभएमा थप १५ प्रतिशत जरिवाना लाग्नेछ।
- अनुमति नलिई मेसिन प्रयोग तथा प्लटिङ गरेमा, विभिन्न माध्यमको प्रयोग गरी सार्वजनिक स्थल तथा फुटपाथमा व्यवसाय गरेमा, अनुमति र आवश्यक कागजात विना प्राकृतिक जन्य समान उत्खनन् तथा निकासी गरेमा, नक्सापास नगरी संरचना निर्माण गरेमा, अनुमति विना नगरक्षेत्र भित्र हाँगा तथा रुख कटानी गरेमा महानगरपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिम जरिबाना लाग्नेछ।
- महानगरपालिका क्षेत्रभित्र कुनैपनि व्यवसाय दर्ता नगरी सञ्चालन गरेको पाइएमा महानगरपालिकाले कुनैपनि समयमा बन्द गर्न सक्नेछ।
- घर नक्सा पास नगरी वा अनुमति नलिई भवन निर्माण गरेको भएमा यथाशीघ्र आर्थिक ऐनमा तोकेको राजस्व रकम तिरी भवनको अभिलेखिकरण गर्नु होला।

पोखरा महानगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
न्यूरोड, कास्की

# नेपालीलाई एकताको सूत्रमा बाँध्न सिकाउने तथा मानव स्वास्थ्य, प्राकृतिक शुद्धता र शान्तिको माध्यम बनेको श्री-गण्डकी-कोटिहोमबारे चौथो पटक पनि विशेषाङ्क प्रकाशित गर्नुका कारण !!

अग्निचक्रले फागुन, चैत्र, वैशाखमा श्री-गण्डकी-कोटिहोम बारेमा विशेषाङ्क प्रकाशित गर्यो । अहिले पनि चौथो पटक "श्री-गण्डकी-कोटिहोम-बिरौटा-पोखरा-यज्ञशिरोमणि-विशेषाङ्क-जेठ-२०८२" प्रकाशित गरिएको छ । फागुन अंक प्रकाशित हुँदा "श्री-गण्डकी-कोटिहोम-पोखरा-विशेषअंक" नाम दिएका थियौं । चैत्र अंक प्रकाशित हुँदा "शत कुण्डीय गायत्री कोटिहोम गण्डकी विशेषाङ्क" नाम दिएका थियौं भने वैशाखअंकमा चाहिं "कोटिहोम-महायज्ञ-विशेषाङ्क-२०८२" नाम दिएर प्रकाशित गरेका थियौं । अग्निचक्रले लगातार ४ वटा विशेषाङ्क कोटिहोमबारे प्रकाशित गरेको देखेर छक्क पर्नेहरू पनि धेरै छन् । स्वधर्मको रक्षाको लागि परमात्माले आदेश दिएपछि यस्तो गर्नु परेको हो ।

गतांकमा हामीले सम्पादकीयमा शिर्षक राखेका थियौं,- 'जीवन, जगत, स्वधर्म, शान्ति र ईश्वरको महत्त्व बुझाउने प्रयास स्वरूप लगातार कोटिहोम विशेषाङ्क प्रकाशित भैरहेको हो भनेर बुझ्दा राम्रो' । यी कुरा पढेपछि सबै पाठकवर्गले कुरा बुझिसक्नु भएकै होला भन्ने लागेको छ । आजपनि सो कुरा दोहोऱ्याउन चाहन्छौं । कोटिहोम भनेको सनातन हिन्दु धर्म अनुसार गरिने करोड संख्याको होम हो । यज्ञ सृष्टिको आधार हो । प्रकृति र परमात्मासंग मानव जातिको सम्बन्ध जोड्ने एक वैज्ञानिक र आध्यात्मिक विधि भनेकै यज्ञ हो । वातावरणीय शुद्धि र नकारात्मक शक्तिहरू नष्ट भै सकारात्मक उर्जाका लागि यज्ञ आवश्यक छ । प्रकृति, समाज र मानव स्वास्थ्यमा दूरगामी सकारात्मक प्रभाव पार्ने एक वैदिक विधि भनेकै हवन हो ।

मानसिक शान्ति र वायुमण्डलको शुद्धताको लागि कोटिहोम गर्नु पर्दछ । वैदिक सनातन धर्मको अत्यन्त पवित्र, वैदिक र महान अनुष्ठान पोखरा-१७, बिरौटा स्थित सदा शिवजी सिद्धेश्वर हरिहर मन्दिर क्षेत्रमा हाल आयोजना भैरहेको श्री-गण्डकी-कोटिहोम-२०८२ आउँदो जेठ २६ गते समापन हुनेछ । त्यसैले यस लोक र परलोकमा पनि आनन्द र शान्ति प्राप्त गर्न चाहनेहरू जति सबै भक्तजनहरू कोटिहोममा भाग लिन जानुहोस् भन्न चाहन्छौं । ऐतिहासिक धार्मिक अनुष्ठान भएकाले गर्दा र नेपालीलाई एकताको सूत्रमा बाँध्न सिकाउने भएकाले साथै मानव स्वास्थ्य र प्रकृतिको शुद्धता र सुरक्षा मिलाउने भएकाले एवं विश्वशान्तिको माध्यम बनेकाले गर्दा अग्निचक्रले चौथो पटक पनि कोटिहोम विशेषाङ्क प्रकाशित गरेको हो । जय श्री-गण्डकी-कोटिहोम ॥००


का.जि.प्र. द.नं. ३२/०६६/६७
स्थायी लेखा नं. (PAN): ३०३८२५१२२ ISSN: 2362-1109

**सम्पादक/प्रकाशक** लक्ष्मीनारायण भट्टराई
**चिफ एडभाइजर** दुर्गाप्रसाद आचार्य
**निर्देशक** गोपाल घिमिरे

**अग्निचक्र** राष्ट्रिय मासिक
www.agnichakranews.com

वर्ष १६ | अङ्क ११ | पूर्णाङ्क १६३ | जेठ २०८२

**संरक्षक : प्रभा राज्यलक्ष्मी राणा**
**ठेगाना :** का.म.न.पा.-३, **सम्पर्क कार्यालय :** बागबजार, काठमाडौं ।
**फोन :** ०१-४३७७७१०, ९८५१०४०३३०
email : agnichakramasik@gmail.com

By the Grace of God
Edited & Published by:
**Laxmi Narayan Bhattarai**
**Mob. : 9841308834**



**सल्लाहकार**
प्रा.डा. करबीरनाथ योगी
डा. पदमराज पन्त
डा. कमल शर्मा लम्साल
डा. घनश्याम खतिवडा
विनयकुमार शर्मा नेपाल
प्रेमसागर पौडेल
आर.एच. दाहाल
रोशन श्रेष्ठ
आर.पी. तृप्त
पुण्य आचार्य

**फोटोग्राफर**
कमला मिश्र
माधुरी प्यारी

**कानुनी सल्लाहकार**
अधिवक्ता लक्ष्मण आचार्य
(बिजनेस ल, एलएलबी)

**विशेष सहयोगी**
मानव सेवा फाउण्डेसन, नेपाल
(पोखरा, कास्की)

**व्यवस्थापन प्रमुख**
लिलानाथ चम्लागाई

**प्रमुख वितरक**
यज्ञ न्यौपाने (उपत्यका)
एन.ए. डिस्ट्रिब्युटर्स (उपत्यका बाहिर)

**कम्प्युटर**
राजन सुनार, ९८०५१२३५८७

**मुद्रण**
गोर्खाली अफसेट प्रेस, पोखरा-०८


मूल्य रु. १५०

देवराज घिमिरे
सभामुख

संघीय संसद

# प्रतिनिधि सभा

फोन ०१–४२००१५९/४२००१३७
सिंहदरबार, काठमाडौं, नेपाल

## शुभकामना

**'अग्निचक्र राष्ट्रिय मासिक'** ले आफ्नो दीर्घकालीन साधना र सेवा यात्राको शृङ्खलामा गण्डकी-कोटिहोम-बिरौटा-पोखरा-यज्ञशिरोमणि-विशेषाङ्क प्रकाशन गर्ने खबरले खुसी तुल्याएको छ ।

काठमाडौँबाट निरन्तर १६ वर्षदेखि निष्ठापूर्वक प्रकाशित हुँदै आएको 'अग्निचक्र' ले मातृभूमि नेपालप्रतिको अगाध श्रद्धा, शान्ति, स्वतन्त्रता र समृद्धिको पक्षमा सञ्चारलाई मूल हतियार बनाउँदै सनातन धर्म, नेपाली भाषा, संस्कृति, साहित्य र अध्यात्मको संरक्षण, संवर्धन तथा प्रवर्द्धनमा ऐतिहासिक योगदान पुर्‍याउँदै आएको छ ।

नेपालको मौलिकता, विविधता र अध्यात्मिक चेतनालाई उजागर गर्दै आएको यस मासिकले विगतदेखि वर्तमानसम्म नेपाली समाजमा सशक्त चेतना प्रवाह गरिरहेको छ । धर्म, संस्कृति, पुरातत्व, इतिहास, साहित्य, समाज, वातावरण र राष्ट्रियताको सवालमा 'अग्निचक्र' ले उठाउँदै आएका सन्देशहरू उदाहरणीय छन् ।

श्रीगण्डकी शत कुण्डीय गायत्री कोटिहोम विराट् ज्ञान महायज्ञ–२०८२ जस्तो ऐतिहासिक र विशिष्ट आध्यात्मिक अनुष्ठानको सफल आयोजनाका सन्दर्भमा यो विशेषाङ्कले आम पाठकहरूलाई यज्ञको महत्त्व, दर्शन र सन्देशलाई आत्मसात् गर्न सहयोग पुर्‍याउने विश्वास लिएको छु । साथै पत्रिकाले यस्ता अवसरहरूलाई माध्यम बनाउँदै मुलुकका विद्यमान समस्याहरूको समाधानतर्फ पनि मार्गदर्शन गरिरहेको यथार्थप्रति पूर्ण विश्वास छ ।

२१औं शताब्दीको सूचना र प्रविधिको युगमा, 'अग्निचक्र' मासिकले आफ्नो पहुँचलाई अझ व्यापक, सहज, र समसामयिक बनाउँदै सिर्जनात्मक पत्रकारिताको सशक्त उदाहरण प्रस्तुत गर्न सकोस् भन्ने हार्दिक शुभेच्छा व्यक्त गर्दछु ।

'श्री-गण्डकी-कोटिहोम-बिरौटा-पोखरा-यज्ञशिरोमणि-विशेषाङ्क' उपयोगी, पठनीय र सङ्ग्रहणीय बन्ने पूर्ण विश्वाससहित 'अग्निचक्र' परिवार र कोटिहोम आयोजक समिति सबैप्रति हार्दिक बधाई तथा सफलताको शुभकामना व्यक्त गर्दछु ।

६ जेठ, २०८२

**देवराज घिमिरे**

# वर्तमान संविधानले नै धर्म-संस्कृतिको संरक्षण गरिरहेकाले गर्दा भन्न चाहन्छु- जय नेपाल ! जय–श्री–गण्डकी–कोटिहोम !!–*शेर बहादुर देउवा*

**सभापतिज्यू निकै व्यस्त देखिनु हुन्छ नि ?**

पटक पटक प्रधानमन्त्री भइसकेको नेता हुँ म । इतिहास बोकेको, देशकै पुरानो डेमोक्रेटिक विचार भएको, नेपाली जनताको मन–मनमा बसेको "नेपाली कांग्रेस" को पार्टी सभापति भएपछि यस्तो व्यस्तता भैहाल्छ र मलाई आजकल सामान्य लाग्न थालिसकेको छ । अर्को कुरा हाम्रो पार्टी अहिले सरकारमा पनि भएकाले म लगायतका हाम्रा साथीहरू पनि व्यस्त नै भैरहनु भएको छ । राजनीतिमार्फत समाजसेवा गर्ने हामीहरू प्रायः व्यस्त नै रहन्छौं । जय नेपाल !!



**वर्तमान सरकारको कार्यशैली देख्दा तपाई कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

हेर्नुस्- जनताको सेवाका लागि, राष्ट्र र समाजका लागि प्रतिबद्ध भएको वर्तमान सरकारको कार्यशैलीप्रति म पूर्णरूपमा सन्तुष्ट छु । वर्तमान संविधानलाई पूर्ण पालना गरेर राष्ट्र र जनताको सेवामा तत्पर रहेको वर्तमान सरकारलाई सबैले साथ सहयोग गरेर सरकारको लक्ष्य हासिल गर्ने कार्यमा सहयोग गर्नुहुन म सबैलाई आग्रह गर्दछु ।

**कांग्रेस-एमालेको यो वर्तमान सरकारले सबैको चित्त बुझाएको भए, किन विरोध भैरहेको देखिन्छ त ?**

तपाईको भावनाको तात्पर्य मैले बुझिसकेको छु । राजावादीहरूको केही केही विरोध गुञ्जिदैमा केही हुँदैन । नेपाली जनताको रगत र पसिनाले स्थापना गरेको वर्तमान संविधान सबैले मान्नु पर्दछ । राजावादी, राप्रपाका साथीहरूले अर्को निर्वाचनमा दुई तिहाई ल्याएर राजालाई सिंहासनमा राखे भैगो नि ! किन यो लोकतान्त्रिक सरकारको विरोध गर्नु ? चुनावबाट सत्ता चेन्ज गरे भैगो नि !

**सबै धर्मलाई समभावमा राखेर हेर्नेगरी सनातन हिन्दू धर्मको स्थापनाका लागि संघर्षरत राप्रपाको आन्दोलनबाट तपाईहरू तर्सन खोजेको आरोपको खण्डन कसरी गर्नुहुन्छ ?**


नेपाली कांग्रेसको तर्फबाट मेरो सबैलाई अनुरोध के छ भने एकपटक वर्तमान संविधान बुझेर पढिदिनुस् । हाम्रो वर्तमान संविधानले सबैलाई समेटेको छ । सनातनदेखि चलिआएको धर्म–संस्कृतिको संरक्षण गर्ने र सांस्कृतिक तथा धार्मिक स्वतन्त्रता सबैलाई दिने कुरा प्रष्टसँग वर्तमान संविधानले स्पष्ट पारी दिएको हुँदा राप्रपाले कुनै आन्दोलन गर्न जरूरी नै छैन । संविधानले सबै धर्म–संस्कृतिको संरक्षण गरेको छ र स्वतन्त्रता पनि प्रदान गरेको छ । म सबैलाई शुभकामना दिन चाहन्छु ।

**पोखरामा भैरहेको गण्डकी कोटिहोमको शुभकामना दिंदै तपाईले बुझेको पाप, धर्म, अध्यात्म र मुक्ति के हो ?**

वर्तमान संविधानले नै धर्म-संस्कृतिको संरक्षण गरिरहेकाले गर्दा पुनः भन्न चाहन्छु- जय नेपाल ! जय–श्री–गण्डकी–कोटिहोम !! आफ्नो देशको रक्षा गर्दै अर्काको उपकार गर्नु धर्म हो र अरूलाई दुःख, कष्ट दिनु पाप हो । आत्मज्ञान अर्थात् आत्मा र परमात्माका गुण एवं तिनको पारस्परिक सम्बन्धबारे गरिने चिन्तन अथवा भित्री ज्ञान नै अध्यात्म हो । पूर्णरूपमा स्वतन्त्रता महसुस हुने चेतनाको अवस्था, मोक्ष वा जन्म र मरणबाट आत्माको मोचन नै मुक्ति हो जस्तो लाग्छ । ज्ञान चाहिन्छ । शुभकामना ॥ जय नेपाल ॥००

# आत्मतत्वको वास्तविक बोध गर्न पाइएको छ : जय श्री गण्डकी कोटिहोम !!

## किरात मुन्धुमविद् *डा.चन्द्र कुमार शेर्मा लिम्बु* (संस्थापक, किरात धर्म साहित्य उत्थान संघ नेपाल)




**पोखराको कोटिहोममा जम्का भेट भो, डा.साब कस्तो अनुभूत हुँदैछ ?**

मानव जीवनमा आध्यात्मिक चिन्तन गर्न जानेपछि आनन्दै आनन्द हुन्छ । मानव जीवनको मूलभूत कुरा आत्मज्ञान नै हो । धर्मले सबैलाई समेटेको छ । भगवान्‌को ज्ञानले सबैको कल्याण गर्छ । हिन्दु धर्म विज्ञान पनि हो । परोपकार, पुण्य र पाप के हो ? भन्ने कुरा यो ऐतिहासिक श्री गण्डकी शत कुण्डीय गायत्री कोटिहोम विराट् ज्ञान महायज्ञ २०८२ ले सिकाइ रहेको छ । वैदिक सनातन हिन्दु धर्मका पपुलर भागवत प्रवक्ताहरूले हरेक दिन ज्ञान बाँडिरहनु भएको छ । यो श्री गण्डकी कोटिहोम समावेशी रहेछ । त्यही भएर मलाई पनि निम्ता दिनु भो, बोल्न दिनु भो । खुशी लागिरहेको छ । श्री गण्डकी कोटिहोम सभ्य-भव्य रूपले आयोजना भैरहेको यो खुशीको क्षणमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**तपाईको परिचय छोटकरीमा दिनुहुन्छ कि ?**

किरात मुन्धुमविद्, सबैलाई दया गर्ने यो डा.चन्द्र कुमार शेर्मा "किरात धर्म साहित्य उत्थान संघ"को संस्थापक महासचिव हुँ । किरात ज्योतिष र विश्व ज्योतिष महासंघ लगायत एक दर्जन भन्दा बढी संस्था दर्ता गरी स्थापना गरेको छु । ८५ ओटा भन्दा बढी पुस्तक लेखेको छु । विश्व भ्रमण गरेको छु । नेपालका मै हुँ भन्ने धर्मगुरूहरूलाई शास्त्रीय ज्ञान छ तर आत्मतत्वको बोध, तत्वज्ञान अथवा आत्मसाक्षात्कारको बोध वा स्वरूप ज्ञान चाँहि, प्राक्टिस ज्ञान चाँहि छैन जस्तो देख्छु । म चाँहि ध्यान गरेर आत्मज्ञान बुझेको, आत्मज्ञानको ज्ञाताको रूपमा आफू रहेको जानकारी गराउँदछु । शास्त्रको अनुशीलनबाट हुने आत्मतत्वको वास्तविक बोध मैले गरेको छु । मानव जीवनमा चाहिने आत्मज्ञान बुझ्न ध्यान आवश्यक छ ।

**आत्मतत्वको वास्तविक बोध गरेपछि के कुरा थाहा पाइदो रैछ नि ?**

लौकिक वा पारलौकिक विषयको जानकारी पर्याप्त मात्रामा थाहा हुन्छ यदि तपाइले आत्मतत्वको वास्तविक बोध गर्नु भयो भने । बस् । यत्ति हो । तपाई यो कुरालाई यसरी पनि बुझ्न सक्नुहुन्छ- ज्ञानेन्द्रियबाट प्राप्त अनुभव या बोध भनेकै ज्ञान हो । ज्ञान भएपछि संसारमा बुझ्नु पर्ने कुरा अरू केही बाँकी रहँदैन । त्यसैले सबै मान्छे ज्ञानी-ध्यानी बनुन् । मेरो अनुरोध यत्ति हो ।

**श्रीगण्डकी कोटिहोममा सहभागी भएर यताउता सबैतिर माहोल बुझ्दा र यो भव्य जनसहभागिता देख्दा कस्तो लागिरहेको छ डा.सा'ब ?**

राज्य सिंगो लाग्दा पनि गर्न नसक्ने यति ठुलो भव्य कार्यक्रम एक्कल युवा सन्त बालयोगेश्वर विजयश्री कृष्णमूर्ति जी महाराजले जो आँट गरेर सभ्यभव्य रूपले आयोजना गरिरहनु धेरै ठुलो महान् कार्य हो र पोखरा तथा गण्डकी क्षेत्रका एवं देशैभरका भक्तजनहरूको व्यापक सहभागिता हुनु बडो हर्षको कुरा हो । देवी प्रतिभाजी, सुप्रिया किशोरीजी, कान्छी भागवत प्रवक्ता अनुराधा पाण्डेय, पं. दीनवन्धु पोखेल, पं. अमृतशरण देवाचार्यजी लगायतका कथा प्रवक्ताहरूको उपस्थिति भैसकेपछि पोखरालाई आम सनातनीहरूले चिन्ने मौका पाए । गुल्मीको धुर्कोटमा जन्मिएका एक युवाले काठमाडौँको पशुपतिनाथ क्षेत्र र यो पोखराको बिरौटामा यत्रो विशाल कोटिहोम लगाउनु धेरै ठुलो धार्मिक सेवाको काम हो । भगवान्‌ले खटाएरै यत्रो ठुलो धार्मिक कार्य सम्भव भैरहेको छ भन्ने मेरो बुझाई छ । व्रतबन्ध, चौरासी पूजा, सन्त मिलन-सम्मेलन, लोक दोहोरी भजन प्रतियोगिता र वक्तृत्वकला, कथा, प्रवचन, रूद्री पाठपरायण, महायज्ञ, कोटिहोम सबै धार्मिक अनुष्ठान यहाँ भैरहेकाले यो भव्य कार्यक्रममा भाग लिन आउनु हुन ॐकार परिवारका सबै धर्मावलम्बीहरूलाई हार्दिक अनुरोध गर्दछु ।

**मुलुकको नेतृत्व हाक्ने नेता र माननीयहरूलाई श्री गण्डकी कोटिहोममा भागलिन आउदै गर्नुहुन तपाई कसरी आग्रह गर्नुहुन्छ ?**

मैले यो अग्निचक्र मासिकको ३ वटै अंकहरू जो कोटिहोम विशेषाङ्कको रूपमा प्रकाशित भएको रहेछ, सबैको पेज पल्टाउदै गर्दा प्रधानमन्त्री, मुख्यमन्त्री, सभामुख, माननीयहरू, वडा अध्यक्षहरू, उद्योगी, व्यवसायी, समाजसेवी, आमा समूह, बुद्धिजीवी, साहित्यकार, किसान, मजदुर सबैको शुभकामना कोटिहोमले प्राप्त गरेको कुरा अग्निचक्रमा छापिएको देख्दा र भव्य सहभागिता हेर्दा-देख्दा कोटिहोम सफल भैसकेको मैले महसुस गरेको हुँदा आउनबाँकी सबैजना आउनुहोस् भन्दै निम्ता भन्छु । जय श्री गण्डकी कोटिहोम !! धन्यवाद ॥००

# नेपालको सन्दर्भमा सबैभन्दा ठुलो कुरा धर्म नै रहेछ, कोटिहोमले सबै नागरिकलाई देशभक्तिको महत्त्व र महिमाको ज्ञान दिइरहेको छ : *ऋषि धमला*

**प्राइम टाइम्स् टेलिभिजनका संस्थापक-अध्यक्ष ऋषि दाइ ! तपाईसंग पोखरा-कोटिहोम स्थलमा भेट भो, कस्तो लागिरहेको छ ?**

लक्ष्मीनारायण जी ! मलाई बहुत खुसी लागेको छ । आजको दिन म आफूलाई एक भाग्यमानी सनातनी रहेछु भन्ने आभास पूर्णमात्रामा भैरहेको, ज्ञान पाइरहेको जस्तो भैरहेछ । राष्ट्र शान्ति तथा विश्वकल्याण सँगै यो सुन्दर नगर पोखरालाई मुक्तिद्वारको रूपमा प्रचार गर्दै गण्डकी प्रदेशका धार्मिक तीर्थस्थल एवं पुरातात्विक सम्पदाहरूलाई विश्वभर चिनाउने श्री गण्डकी कोटिहोमको अभिलक्ष्य देख्दा र सुन्दा एवं यहाँ बिरौटामा प्रत्यक्ष अनुभव गर्दा बडो हर्ष महसुस गरेको छु भाइ । महायज्ञ संकल्पकर्ता विजय कृष्णमूर्ति जीको समाजसेवी उद्देश्य देखेर छक्क परेको छु । गण्डकी प्रदेशका अनाथ, विपन्न बालबालिकाहरू तथा असहाय ज्येष्ठ नागरिकहरूको पालन तथा संरक्षण गर्ने परोपकारी उद्देश्य लिनु भएको हुँदा संकल्पकर्ता महाराजजीलाई मेरो नमन छ, जय होस् भन्न चाहन्छु । जय श्री गण्डकी कोटिहोम !!

**तपाईले आज मञ्चबाट बोल्दै गर्दा धर्म ठुलो रहेछ भन्नु भो नि ! किन ?**

कुरा यसो हो लक्ष्मी भाइ ! नेपालको सन्दर्भमा सबैभन्दा ठुलो कुरा धर्म नै रहेछ भन्ने कुरा आज कोटिहोमको माहोल देख्दा मैले महसुस गरेको छु । सबै कुरा शब्दमा भन्न गाह्रो हुने रहेछ । ॐकार परिवारको एकता, उपस्थिति, भाइचारा, आपसी सद्भाव, सहयोग, मिलन, दान, अनुष्ठान् सबैथोक देख्दा कोटिहोमले सबै नागरिकलाई देशभक्तिको महत्त्व र महिमाको ज्ञान दिइरहेको मैले देखें । मानसिक शान्ति र सकारात्मक उर्जाका लागि सयौंको संख्यामा मन्त्रोच्चारण गरेको हवनले पक्कै पनि आम जनसागरलाई सकारात्मक उर्जा प्रवाह गरिरहेको र मानसिक शान्ति तथा आध्यात्मिक प्रगतिका लागि ज्ञान प्राप्त भैरहेको मलाई अनुभूत भो । दीनबन्धुजीलाई धन्यवाद ।

**विजयश्री कृष्णमूर्तिजीलाई देखेर तपाईले म पनि केही गर्छु, भन्नुस् है भनेको सुनियो ! के हो प्रष्ट कुरा चाहिँ ?**

अनाथ बालबालिका, असहाय ज्येष्ठ नागरिकहरूको पालन र संरक्षण गरिरहनु भएका श्री मानव सेवा फाउण्डेसनका संस्थापक-संचालकको समाजसेवी भावना, आँट, साहस, धैर्यता र मानवसेवी उहाँको सामाजिक कार्यको मैले तारिफ गरेको छु । मेरो सहयोग के चाहिन्छ भन्नुस्- म पनि तयार छु भनेको हुँ । उहाँहरूको माग अनुसारको मैले दिनसक्ने सहयोग गर्न म तयार छु भनेको हुँ । विजय कृष्णमूर्तिजीको समाजसेवामा मैले इट्टा थप्न खोजेको हो भनेर बुझ्दा राम्रो ।



**तपाई र म रिपोर्टर्स क्लबमा १५ वर्ष अगाडि देखि नै भेटघाट गरिरहन्थ्यौं नि ! तपाईलाई धर्म र अध्यात्म बारे धेरै कुरा थाहा थियो नि दाइ ! आज अलिकति ज्ञान कसरी पस्कनु हुन्छ ?**

हो लक्ष्मी भाइ ! पक्कै पनि म ती दिनहरू सम्झन्छु । तपाईले पनि "अग्निचक्र राष्ट्रिय मासिक" को कभर पेजमा गीता सार छापेको र मेरो रेडियो कार्यक्रमको प्रचार अग्निचक्रले गरिदिएको कुरा आज पनि सम्झना छ मलाई । तपाईले फ्रेममा हालेर मलाई दिएको अग्निचक्रको सौजन्य-भगवान् श्रीकृष्णको गीता-सार आज पनि मसँग काठमाडौंमा अफिसको भित्तामा टाँगेको छु । त्यो हेर्यो कि मन फ्रेस हुन्छ । हाम्रा पुराणहरूले भनेका छन् कि, यज्ञबाट छोरा चाहने व्यक्तिलाई छोरा प्राप्त हुन्छ । धन चाहनेलाई धन । विवाहको चाहना राख्नेलाई सुन्दर पत्नी र कन्याले सुन्दर पतिदेव एवं धन-सम्पत्तिको चाहना राख्ने व्यक्तिले समृद्धि प्राप्त गर्छ र कुनै स्वार्थ विना यज्ञ गर्नाले ईश्वर प्राप्त हुन्छ भन्ने कुरा हाम्रा शास्त्रमा पाइन्छ । हवन, यज्ञ, महायज्ञ र कोटिहोम गर्नाले देवता, ऋषिमुनि र मान्छेले आ-आफ्नो स्वभाव अनुसार लाभ प्राप्त गर्दछन् । यो कुरामा म पूर्ण रूपमा विश्वस्त छु । वेद, पुराणका कुरा धेरै नै छन् तर मैले चाहिँ दैनिक रूपमा तपाईले मलाई वर्षौं अगाडि दिनु भएको गीता-सारको फ्रेम हेर्दै सबै जिज्ञासाको उत्तर त्यहीं भेट्छु, धन्यवाद लक्ष्मी भाइ ! जय होस् ! जय श्री गण्डकी कोटिहोम ! विजयश्री कृष्णमूर्ति जी महाराजको जय होस् । जय नेपाल ॥००

कोटिहोम / महिमा / गण्डकी / आलेख

# गण्डकी दिग्दर्शन



■ पं. वेदप्रसाद पन्थ

श्री-गण्डकी-कोटिहोमको-शुभकामना

बृहत् नेपालको धार्मिक इतिहासमाथि खोज/अन्वेषण गर्ने सन्दर्भमा हामीले लामो समयदेखि कालीगण्डकीको अध्ययन गर्न थालेका हौं । संसार मै उत्तम नदी काली (कृष्णा) गण्डकी हो । यस नदीमा शालग्रामचक्र उत्पत्ति भइरहने हुँदा यसको जल निकै पवित्र मानिन्छ । यस कृष्णागण्डकीले संसारकै गहिरो गल्छी बनाएकोले पनि विश्वमा चर्चित छ । यस नदीलाई विष्णुनदी, मुक्तिनदी, चक्रनदी एवं शालग्रामगर्भा आदि नामले पुकारिन्छ । विशेषतः कालीगण्डकीदेखि पूर्व त्रिशूली (शिवनदी) सम्मको सप्तगण्डकी प्रस्रवण क्षेत्रलाई पौराणिक ग्रन्थहरूले संसारमै सर्वोत्तम पवित्र एवं धार्मिक क्षेत्र हो भनेर मानेका छन् । त्यसमा पनि सत्य, त्रेता, द्वापर र कलि चारै युगमा शालग्राम चक्रशिला उत्पन्न भइरहने हुँदा कृष्णागण्डकीको प्रस्रवण क्षेत्रलाई बढी उत्तम र पवित्र मानिँदै आएको छ ।

यहाँ पौराणिक चारधामसहित अन्य महत्त्वपूर्ण तीर्थहरू छन्, यस्ता महान् तीर्थहरू भएको गण्डकीको बारेमा काशिराम सूरीले लेख्नुभएको छ –

तथैव सर्वतीर्थानां महात्म्यं विस्तराद् बुधैः ।

कृतमस्ति न गण्डक्याः प्रसिद्धायाः सदा तदा ॥ (ग.म..२३)

अर्थात् विद्वान् लेखकहरूले यस पृथ्वीमा रहेका सबै तीर्थहरूको जति वर्णन गरेका छन्, त्यति कलियुगको निम्ति अति उत्तम मानिने यस गण्डकीका तीर्थहरूको वर्णन गरेका छैनन्, भन्दै उहाँले गण्डकी महात्म्य लेख्नुभएको छ । हामीले अहिले आएर सामान्य लेखपढ गर्न जान्ने नेपालीले पनि गण्डकीको महत्त्व बुझ्न सकून् भनी सरल नेपाली भाषामा विभिन्न पौराणिक ग्रन्थमा लेखिएका प्रमाणहरू समेत उल्लेख गरी यो ऐतिहासिक लेख तयार गरेका छौं ।

सर्वप्रथम देवीभागवत्को कथन –

कले पञ्च सहस्रेच गते वर्षे तु मोक्षणम् ।
युष्माकं सरितां चैव मद्गेहे चागमिष्यथ ॥ देवी भागवत् अ.७ श्लोक २१)

भगवान् विष्णुले पाँचहजार वर्ष कलि बितेपछि विश्वका सबै तीर्थहरू यही आर्यावर्त क्षेत्रमा प्रादुर्भाव भएकी कालीकै प्रस्रवण क्षेत्रमा आएर रहने छन् भन्नुभएकोले सबै तीर्थहरू यहीँ आएर रहेका छन् भन्ने विश्वास गर्न सकिन्छ । त्यसैगरी यहीँबाट ब्रह्माजीको निर्देशन अनुसार वैवस्वत मनुले सृष्टि प्रारम्भ गरेका थिए भने वैदिक सनातन धर्म, संस्कार, संस्कृति र सभ्यताको विकास पनि यहीँबाट गण्डकी नदीहरूको उत्पत्तिसँगै भएको हो । अतः आज पनि यही गण्डकी प्रस्रवण क्षेत्र कै नागरिकहरू वैदिक सनातन धर्म, संस्कार, संस्कृति र सभ्यताको संरक्षण गर्न लागिपरेका छन् ।

यो नेपाल भूमि स्थावर र जङ्गमादिको उत्पत्ति स्थिति र लय प्रारम्भ भएको प्रथम भूमि हो । त्यति मात्र नभएर भगवान् विष्णु पनि सगुण साकार रूपमा यहीं नेपाल भूमि मै ९ पटकसम्म अवतरित भइसक्नुभएको छ । ती मध्ये अधिकांश अवतार यही गण्डकी प्रस्रवण क्षेत्रमा भएको पाइएको छ भने बाँकी अरू अवतार पनि नेपालकै विभिन्न स्थानमा भएका हुन् भन्ने प्रमाण पुराणहरूले दिएका छन् । यतिमात्र होइन यही भूमिमा भगवान् का चौबीस अवतारभित्र गणना गरिने सबै महर्षि र महापुरुषहरूको जन्म भएको कुरा पनि बताएका छन् ।

कसै कसैले पुराण भनेको सुन्ने कुरा हो भनेको पनि सुनिन्छ तर पुराण भनेका पहिले भएका सबै कुराको यथार्थ इतिहास बताउने र भविष्यमा हुने कुराको पनि विज्ञानसम्मत तरिकाले भविष्यवाणी गर्ने महान् ग्रन्थहरू हुन् भने महर्षिहरूले नेपालकै विभिन्न धाममा तपोरत भई ज्ञान प्राप्त गरेर पछि तयार गरेका सम्पूर्ण धार्मिकग्रन्थहरू हाम्रो देशका सुन्दर अलङ्कार पनि हुन् । यस्ता ग्रन्थहरूको बारेमा नबुझिकन बोल्नु सर्वथा ठीक होइन, अल्पज्ञानले पुराण भित्रको महनीयता र गाम्भिर्यताको बोध गर्न सकिने विषय पनि होइन । अतः पहिले पौराणिक ग्रन्थको अनुशीलन गर्नुपर्छ । अतिप्राचीन ग्रन्थहरूलाई हलुका दृष्टिले हेर्नुअघि त्यसभित्रको महत्ता बुझ्न सक्नुपर्छ । यस्तो हैसियत राख्नेलाई नै त्यसप्रति टीका टीप्पणी गर्ने अधिकार हुन्छ र सुहाउँछ पनि ।

नेपालको गण्डकी प्रस्रवण क्षेत्र अत्यन्त पवित्र भएकोले नै आफू सदा सर्वदा निर्विकार निर्विकल्प भइरहने

निराकार निर्गुण परब्रह्मा परमात्माले पृथ्वीको उद्धार गर्न अर्थात् दुराचारीहरूलाई दमन गरी सदाचारीको संरक्षण गर्नको लागि सगुण साकार रूपमा अवतरण हुने गरेका कुराहरू हाम्रा वेदादि धर्म ग्रन्थहरूमा उल्लेख गरिएको छ । पृथ्वीको सर्वोत्तम पवित्र क्षेत्र कालीगण्डकी प्रस्रवण क्षेत्र भएकोले नै गण्डकीको शिर मुक्तिनाथधाममा सृष्टिकै प्रारम्भमा ब्रह्माजीले योगयज्ञ गर्न थालेपछि भगवान् शिव अग्निरूपमा र भगवान् विष्णु जलरूपमा यहीं प्रकट भई यज्ञ सम्पन्न भएको थियो ।

यस सम्बन्धमा स्कन्दपुराण लेख्छ –
मुक्तिभूभृन्मध्यभागे धात्रा तप्तं पुरा मुने ।
समाबाऊ जले वहिनं हुतवाँस्तत्र हव्यकम् ॥
(स्कन्द अ.५६/३)

अर्थात् स्कन्द भन्नुहुन्छ – हे मुनि ! अघि मुक्ति नामक हिमालय पर्वतको काखमा ब्रह्माले तपस्या (योगयज्ञ) गर्दा त्यहीँ उहाँले अग्निको आवाहन गरेर हवन गर्नुभएको थियो । यद्यपि पानी र अग्निको भित्रभित्रै परस्पर वैरभाव छ, तापनि तिनीहरू त्यहाँ एउटै शरीर जस्तै भएर बसेका छन् । यसरी ब्रह्मा, विष्णु र महेश्वर एकै स्थानमा जम्मा भएर यज्ञ सम्पन्न भएपछि यहीँबाट ब्रह्माले सृष्टि गर्ने, विष्णुले पालन गर्ने र शिवले रौद्र रूप लिएर संहार गर्ने काम प्रारम्भ गर्नुभएको थियो । भगवान्को यो कार्य महाप्रलय नहुँदासम्म निरन्तर चलि नै रहन्छ र प्रलयपछि पनि सृष्टिको क्रम पुनः यसरी नै अगाडि बढ्दै जान्छ । तर कतिपय समयमा दुराचारीले सदाचारीलाई दुख दिएर सृष्टि नै खल्बलिने अवस्था आउन थाल्यो भने भगवान्ले सगुण साकाररूप लिएर दुराचारीलाई दमन र सदाचारीहरूको संरक्षण गर्दै आउनुभएको कुरा पुराणहरू र महाभारत समेतमा उल्लेख गरेको पाइन्छ ।

पुराणहरूलाई हामीले सिधा तरिकाले जसरी पढ्दै र बुझ्दै आएका छौँ, अब त्यसरी नभै शब्द शब्दलाई केलाएर बुझ्न थाल्यौं भने हामी विश्वस्त हुन सक्ने छौँ, किन कि ? श्रीमद्भागवत्मै उल्लेख छ– संसारका तीर्थहरूमा भगवान् अवतरण भएको स्थान नै सर्वोत्तम तीर्थ हुन्छ । अतः यहाँ पुराण र उपपुराणहरू समेतको अध्ययनबाट यी निम्न अति प्रबल एवं सम्भावित स्थानहरूको नाम उल्लेख गरिएको छ, तापनि सबै स्थानको अझ बढी भ्रमण र अध्ययन गरेर कतिपय अस्पष्ट अवतार भूमिलाई अझ प्रमाणहरू सहित उल्लेख गर्ने हाम्रो प्रयास जारी छ ।

नेपालका सपुत अनुसन्धाता विद्वत्वर्गलाई पनि अब पुराणहरू पढ्दा र तीर्थ जानेक्रममा पनि भगवान् अवतरित भएका स्थानहरूको यथार्थता पत्ता लगाउनको लागि हामीसँगै हातेमालो गर्नुहुन सादर अनुरोध गर्दछौं ।

पौराणिक इतिहास अनुसार हामीले अनुसन्धान गर्दै जाँदा अहिलेसम्म भगवान् अवतरित भएका स्थानहरू निम्नानुसार रहेको उल्लेख गरेका छौं ।

१) काठमाडौं अधित्यका जलमग्न भएकै अवस्थामा अर्थात् सृष्टिको प्रथमचरणमा हाल चन्द्रागिरी नगरपालिका अन्तर्गत मत्स्यगाउँमा मत्स्य अवतार भएको थियो ।

२) पाल्पाको तानसेन न.पा. वा.नं. १४ अन्तर्गत रहेको और्वाश्रमदेखि तल कालीगण्डकीको गाईघाट पुण्यक्षेत्र जहाँ कूर्म नदीको सङ्गमस्थल छ, त्यहीँ कूर्म अवतार भएको थियो ।

३) कोशी किनार वराह क्षेत्र चतराधाममा भगवान्ले वराह अवतार लिई पृथ्वीको उद्धार गर्नुभएको थियो ।

४) कालीकै किनार पर्वत जिल्लाको सदरमुकाम कुष्मादेखि तल कृष्णागण्डकी किनारमा नृसिंहघाट छ जसलाई नृसिंहधाम पनि भनिन्छ, त्यहीँ नृसिंह अवतार भएको थियो ।

५) बझाङ् जिल्लामा पहिलेको झिलमिल ताल नजिकै सिंहपुर नामक स्थान छ । त्यहीं वामन भगवान् अवतरित हुनुभएको हो । वामन भगवान्ले यही झिलमिल तालमा स्नान गर्ने गरेको हुँदा तालको नाम परिवर्तन भएर त्यो ताल वामनी भएको छ, त्यही तालदेखि बगेको पानीबाट बनेको नदीलाई पनि वामनी नै भनिन्छ ।

६) यसैगरी परशुरामको अवतार डडेलधुरा जिल्लाको परशुराम न.पा.अन्तर्गत महाकाली नदी-किनारमा रहेको परिगाउँमा भएको हो भन्ने कुरा त्यहाँका संरचनाले नै बताउँछन् । त्यहाँका संचनाहरू– परशुराम कुण्ड, परशुरामको पुरानो सानो शालिक, वर्तमानमा निर्मित विशाल शालिक, परशुराम आश्रम, परशुरामको प्राचीन सानो मन्दिर र वर्तमानमा निर्मित ठूलो मन्दिरसँगै

उनकी आमा रेणुकाको भव्यमूर्ति र जमदग्निको सानो मूर्तिसहितको मन्दिरसमेत यहाँ निर्माण भएका छन् ।

७) भगवान्‌को राम अवतार चितवन जिल्लाको अयोध्या न.पा. अन्तर्गत अयोध्यापुरीमा भएको हो ।

८) कृष्ण (दामोदर)को अवतार दामोदर हिमालको काख दामोदरकुण्ड क्षेत्रमा भएको हो । भगवान् कृष्णको अवतरण भूमि भएकोले नै हिमालको नाम दामोदर र श्रीकृष्णले स्नान गर्ने गरेको तालको नाम पनि दामोदरकुण्ड भएको कुरा स्पष्ट छ । कृष्णका सबै लीला र कथाहरू श्रीमद्भागवत्‌महापुराणमै पढ्न सकिन्छ ।

९) बौद्धावतार लुम्बिनीमा भएको सर्वविदितै छ । चक्रतीर्थ मथुरा दामोदरकुण्ड क्षेत्र नै हो । यस कुरालाई वराहपुराणमा राम्रोसँग वर्णन गरेको छ तापनि यहाँ भने उदाहरणको लागि दुईटा श्लोक मात्र दिइएको छ । यस सम्बन्धमा लोमहर्षण महर्षिले विशेष घटनाक्रमको एकप्रसङ्गमा दामोदर कुण्डसँगै कृष्णगङ्गाको महत्त्व बताउँदै भन्नुभएको छ–

मथुरायां च तीर्थेभ्यो विश्रान्तौ चक्रसंज्ञके ।
सरस्वत्यामसिकुण्डे तथा कालिञ्जरस्य च ॥
पञ्चतीर्थाभिषेकाच्च यत्फलं लभते नरः ।
कृष्णगङ्गा दशगुणं लभते तु दिने दिने ॥
(व.पु.अ.१७४/५८, ५९)

अर्थात् चक्रसंज्ञक मथुरा (दामोदरकुण्ड), विश्रान्ति, सरस्वती, कालिञ्जर र असिकुण्डतीर्थ यी पञ्चतीर्थमा स्नान गर्नाले जुनफल मिल्छ त्यो भन्दा दशगुणा अधिक फल कृष्णगङ्गामा दिनदिनै स्नान गर्नाले मिल्छ भनिएको छ । (द्रष्टव्यः उक्त पाँचवटा तीर्थहरू मुस्ताङ, म्याग्दी र पर्वत जिल्लामा पर्दछन्, शालग्राम चक्रसँग सम्बन्धित तीर्थहरू नेपाल बाहेक संसारका कुनैपनि देशमा छैनन्)

(द्रष्टव्यः– उक्त भगवान् अवतरित भएका स्थानहरूका विषयमा भगवान्‌का अवतारअनुसार लेखिएका सबै पुराणहरू पढी तीर्थ गरेर अनुसन्धान गर्दै जाँदा मैले यी कुरा लेखेको छु । यी कुराको पूर्ण विश्वासको लागि अवतारअनुसारका सबै पुराणहरू शब्दशब्द केलाई अनुशीलन गर्नुहुन सबै विद्वान्‌हरूलाई म हार्दिक अनुरोध गर्दछु)

भगवान् अवतरित हुनको लागि पवित्र स्थान हुनुपर्ने र त्यस्तो स्थान गण्डकी प्रस्रवण क्षेत्रबाहेक अन्त कतै नभएको हुनाले भगवान्‌का सबै अवतार यहीँ भएका हुन् भनेर सप्रमाण उल्लेख गर्नसकिन्छ । इतिहासमा संसारका अधिकांश साना ठुला सबै मुलुकहरू अरूको गुलामी सहेर सयकडौं वर्ष बिताएको भए तापनि भगवान्‌कै शक्तिका कारण नेपालले आजसम्म त्यो कष्ट भोग्नुपरेको छैन । अहिले आएर भने केही दलाल नेताका कारण देशले दुःख पाइरहेको छ । हिजो श्री ५ पृथ्वीनारायण शाह, भीमसेन थापा, अमरसिंह थापा, वीर बलभद्र कुँवर र बहादुर शाह जस्ता छोरा जन्माएकी नेपाल आमाले आज पनि केही सच्चा सन्तति जन्माइसकेकी छन् ।

यस्तै स्कन्दपुराण–नेपाल–महात्म्यमा भनिएको छ–

त्रैलोक्यानां गरिष्टोयं नेपाल इति सर्वतः ।
तस्माच्चैव गरिष्ठञ्च महती गण्डकीस्थलम् ॥
(स्कन्द.ने.म.५९)

तिनै लोकमा गरिमामय पवित्रभूमि नेपाल हो भन्ने कुरा प्राकृतिक बनावट र सबै शास्त्रहरूको वर्णनअनुसार पनि निर्धक्क भएर भन्न सकिन्छ । यसमा पनि अति पुण्यमय स्थल कृष्णागण्डकी प्रस्रवण क्षेत्र हो भनिएको छ । यसैगरी सृष्टिको प्रथमभूमि आर्यावर्तभूमि हो भने यो आर्यावर्तभूमिको मूलस्थान पनि नेपाल नै हो । जस्तै श्रीमद्भागवत्‌मा उल्लेख गरिएको छ– आर्यावर्त पुण्यभुमिर्मध्यविन्ध्य हिमालयौ । अर्थात् विन्ध्याचल पर्वत र हिमालय पर्वतका बीचमा रहेको नेपालको पुण्यभूमि नै आर्यावर्त क्षेत्र हो भने राजा भरतको जन्म, कर्म र तपोभूमि पनि नेपालै भएकोले भारतवर्षको मूलक्षेत्र पनि यही नेपालकै गण्डकी प्रस्रवण क्षेत्र हो । हिन्दुस्थानले आफ्नो देशको नाम भारत राख्नु पनि बलमिचाई मात्र हो भन्दा फरक पर्दैन । किन कि ? भारत शब्दको विस्तृत अर्थ– भाः प्रतिभा, प्रकाश वा सरस्वती (विद्या) भन्ने हुन्छ । रतको अर्थ– विद्याको निरन्तर अभ्यास गर्न व्यस्त हुनु हो । विद्यामा हमेसा रत भइरहने धेरै महर्षिहरूको जन्म, कर्म र तपोभूमि पनि यही नेपाल नै हो र सम्पूर्ण शास्त्रहरू– वेद, पुराण, महाकाव्य, दर्शन र व्याकरणशास्त्र समेतको सृजना र व्याख्या पनि यही नेपालको पवित्रभूमि गण्डकी प्रस्रवण क्षेत्रमा बसेर उनीहरूले नै गरेको हुँदा प्राचीन कालमा यो भारत नाम त तिनै महर्षिहरूको लागि प्रयोगमा आएको थियो ।

यही नेपालमै राजा भरतको जन्म, कर्म र तपोभूमि पनि भएको हुँदा उनको नामबाट नामाङ्कन गर्ने अधिकार पनि नेपाललाई नै थियो र छ । (यो कुरा श्रीमद् भागवत् महापुराण पञ्चमस्कन्द अध्याय ६ देखि १५ सम्म उल्लेख भएको राजा भरत, जडभरत र राजा रहुगणको कथाबाट स्पष्ट हन्छ) ।

पाँच हजार कलियुग बितेपछि संसारका सबै तीर्थ गण्डकी प्रस्रवण क्षेत्रमा आएर स्थिर हुनेछन् भन्दै स्कन्दपुराण हि.ख.अन्तर्गत गण्डकी महात्म्यमा लेखिएको छ–

यावन्ति भुवि तीर्थानि ह्यासमुद्रं सरांसि च ।
क्षेत्रेऽस्मिन् तानि तीर्थानि चागमिष्यन्ति मत्कृते ॥
(स्कन्द प.क.६)

अर्थात् भगवान् विष्णु भन्नुहुन्छ– पृथ्वी लोकमा नदीहरूदेखि लिएर समुद्रसम्म जति तीर्थहरू छन्, ती सबै मेलै सत्ययुगदेखि निवास गर्दै आएको यही चक्रतीर्थमा आएर बस्ने छन् ।

फेरि अगाडि भन्नुभएको छ–

यावन्ति भ्रममाणस्य पदानि ननु सुन्दरि ।
तावद्वर्ष सहस्राणि ब्रह्मालोके महीयते ॥
(व.पु.अ.१४५/४४)

अर्थात् भगवान् विष्णुले लक्ष्मीजीलाई भन्नुहुन्छ, हे सुन्दरी ! यस चक्रतीर्थमा भ्रमण गर्न आउने मानिस जति पाइला हिड्छ, त्यत्ति हजार वर्षसम्म ब्रह्मालोकको सुखभोगमा रम्न पाउँछ । विष्णुको यस्तो कथन भएको हुनाले नै विश्वका सबै तीर्थहरू यही कालीगण्डकीको प्रस्रवण क्षेत्रमा आएर स्थिर भएका छन् भन्ने विश्वास गर्न सकिन्छ ।

यस्तै वराहपुराणले लेखेको छ–

पृथिव्यां यानि तीर्थानि आसमुद्रं सरांसि च ।
मथुरायां गमिष्यन्ति सुप्ते चैव जनार्दने ॥
(व.पु.अ.१५०/१९)

अर्थात् यस पृथिवीमा समुद्रदेखि लिएर तलाउ र पृथिवी समेतमा जति तीर्थहरू रहेका छन् । सबै युगमा हरि भगवान् शयन गर्नुहुने असारे ठूली एकादशीदेखि कार्तिक ठूली एकादशीसम्मको (चतुर्मासा) चार महिनासम्म संसारका ती सबै तीर्थहरू भगवान् कृष्ण अवतरित हुनुभएको मथुरा (दामोदर कुण्ड) मा गएर रहनेछन् भनेको छ भने देवीभागवत्मा उल्लेख भएअनुसार ५००० वर्ष कलियुग बितेपछि संसारका सबै तीर्थहरू कालीगण्डकी प्रस्रवण क्षेत्रमा आएर स्थिर हुन्छन् भनेको हुनाले अब तीर्थ गर्न चाहनेहरूको लागि अहिले कलियुग ५१२४ वर्ष बितिसकेकोले यो शालग्राम क्षेत्रभन्दा अरू तीर्थहरूमा गरिने सबै पुण्यकर्म फलदायी हुँदैनन् ।

यो व्यक्त संसार अव्यक्तको गर्भमा लीन भएपछि कालस्वरूप भगवान्लाई पुनः सृष्टिको चाहना भयो र सर्वप्रथम जलको सृष्टि गर्नुभयो भन्ने कुरा मत्स्यपुराणमा उल्लेख गरेको छ । जलमा शेषनागमाथि शयन गर्नुहुने भगवान्को इच्छानुसार प्रकृतिबाट जगत्को सृष्टि भएको कुरा धेरै पुराणमा वर्णन गरिएको छ । पौराणिक कथनअनुसार सृष्टिको प्रथम र महत्त्वपूर्ण वस्तु जल नै भएको र यसको ऊर्जाबाट सम्पूर्ण जगत्प्रपञ्च फैलिइरहेको कुरा स्पष्ट हुन्छ । जलको आयतन क्षेत्र नै पृथ्वीमा सबभन्दा बढी छ । आजका भूगर्भशास्त्रीहरू पनि यस पृथ्वीलाई पानीमाथि अडिएको डुङ्गा झैं मान्दछन् ।

सुरू सुरूमा पृथ्वी जलमा नै बगिरहेको र कूर्मरूपी जनार्दनले आफ्नो पिठ्यूमा अड्याएर स्थिर गराएको अवस्थामा भगवान्ले नै शेषरूप धारण गरेर रक्षा गरेको कुरा कालिकापुराण (२७/१०–३०)मा उल्लेख गरेको छ । जलले नै सम्पूर्ण प्राणीहरूलाई उत्पत्ति, स्थिति र प्रलय कालसम्म अमृतको रूपमा जीवन प्रदान गरिरहेको हुन्छ । त्यसैले सृष्टिमा जललाई अति उत्तम मानिएको छ ।

जस्तैः सुभाषित रत्नभण्डागारमा भनिएको छ–

पृथिव्यां त्रीणि रत्नानि जलमन्नं सुभाषितम् ।
मूढैः पाषाणखण्डेषु रत्नसंज्ञां विधीयते ॥

अर्थात् पृथ्वीमा सुभाषित वचन, अन्न र जल यी तीनलाई अमृत भनेर विशेष रूपले मानिन्छ । मूर्खहरूले भने ढुङ्गामा रत्न खोज्ने गर्छन् । यसरी यही महत्त्वपूर्ण जलराशिद्वारा यो भूमण्डल परिवेष्टित छ । सबैभन्दा ठूलो वस्तु पनि जलराशि समुद्र नै हो । यो सात भागमा विभक्त छ । त्यसैले पृथ्वीमा सात समुद्रहरू छन् । श्रीमद् भागवत्महापुराणको पञ्चमस्कन्दमा उल्लेख भएअनुसार प्रियव्रत राजाले रथमा बसेर सातपटक पृथ्वीको परिक्रमा

गर्दा रथको पाङ्ग्राले बनाइएका सात खाडल नै पृथ्वीमा सात समुद्र भएका हुन् भनिएको छ । ती समुद्रहरू हुन्- क्षारोद, इक्षुरसोद, सुरोद, घृतोद, क्षीरोद, दधिमण्डोद र शुद्धोद । तर यी समुद्रहरूको जलपान गर्नलायक भने छैन । यी समुद्रमा मिसिने नदीहरूको जल भने प्यूँन लायक मानिन्छ । अहिले समय परिवर्तनसँगै यी समुद्रहरूको नाम पनि परिवर्तन भएको छ ।

प्रायशः आर्यावर्तभूमि नेपालका नदीहरूको जल पवित्र एवं शुद्ध भएको र तिनका सम्पूर्ण स्थानमा रहेका विभिन्न तीर्थलाई पवित्र मानेर धार्मिक पर्वहरूमा स्नान, देवदर्शन र पितृतर्पणको लागि मानिसहरूको भीड लाग्नेगर्छ । त्यसैमा पनि सप्तगण्डकीका पौराणिक सन्दर्भहरू अत्यन्त मननीय तथा मुक्तिदायक छन् । तिनमा पनि कृष्णागण्डकीको मुहानलाई सर्वोत्तम मुक्तिक्षेत्र मानिन्छ । संसारका जति तीर्थ घुमे पनि अन्तमा मुक्ति प्राप्त गर्नको लागि मुक्तिनाथ धाम जानुपर्छ भनिएको छ । किनकि यहाँ भगवान् मुक्तिनाथ मुक्तिदाताको रूपमा विराजमान हुनुहुन्छ । यहींबाट संसारकै पवित्र शालग्राम चक्रनदी कृष्णागण्डकी प्रादुर्भाव भएर बगेकी छन् । मुक्तिनाथ धामदेखि विष्णुको गण्डस्थलबाट उत्पत्ति भएर बग्दै आएकी गण्डकी नदीमा भगवान् कृष्ण अवतरित भएको क्षेत्र दामोदरकुण्डदेखि बग्दै आएकी काकनदीसँग कागबेनीमा मिलेपछि कृष्णागण्डकी नामकरण भएको हो ।

यो कृष्णागण्डकी नदीहरूमा रानी नदी हो । त्यसैले यस नदीको नाम पुराणहरूमा कहीं भागीरथी, कहीं यमुना, कहीं शालग्रामगर्भा कहीं गङ्गा कहीं कृष्णागण्डकी भनेर उल्लेख गरेको पाइन्छ । यस नदीमा स्नान गरेर जल आचमन गरेपछि विष्णुलोक प्राप्त हुन्छ भन्दै स्कन्दपुराणमा लेखिएको छ–

शालग्रामशिलातोयं यः पिवेत् विष्णु सन्निधौ ।
सर्वपाप विनिर्मुक्तो विष्णुसायुज्यमाप्नुयात् ॥

शालग्राम (विष्णु) शिलामा सबै प्रकारको शक्ति रहने हुनाले जस्ले यस काली नदीको जुनसुकै स्थानमा गएर स्नान गरी शालग्राम शिलाको पूजा गरेर शिलाको जल आचमन गर्नेगर्छ, त्यसले सबै प्रकारका पापबाट मुक्त भएर विष्णुसायुज्य प्राप्त गर्दछ ।

अतः वर्तमान समयमा काली र सप्तगण्डकी प्रस्रवणक्षेत्रमै गएर तीर्थ सेवन गर्ने गरौं ।

*(लेखक पन्थ विश्व विराट् ज्ञान आश्रम, काठमाडौंका संस्थापक अध्यक्ष हुन्)*

**ऐतिहासिक श्रीगण्डकी शत (सय) कुण्डीय गायत्री कोटिहोम विराट् ज्ञान महायज्ञ २०८२ को पावन अवसरमा आयोजित वृहत रक्तदान कार्यक्रममा यहाँलाई हार्दिक स्वागत गर्दछौं।**

## रक्तदान सम्बन्धि जानकारी तथा भनाईहरूः

- रक्तदान जीवनदान ।
- तपाईको थोपा थोपा रगतले कसैको जिन्दगी फिर्ता आउन सक्छ ।
- पैसाले जीवन नबचाउँन सक्ला, हजुरको रक्तदानले अवश्य बचाउनेछ ।
- एक थोपा रक्तदानले खुशीको सागर बगाउन सक्छ ।
- आकस्मिक अवस्थामा रगत अभावले ज्यान जान सक्छ, रक्तदानले त्यो जोगाउँछ।
- रक्तदान सबैभन्दा ठूलो परोपकार र पुण्यको काम हो।
- रक्तदान गर्दा दातालाई पनि स्वास्थ्य लाभ हुन्छ, शरीर स्वस्थ रहन्छ।
- रक्तदानले शरीरमा नयाँ रक्तकोशिका बन्ने प्रक्रियालाई तीव्र बनाउँछ।
- रक्तदानले समाजमा मानवता र सहकार्यको भावना बढाउँछ।
- रक्तदान गर्नाले आवश्यक परेको बेला सजिलै रगत पाउन सकिन्छ।
- नेपालमा प्रत्येक वर्ष लाखौं युनिट रगतको आवश्यकता हुने गर्दछ।
- रक्तदानले विभिन्न दुर्घटना, शल्यक्रिया, प्रसूति आदिमा ज्यान बचाउँछ।
- रक्तदान गर्नु भनेको आफू र अरू दुवैको जीवन सुरक्षित गर्नु हो।
- रक्तदान गर्दा तपाईले कुनै आर्थिक खर्च गर्नु पर्दैन, तर अमूल्य जीवन बचाउन सक्नुहुन्छ।
- रक्तदान गर्दा कुनै दीर्घकालीन असर हुँदैन, बरू स्वास्थ्य लाभ हुन्छ।
- रक्तदानले हरेक व्यक्तिलाई सामाजिक जिम्मेवारीको अनुभूति गराउँछ।
- रक्तदानले समाजमा 'म एक जिम्मेवार नागरिक हुँ' भन्ने सन्देश दिन्छ।
- रक्तदानले दुर्घटनाग्रस्त, क्यान्सर, थालासिमिया र सर्जरी भएका बिरामीलाई जीवन दिनुका साथै हजारौंको जीवन बचाउने क्षमता राख्दछ ।
- रक्तदान गरौं, जीवन बचाऔं, समाजमा सकारात्मक परिवर्तन ल्याऔं।

**- बालयोगेश्वर विजयश्री कृष्णमूर्ति जी महाराज**

## ॐकार परिवारको दीर्घकालीन उद्देश्य साकार पार्न गण्डकी कोटिहोमले एक दिव्यास्त्रको काम गरिरहेको छ : *सोनाम सि स्याङ्तान*, महासचिव, नेपाल समाजवादी पार्टी (नयाँ शक्ति)

**श्री गण्डकी कोटिहोम भैरहेको छ, तपाईंको धारणा यस विषयमा के छ ?**

म नेपालको संविधानलाई पूर्णत : पालना गर्दै आएको छु । यो देशको वर्तमान संविधानले धर्म-संस्कृतिको संरक्षण गरेको हुँदा सनातन धर्मसंग सम्बन्धित हरेक प्रकारका धार्मिक गतिविधिहरूको हामीले सम्मान गर्नुपर्दछ भन्ने लाग्छ मलाई । नेपाल भ्रमण वर्ष, नेपाली नयाँ वर्ष तथा पर्यटन भ्रमण वर्षको पावन अवसरमा राष्ट्र शान्ति, विश्वकल्याण एवं आम नेपालीको सुख, शान्ति तथा समृद्धिको कामना गर्दै ऐतिहासिक श्री गण्डकी शत कुण्डीय गायत्री कोटिहोम विराट् ज्ञान महायज्ञ २०८२ अहिले धुमधामसंग पोखरा -१७, बिरौटामा भैरहेकाले यस सुखद अवसरमा म हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु । यस्ता धार्मिक क्रियाकलापहरू भैरह्यो भने ॐकार परिवारको दीर्घकालीन उद्देश्य साकार पार्न गण्डकी कोटिहोमले एक दिव्यास्त्रको काम गर्ने कुरा पक्का पक्की छ । त्यसले दिव्यास्त्रको काम गरिरहेको यो श्री गण्डकी कोटिहोमको पूर्ण सफलताको कामना गर्दछु ।

**ऐतिहासिक कोटिहोमका विशेष कार्यक्रम विवरण देख्दा एवं व्यापक प्रचार देख्दैगर्दा तपाईंका मनमा कस्तो भाव प्रकट भो ?**

श्री गण्डकी कोटिहोम महायज्ञका महत्त्वपूर्ण दिनाङ्कहरू र केही विशेष कार्यक्रम विवरणहरू हेर्दा मेरो मन खुसीले गद्गद् भएको छ । शास्त्रीय पद्धति अपनाएर गरिएको ऐतिहासिक कोटिहोम महायज्ञ साच्चिकै ऐतिहासिक रहेछ भन्ने लागिरहेको छ । मानिसहरूको चरित्र बदल्ने, मानवलाई समाजसेवी मानव बनाउन सिकाउने तथा श्री राम कथा, हनुमान कथा, भागवत कथा, देवी भागवत कथा, शिव कथा, झाँकी, देवलीला, गीत, संगीत र नृत्यको माध्यमबाट मान्छेलाई ज्ञान प्रदान गरिरहेको हुँदा श्री गण्डकी कोटिहोमले ज्ञानी बन्न सबैलाई सिकाइरहेको छ ।

**पोखरा पर्यटन भ्रमण वर्ष सन् २०२५ भनेर पोखरालाई घोषणा गरेपछि श्री गण्डकी कोटिहोमले तयारी थालेर पोखरालाई समृद्ध बनाउने काममा कोटिहोमले महत्त्वपूर्ण भूमिका खेलेको छ भनेर आम भक्तजनले भनेको सुन्दा यो कुरा तपाईंलाई कस्तो लाग्छ ?**



राम्रो लाग्छ । खुसी लाग्छ । पोखरा भ्रमण वर्ष सन् २०२५ लाई सफल पार्नकै लागि यो ऐतिहासिक श्री गण्डकी कोटिहोम भएको हो भन्ने कुरामा कुनै दुईमत छैन । धर्म-संस्कृति र आध्यात्मिक जागरणको महामिलन हुने स्थान अहिले श्री गण्डकी शत कुण्डीय गायत्री कोटिहोम विराट् ज्ञान महायज्ञ पोखरा-१७, बिरौटामा भइरहेको छ भन्ने हाम्रो बुझाई छ । सद्ज्ञानकी अधिष्ठात्री देवी गायत्री तथा सत्कर्मका पिता यज्ञ हुन् भन्ने मैले सुनेको छु । यही ज्ञान र सत्कर्मलाई एकै ठाउँमा समन्जस्य गराउँदै यज्ञशिरोमणि बालयोगेश्वर विजयश्री कृष्णमूर्ति जी महाराजको सत्संकल्पमा श्री गण्डकी कोटिहोम पोखरामा भैरहेकाले यो कोटिहोमले समग्र पोखरालाई समृद्ध बनाउन महत्त्वपूर्ण भूमिका खेलिरहेको छ भन्ने मलाई लाग्छ ।

**धर्म मान्नेहरू अनेकथरीका मान्छे देख्दा र श्री गण्डकी कोटिहोमको रौनकता देख्दा फरक के-के देख्नु भो ?**

अरू धर्मावलम्बीहरूको कार्यक्रम हेर्दा श्री गण्डकी कोटिहोमको जत्तिको उपस्थिति एक छेउ पनि देखिएको छैन । वैदिक सनातन हिन्दुहरूको जस्तो भव्य कार्यक्रम अन्त देख्न पाईंदैन । कोटिहोम गर्नाले विभिन्न देवता, ऋषि, प्राणी र समस्त मानवहरूले आ-आफ्नो स्वभाव अनुसार लाभ प्राप्त गरेको कुरा इतिहासमा पाइन्छ । पोखरामा भैरहेको कोटिहोम महायज्ञमा सय वटा हवनकुण्ड बनाएर एक करोड गायत्री मन्त्रद्वारा हवन भैरहेकाले कैयौं लाभ हुनेछ । अहिले वातावरण शुद्ध भएर दैनिकरूपमा पोखरामा वर्षा भैरहेको कारण कोटिहोम नै हो भन्ने मेरो बुझाई छ । मानसिक शान्ति र सकारात्मक उर्जा र ज्ञानका लागि महायज्ञ आवश्यक रहेछ । नेपाल आमाको जय होस् । बुद्धम् शरणम् गच्छामि । धन्यवाद ॥००

## अहिलेको पिंढीलाई नैतिक चरित्र, वैदिक सभ्यता र धार्मिक नैतिकताको ज्ञानको शिक्षा श्रीगण्डकी कोटिहोमले दिइरहेको छ : *पूर्णकुमार गुरुङ*, वडा अध्यक्ष, *पोखरा महानगरपालिका २७ नम्बर वडा कार्यालय*




अहिलेको युवा-युवतीहरू मोबाइल फोन, इन्टरनेट र युरोपेली स्टाइलमा रमाइरहेको देख्दा मलाई धेरै खुशी लागेको छ । कमसेकम उनीहरूले कोटिहोम कार्यक्रममा भाग लिएपछि नैतिक चरित्रको शिक्षा पाइरहेका छन् । यो राम्रो कुरा हो । वैदिक सभ्यता र धार्मिक नैतिकता एवं ज्ञानको शिक्षा श्रीगण्डकी कोटिहोमले दिइरहेको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्यातिप्राप्त कलाकारहरूले गीत, संगीत, भजन, झाँकी, देवलीला र नृत्य पनि कोटिहोममा प्रस्तुत गरेको देखेपछि युवापिंढीहरूको आइरो नै कोटिहोममा लागेको देखिएको छ । यो पनि सुखद कुरा हो । कथा-प्रवचनको माध्यमबाट प्रसिद्ध कथावाचक, वाचिकाहरूले विशेष शास्त्रीय प्रवचन गरेको सुने-देखेपछि खुबै प्रशस्त ज्ञान हासिल धेरैले गरे भन्ने मलाई लागेको छ । त्यसैले म श्रीगण्डकी कोटिहोमको शुभकामना व्यक्त गर्दछु ।

हामी नेपालीहरूको वैदिक पौराणिक समाज कस्तो थियो ? भारतवर्षमा कस्ता राजाहरूले शासन गरेका थिए ? संस्कृति के कस्तो थियो र आजको अवस्था के छ ? धार्मिक नैतिकताको शिक्षा बोध कसरी गर्ने ? वैदिक तथा पौराणिक धर्म, साहित्य र अध्यात्मलाई कसरी बुझ्ने ? अहिलेको समयमा महाभारतकालीन कथा सुनेपछि के ज्ञान सिक्न सकिन्छ ? राम भगवान् र हनुमान् बारे कथा सुनेपछि वर्तमान समाजमा कसरी अनुशासनमा बाँधिएर बस्नु पर्छ त ! इत्यादि सबै प्रश्नहरूको जवाफ कथा प्रवचनको माध्यमबाट श्रीगण्डकी कोटिहोम परिसरमा बसेर सुनेर ज्ञानी बन्न पाइने भएकाले पोखराको बिरौटामा जनलहरको घुइचो लाग्नु स्वाभाविकै हो । यसलोक र परलोकमा सुखी हुने तरिका पनि सिकिने भएकाले सबैजना कोटिहोममा जाऔं र पुण्य कमाऔं भन्दै पुनः शुभकामना र धन्यवाद दिन्छु । जय होस् ॥००


।। एक युगमा एक पटक ।। ऐतिहासिक ।। इतिहासमै पहिलो पटक ।।

श्रीगण्डकी शत (सय) कुण्डीय

गायत्री कोटिहोम विराट् ज्ञान महायज्ञ -२०८२

स्याङ्जा जिल्ला अर्जुनचौपारी गाउँपालिकामा रहेको नेपालकै पहिलो नवग्रह मन्दिरको निशान प्रतिमा आम भक्तसज्जनज्यूहरुलाई दर्शनार्थ यहाँ स्थापित गरिएको छ ।





## बिरौटाको कोटिहोमले भातृत्त्व, आपसी मेलमिलाप र सामाजिक सह-अस्तित्वको भावना जागृत गराउने ज्ञान दिइरहेको छ : *बोध बहादुर कार्की*, वडाअध्यक्ष

पोखरा महानगरपालिका
१४ नं. वडा कार्यालय



पोखरा भ्रमण वर्ष सन् २०२५, नेपाली नयाँ वर्ष २०८२ र श्रीगण्डकी कोटिहोम २०८२ को पावन अवसरमा सबैमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु । कोटिहोमका सम्पूर्ण कार्यक्रममा भएका कथा प्रवचनले धेरै ज्ञानको शिक्षा दिएको छ । ऐतिहासिक पात्र र घटनाका कथाले जीवनमा धेरै ज्ञान दिएको पाइयो । रामले दरबार छोडेको पाँच रात पाँचवर्ष जस्तो भइसकेको भन्दै कौशल्याले विलाप गरिन् । दशरथ व्युँझेपछि कौशल्या पुनः विलाप गर्न थालिन् । सारथि सुमन्त्रले सम्झाउने प्रयत्न गरे तर केही लागेन । राम, सीता र लक्ष्मणले अनावश्यक रूपमा पाएको दुःखको वर्णन गर्दै कौशल्याले दशरथलाई व्यङ्ग्य गरिन् । रघुकुल नरेश दशरथलाई सबैले सारै दयालु, उदार र मिठो बोल्ने भन्दछन् । तर, जसरी सुकुमारी सीता, राम र लक्ष्मणले वनमा दुःख पाएका छन् त्यो थाहा पाएपछि के भन्लान् ? कौशल्याले आफ्नो मन पनि ढुङ्गाकै रहेछ भन्दै विलाप गरिन् । सिंहजस्ता बलिया रामले पनि आफ्नै पिताद्वारा अन्याय सहनुपऱ्यो ।

माछोको बचेरोलाई आफ्नै बाबुले खाएको जस्तै भयो । कौशल्याले यसरी विभिन्न उदाहरण दिएर छाती पिटी पिटी रुँदै दशरथलाई घोचपेच गरिन् । यस्ता कठोर शब्दहरू सुनेर दशरथ हे राम ! भन्दै मूर्च्छा परे । होस आएपछि दशरथले कौशल्यालाई आफूले धेरै वर्ष पहिले अज्जानमा चलाएको शब्दभेदी वाणबारे विस्तारपूर्वक बताए । यस्ता कथाहरू संगीतमय प्रवचन, भजनका साथमा सुन्न पाएका सबै भक्तजनहरूले श्रीगण्डकी कोटिहोमको जयजयकार गरेको देख्दा पोखराको मुहार नै फेरिए झैं लाग्यो मलाई ।

गण्डकी प्रदेश सरकारले लिएको आत्म निर्भर र समुन्नत प्रदेश : सुखी प्रदेशवासीको संकल्प पूरा गर्ने मार्गमा श्रीगण्डकी कोटिहोमले एक प्रमुख भूमिका खेलिरहेको महसुस गरियो । बिरौटाको कोटिहोमले भातृत्त्व, प्रेम, आपसी मेलमिलाप र सामाजिक सह-अस्तित्वको भावना जागृत गराउने ज्ञान र शिक्षा दिइरहेको देखेका भक्तजनहरूले महायज्ञ संकल्पकर्ता महाराज विजयश्री कृष्णमूर्ति जीको जयहोस् भनिरहेका थिए । गण्डकी कोटिहोममा सबैलाई उपस्थित हुन आग्रह गर्दै भन्न चाहन्छु– जय श्री–गण्डकी–कोटिहोम ॥००


।। एक युगमा एक पटक ।। ऐतिहासिक ।। इतिहासमै पहिलो पटक ।।

श्रीगण्डकी शत (सय) कुण्डीय

गायत्री कोटिहोम विराट् ज्ञान महायज्ञ - २०८२

वृहत रक्तदान कार्यक्रम

प्राविधिक सहयोग:
नेपाल रेडक्रस सोसाइटी, कास्की
प्रादेशिक रक्त सञ्चार सेवा, पोखरा ।

आयोजक:
श्री मानव सेवा फाउण्डेसन, नेपाल (पोखरा, कास्की)
एवं
सनातन धर्मानुयायी हजुरहरू र हामी सबै

■ ठाकुर शर्मा भण्डारी



# कालीगण्डकी महिमा

आध्यात्मिक दृष्टिले संसारको छानाको रूपमा रहेको नेपाल प्राकृतिक सौन्दर्यले परिपूर्ण भूमि हो । यहाँका प्रत्येक स्थल पवित्र छन्, महनीय छन्, ऐतिहासिक कथा बोकेका छन् । सर्वोच्च शिखर सगरमाथाको देश मात्र नभई शिवपार्वतीको क्रिडास्थल पनि हो । परापूर्वकालदेखि ऋषिमुनिहरूको वासस्थलको रूपमा रहेको नेपाल भूमिको वर्तमान समयको नामकरण पनि 'ने' मुनिसँग नै गाँसिन पुगेको छ । अद्यापि वैदिकधर्म र बुद्धधर्म मान्नेहरूको वासस्थलको रूपमा विश्व प्रसिद्ध रहेको छ । नेपाललाई मन्दिरै मन्दिरको देश भनेर चिन्दछन् पर्यटकहरू ।

नेपालमा हिमाली शृङ्खलाको सबभन्दा उँचो शिखरबाट सर्वप्रथम सूर्यले आफ्ना प्रभाती किरण फैलाउँछन् भने विश्व विख्यात कृष्णागण्डकी यस्ती नदी हुन् जहाँ स्वयं गण्डकीले शालिग्राम कुँद्दछिन् (शालिग्रामको रूपमा विष्णुको पूजा हुन्छ) । संसारमा शालिग्राम पाइने ठाउँ कृष्णागण्डकीमा मात्र हो अन्यत्र कतै पाइँदैन । पावनी नदीलाई श्रीकृष्णागण्डकी, कालीगण्डकी शालिग्रामनदी, कृष्णगङ्गा, शालग्रामोदरानदी, चक्रनदी आदि अनेक नामबाट पुकारिन्छ । श्रीकृष्णागण्डकीको असाधारण महिमा गान जगद्‌गुरू श्री शङ्कराचार्यले गाउनुभएको छ र भन्नुभएको छ ।

अहो देवि ! धन्यासी वैकुण्ठनाथस्त्वदन्तर्गतो यच्छिलाचक्ररूपः
शिलाचक्ररूपो मुरारिर्हि साक्षान्न वा तत्र कार्या नृभिर्ग्रावबुद्धिः ।
तदन्या सुधन्याधुनी कास्ति पुण्या विनाविष्णुपादोद्‌भवां जह्नुकन्याम्
उभे पुण्यतोये तटिन्यौ हि धन्ये शुभा गण्डकी वैष्णवी चापि गङ्गा ।
रवीन्दुग्रहे त्वं कुरूक्षेत्रपुण्या सदा माघमासे प्रयागेण तुल्या
पितृ श्राद्धकाले गया पुण्यदात्री मृतौ काशिका मुक्तिदासि प्रसिद्धाः ।

अर्थात् :- हे देवि ! भगवान् विष्णु तपाईको जलभित्र शिला (ढुङ्गा) भएर बस्नुभएको छ । शिलारूप स्वयम् विष्णु स्वरूप हो, कसैले ढुङ्गाको रूपमा नदेखून् । विष्णुको चरणकमलबाट निस्केकी गङ्गाबाहेक तपाईको बराबरी गर्ने कोही छैनन् । साक्षात् विष्णुबाट प्रादुर्भूत श्रीगण्डकी र गङ्गा नै उत्तम नदी हुन् । सूर्य र चन्द्र ग्रहणमा तपाईं कुरूक्षेत्र भैं पवित्र क्षेत्र हुनुहुन्छ । माघ महिनामा प्रयाग बराबर हुनुहुन्छ । पितृहरूको श्राद्धकालमा गया भैं तपाईं पितृहरूको उद्धारक हुनुहुन्छ । मृत्युको समयलाई काशीको भैं मुक्ति दिनुहुन्छ ।

कालीगण्डकी र रूरूनदको सङ्गमस्थलमा मरणोपरान्त अस्थि विर्सजन गर्ने परम्परा अद्यापि छ र स्वदेशी मात्र होइनन् विदेश (भारत) बाट समेत अस्थि ल्याई विसर्जन गरेर आत्माको चिरशान्तिको कामना गर्ने सनातन धर्मसंग सम्बद्ध रूरूक्षेत्रको महत्ता बताउने शास्त्रीय मान्यता यस्तो छ :–

ऋणानां सहजातानां त्रयाणां मार्जनादिकम्
ऋणीति नाम तटिनी प्रतीच्या आगता खलु ।
हिमालयादुत्तरतः शालग्रामोदरा नदी
वहन्ती हन्ति पापानि जन्तूनामिह मज्जताम् ।
उभयोः सङ्गमे वेण्यां हृषीकेश इति प्रभुः
कलौ मुक्तिप्रदानाय राजते ध्यायतां सताम् ।

अर्थात् – मानिस जन्मँदाखेरि नै तीन ऋण (देव, पितृ र ऋषि) लिएर यस संसारमा आउँछ, त्यसलाई हटाइदिने हुनाले ऋणी नाम भएकी नदी पश्चिम दिशातर्फबाट आएकी छिन् । उत्तरदिशा हिमालयदेखि शालिग्रामी कृष्णागण्डकी (कालीगण्डकी) बग्दै आएकी छिन् । यी दुवैको सङ्गम (वेणी) मा स्नान गर्नेहरूको पाप पखालिदिन्छिन् र मानिस ती ऋणबाट मुक्त हुन्छ । दुवै नदीहरूको सङ्गममा ध्यान शील मानिसहरूका लागि कलियुगमा मोक्ष दिनका लागि भगवान् हृषीकेश प्रकट हुनुभएको छ । यही पापमोचिनी संसारमा भएका तीन ऋणबाट मुक्त गर्ने नदीको सङ्गम स्थल 'ऋणी' शब्दको अपभ्रंश स्वरूप 'रिडी' हुन गएको हो । यी दुई नदीको सङ्गम भएको ठाउँमा रूरू (मृग) कन्याको तपस्याबाट भगवान् हृषीकेश प्रकट हुनुभयो, यही कारण यो क्षेत्र लोकमा प्रसिद्ध हुन गयो । शास्त्रोक्त धार्मिक महत्त्वलाई हेरेर कतिपय मानिसहरू काशीजस्ता तीर्थस्थलमा कल्पवासको लागि जानु सट्टा यही रूरूक्षेत्रमा कल्पवास बसी जीवनयापन गर्ने चलन पनि रहेको पाइन्छ । गण्डकीको शिर मुक्तिक्षेत्र हो, रूरूक्षेत्र हृदय हो र

हरिहरक्षेत्र पाउ हो भन्ने शास्त्रको वचनानुसार यसको महत्त्व प्रत्येक वर्षमा रहेको कुरा सर्व विदितै छ । वराहपुराणमा लेखिएको छ :-

कार्तिक सकलं मासं यः स्नास्यति नरः प्रभो !
सर्वपापविनिर्मुक्तो मुक्तिभागी न संशयः ।

अर्थात्- कार्तिक महिनाभरि जसले गण्डकीमा नुहाउँछ, सबै पाप नष्ट भएर मोक्ष प्राप्त गर्दछ । यसमा कुनै शङ्का छैन, तसर्थ नेपालको रुरुक्षेत्र महत्त्वपूर्ण क्षेत्र भएको हुनाले पर्यटकीय दृष्टिकोणबाट यसको संरक्षण गर्नु जरुरी छ । यसतर्फ सबैको (सम्बन्धित निकायको) ध्यान जानु आजको आवश्यकता हो ।

नेपाल सांस्कृतिक सम्पदाले भरिपूर्ण देश हो । विश्वले नेपाललाई सांस्कृतिक हिसाबले अत्यन्त उच्च स्थान दिएको छ । विश्वव्यापी रूपमा नै शिष्टता एवं महत्ताको रूपमा रहेका काठमाडौं उपत्यकाका पशुपति र चाँगुनारायणका दुई मन्दिर, स्वयम्भू र बौद्धका दुई स्तूप, काठमाडौंको हनुमान ढोका स्क्वायर, पाटन दरबार, भक्तपुर दरबार गरी ७ स्मारक एवं विश्वकै आदरणीय स्थल ज्योतिस्वरूप भगवान् बुद्धको जन्मस्थल लुम्बिनीलाई विश्व-सम्पदा सूचीमा समावेश गरिएबाट नै यसको महिमा र गरिमा स्पष्ट देखिन्छ । नेपालका अन्य महत्त्वपूर्ण स्थलहरू मुक्तिक्षेत्र, वाराहक्षेत्र, रुरुक्षेत्र, स्वर्गद्वारी, खप्तडलेक, जनकपुरधाम आदि क्षेत्रहरू पनि विश्व सम्पदामै पर्ने खालका रहेका छन् । राष्ट्रिय, अन्तर्राष्ट्रिय महत्त्वका यी स्थलहरूले नेपाललाई उच्च स्थानमा राखेका छन् र विश्वका अनगिन्ती व्यक्तिहरू नेपाल आउन लालायित रहन्छन् । यी मानव जातिकै अमूल्य निधि हुन् ।

वर्तमान समयमा विश्वको कुनै कुनामा भएको महत्त्वपूर्ण वस्तु आफ्नै रत्न हो, त्यसको जगेर्ना मानवजातिकै परम कर्तव्य हो भन्ने धारणाको विकास भएको छ । नेपालका विशिष्ट प्रतिभाहरूले सिर्जना गरेका कलाकृतिहरूले विश्वका हरेक कुनामा स्थान पाएका छन् । यो मानवजातिकै लागि गौरवको विषय पनि हो । नेपालको सुन्दरतालाई अवलोकन गर्दा मनमा अनेक किसिमका भावना जागृत हुन्छन् :

बिहानी घामको झुल्का पर्दा प्रथम पाइला
चाँदी झैं उत्तरी भाग देखिन्छ विधिको कला ।
घाम अस्ताउने बेला स्वर्णिम युक्त टाकुरा
देखिँदा स्वर्ग झैं लाग्छ नाच्दछिन् स्वर्ग-अप्सरा ।

कतै कञ्चनजङ्घा छ अन्नपूर्णा सुखाकृति
शिखर देख्छु सर्वोच्च यही संसारको गति ।
गौरीशङ्करको आभा गणेश-जुगलै यहीँ
धौलागिरि प्रभा छर्छन्, लोभ्याउँछन् सधैंभरि ।

माछापुच्छ्रे यहीँ हाँस्छ सबैको मन हर्दछ
वातावरणको शोभा देखाई रूप फेर्दछ ।
फेवाको रूप देखेर मन्त्रमुग्ध गराउँछ
बेगनास र रूपा होस् तिलिचो मन चोर्दछ ।

गोसाईंकुण्ड होस् चाहे त्यो मुक्तिक्षेत्रको स्थल
रुरु, वराहक्षेत्रादि ज्ञान देखिन्छ झलमल ।
चाहे खप्तडको क्षेत्र चाहे चितौनको वन
स्वर्गद्वारी र रेसुङ्गा सबैले हर्दछन् मन ।

पोखरा-काठमाडौंको प्रकृति रम्य देख्दछु
जता हेर्‍यो उतै राम्रो भावना बुद्ध भेट्दछु ।
कर्णाली, गण्डकी, कोशी बग्दछन् ती निरन्तर
अनेकौं ठाउँको त्यस्तै मन हर्छन् सुधाकर ।

लुम्बिनी क्षेत्र होस् चाहे जानकीधाम पूर्वको
तराई फाँट हुन् चाहे मूलमन्त्र सुधारको ।
द्यौराली अनि भञ्ज्याङ जता हेर्छु उतै म छु
संसारमा कतै हुन्न यस्तो प्रकृति सुन्दछु ।

दिनमा, रातमा राम्रै प्रकृतिको भएँ धनी
घाम उदाउँदा चाहे धाम अस्ताउँदा पनि ।
सृष्टिको पहिलो रूप यही हो मन भन्दछ
सजाऊँ अझ यो धर्ती भित्रको तम भाग्दछ ।

यो मेरो देश नेपाल हिमाली क्षेत्रको गरी
विश्वको शिर मानिन्छ सम्झिन्छु म सधैंभरि
यहाँको प्रकृति स्वच्छ-सभ्य-संस्कृति-भव्यता
बचोस् प्रकृति यो हाम्रो कालीगण्डकि सभ्यता ॥००

# कोटिहोमले पोखरेली नागरिकलाई दिएको अनुपम उपहार : *ई. विष्णु प्रसाद पौडेल*, धार्मिक तथा सामाजिक व्यक्तित्त्व एवं पर्यटन व्यवसायी, पोखरा



श्री–मानव–सेवा–फाउण्डेसन–नेपालले श्री–गण्डकी–कोटिहोम पोखरामा आयोजना गरेर हामी पोखरावासी जनताको लागि ठुलो गौरवमय इतिहास रचेको छ । यस महायज्ञ मार्फत उक्त कार्यक्रमले हामीलाई दिएको अनन्त उपहार भएतापनि केही मुख्य विषयहरू यहाँ लेख्न गैरहेको छु । हिन्दु धर्ममात्र नभै एउटा संस्कृति र जीवन-सभ्यताको विकास हो । यसलाई परिष्कृत गर्दै सामाजिक सद्भाव, समानता, भाइचारा, प्रेम, करूणा र मानव सेवा जस्ता कार्यलाई अगाडि बढाउने प्रेरणा दिएको छ । श्रद्धेय गुरूजन, आचार्य, मठाधीशज्यूहरूबाट हिन्दु धर्मग्रन्थ, पुराणहरूको कथा वाचन गरी त्यसको सार वर्तमान समयको सापेक्षमा र सान्दर्भिकता प्रष्ट्याउदै भक्तिपूर्ण गीत, भजन, नृत्यहरूको माध्यमबाट स्वस्थ मनोरंजन मात्र नभै आनन्दको अनुभूति गराउदै धार्मिकता तर्फ हामीलाई डोऱ्याउन मद्दत गरेको छ ।


मानव सेवा फाउण्डेसनले मामाघर अनाथालय आश्रम, छोरीको घर ज्येष्ठ नागरिक आश्रम जस्ता परोपकार र मानव-सेवामूलक आयोजना मार्फत हाम्रो समाजमा भएका अनाथ र असहाय बालबालिका र उपेक्षित वृद्ध आमाबुबाहरूलाई सम्मानपूर्ण र स्वस्थ जीवनयापन गर्ने मौका प्रदान गर्दै अतिपुण्य र प्रशंसनीय कार्यहरूबारे हामी पोखरेली नागरिकहरूलाई बढी चेतनशील बनाएको छ । सामुहिक व्रतवन्ध, चौरासी पूजा र हवन तथा यज्ञ जस्ता धार्मिक तथा सांस्कृतिक कार्यक्रमलाई भव्य र सभ्यरूपमा सरल र कम खर्चमा आयोजना गरी हाम्रो समाजप्रति विशेष सेवा पुऱ्याएको छ ।

ऐतिहासिक श्री गण्डकी शतकुण्डीय गायत्री कोटिहोम विराट् ज्ञान महायज्ञ २०८२ ले पोखराको समग्र वातावरणलाई शुद्ध र पवित्र (किटाणु रहित) बनाउनका साथै 'यज्ञले वृष्टि बर्सन्छ' भने जस्तै प्रकृति र मौसमलाई सन्तुलनमा राख्न ठुलो सहयोग पुऱ्याएको छ । पोखराको हाल सुस्ताउदै गरेको पर्यटन व्यवसायलाई यस बृहत् धार्मिक तथा सांस्कृतिक कार्यक्रमले कास्की जिल्ला, गण्डकी प्रदेश मात्र नभै यसका छिमेकी जिल्ला र प्रदेशबाट पनि भक्तजनहरूको उपस्थितिले यस पर्यटन व्यावसायलाई पनि धार्मिक पर्यटनको रूपमा गतिशील बनाएको छ । मलाई ई. विष्णु प्रसाद पौडेल भनेर साथीभाइले चिन्ने गरेता पनि म ओशो सन्यासी तथा साधक शिष्य हुँ । मेरो सन्यास नाम स्वामी आलोक विष्णु प्रसाद हो । सेवा निवृत्त सिभिल इन्जिनियर हुँ ।

आजकाल म रिटायर्ड जिन्दगीमा पर्यटन व्यवसायी भएर 'होटल ग्रेस'को संचालक हुँ भने धार्मिक र सामाजिक क्षेत्रमा पनि सक्रिय छु । राष्ट्रिय सम्पदा तथा जनाधिकार सुरक्षा समिति कास्कीको उपाध्यक्ष भएर सेवा गरिरहेको छु साथै नेपाल-भारत मैत्री संघ, गण्डकी प्रदेशको उपाध्यक्ष पनि भएर हाल निवर्तमान छु । ओशोधारा ध्यानकेन्द्र बिरौटामा साप्ताहिक रूपमा ध्यान साधनाको संचालन गर्दै आएको छु । ओशोको ध्यान साधक भएपछि यो कुरा भन्न चाहन्छु कि,- यो मानव जीवन पशु र परमात्मा बिचको कडी हो । तसर्थ, यसलाई पाशविक वृत्तिबाट माथि उकास्दै दैविय वृत्ति तर्फ परमात्मा तर्फको यात्रामा जीवनलाई अगाडि बढाउनु पर्छ । जीवनका हरेक क्षेत्रमा ध्यान र प्रेमको सुगन्ध भर्दै सदाचार, परोपकार, करूणा भाव, भित्र शान्ति र प्रेम एवं बाहिरी जगतमा सुख र समृद्धि बढाउन होसपूर्वक संयमित तथा साधनापूर्ण जीवन बिताउनुपर्दछ । परमात्मा र प्रकृति अर्धनारेश्वर जस्तै निराकार र साकारको खेललाई बुझ्ने अतर्दृष्टि ध्यान मार्ग र भक्तिमार्ग दुवैबाट पाइन्छ । जय होस् ॥००

# मानवसेवा, समाजसेवा, धर्म र परोपकारलाई आफ्नो जीवनको कर्तव्य ठान्ने यज्ञशिरोमणिज्यूको गण्डकी कोटिहोम साँच्चिकै ऐतिहासिक छ : *रामकाजी गुरुङ*, वडा अध्यक्ष

पोखरा महानगरपालिका
२३ नं. वडा कार्यालय




हामी नेपालीहरू एक अर्कासँग मिलेर बसेका छौं । विश्वभरकै सर्वेक्षण गर्ने हो भने पनि नेपाली जत्तिको सहनशील, धैर्य र धर्माति मान्छे अन्त कतै पाइँदैन । समस्त ॐकार परिवारको युगौंदेखि बसोबास रहेको नेपालमा षोडश संस्कारको चलन र परम्परा रहेको छ । नेपालीहरूको आ-आफ्नो जाति, भाषा, धर्म र संस्कृति रहेको छ । हाम्रा प्रत्येक संस्कारका आफ्नै वैज्ञानिक महत्त्व छन् । यसै अनुरूप पोखरा १७, बिरौटामा ऐतिहासिक श्रीगण्डकी शत (सय) कुण्डीय गायत्री कोटिहोम विराट् ज्ञान महायज्ञ-२०८२ जो भैरहेको छ, यसले नेपाली-नेपाली बिचमा एकढिक्का हुन सिकाइ रहेको महसुस मलाई भैरहेको छ । यस शुभ अवसरमा श्रीगण्डकी कोटिहोमको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

पोखरा महानगर भित्र र बाहिर, अझै भन्नुपर्दा सिंगै गण्डकी प्रदेश भित्र धेरै यस्ता ऐतिहासिक, पुरातात्विक, धार्मिक तीर्थस्थलहरू छन् कि– जसको वर्णन् पुराणहरूमा पनि गरिएको छ रे ! भनेको सुनेको छु । हाम्रो गण्डकी महिमा त कति रहेछ कति ! हामीहरू धेरै भाग्यमानी रहेछौं ! गण्डकीको महत्त्वको चर्चा भारतीय च्यानलमा पनि पो प्रसारण भएको दिखियो त ! हिमालयको न्याँनो आँगन र गण्डकी गंगाको सुस्केरा केवल भौतिक आकर्षण मात्र नभएर अध्यात्म र नेपाली धर्म-परम्परा, संस्कारको अद्वितीय संगम रहेको कुरा भारतमा पनि नेपालीहरूले बोलेको सुनेको छु । महायज्ञ संकल्पकर्ता महाराज जी पनि ठूलो समाजसेवी धार्मिक व्यक्तित्व हुनुहुँदो रहेछ । धर्म, समाजसेवा, परोपकार र मानव सेवालाई आफ्नो जीवनको कर्तव्य ठान्ने यज्ञ-शिरोमणि जीको भविष्य धेरै उज्ज्वल देख्छु । जय-श्री-गण्डकी कोटिहोम । सबैको जय होस् ॥००

# ऐतिहासिक श्रीगण्डकी कोटिहोम (पोखरा-१७, बिरौटा) का महायज्ञ संकल्पकर्ता बालयोगेश्वर *विजयश्री कृष्णमूर्ति जी* महाराजज्यूको संक्षिप्त परिचय



समाजसेवा, अध्यात्म र मानवताका क्षेत्रमा अपूर्व योगदान पुऱ्याउँदै आउनुभएका महान् व्यक्तित्व बालयोगेश्वर विजयश्री कृष्णमूर्ति जी महाराज एक अद्वितीय प्रेरणाका स्रोत हुनुहुन्छ । विगत १५ वर्ष भन्दा बढी समय देखि उहाँले नेपालमा समाजसेवा, धार्मिक चेतना जागरण, शिक्षा, स्वास्थ्य र परोपकारी कार्यमार्फत हजारौं मानिसहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउनु भएको छ ।

असहाय, बेसहारा र पीडित वर्गको सेवामा समर्पित बालयोगेश्वर विजयश्री कृष्णमूर्ति जी महाराजले समाजसेवामा समर्पित दर्जनौं सामाजिक संस्थाहरू संचालन गर्दै आउनुभएको छ । उहाँको अगुवाइमा सञ्चालित मानव सेवा फाउण्डेसन, नेपाल लगायतका संस्थाहरूले हजारौं विपन्न तथा असहाय व्यक्तिहरूलाई शिक्षा, स्वास्थ्य, खाद्य, आवास तथा आत्मनिर्भरताको अवसर प्रदान गरिरहेका छन् । उहाँको निष्ठा, लगनशीलता र सेवाभाव अद्वितीय छ । समाजको समुन्नतिका लागि उहाँले अनेक अग्रगामी कार्यहरू गर्नुभएको छ । सामुदायिक विद्यालय तथा शिक्षालयहरूको निर्माण, आश्रमहरूको व्यवस्थापन, धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण जस्ता क्षेत्रमा उहाँको अतुलनीय योगदान रहेको छ ।

नेपालभर आयोजना गरिएका आध्यात्मिक प्रवचन, धार्मिक अनुष्ठान तथा कोटिहोम महायज्ञहरूबाट संकलित दान-रकमबाट समाजसेवाका विभिन्न क्षेत्रमा योगदान दिँदै उहाँले हजारौं असहायहरूलाई जीवनको नयाँ किरण प्रदान गर्नुभएको छ । धर्म, संस्कृति र परोपकारी कार्यहरूको माध्यमबाट समाज रूपान्तरण गर्न सकिन्छ भन्ने दर्शनमा आधारित उहाँका गतिविधिहरू नेपालभर चर्चा एवं प्रशंसा योग्य छन् । उहाँ एक कुशल आध्यात्मिक मार्गदर्शक, प्रेरणादायी-वक्ता तथा मानव कल्याणका संरक्षक हुनुहुन्छ । उहाँका प्रवचनहरूले लाखौं मानिसलाई धर्म, नैतिकता, परोपकार तथा समाजसेवाको मार्गमा अघि बढ्न प्रेरित गरेका छन् ।

उहाँको अथक परिश्रम, त्याग र समर्पणका कारण नेपालका सीमान्तकृत तथा वञ्चित वर्गका व्यक्तिहरूले नयाँ जीवन पाएका छन् । समाजमा शान्ति, भाइचारा, धार्मिक सहिष्णुता तथा समानताको प्रवर्द्धन गर्न उहाँको भूमिकाले एक नयाँ युगको सूत्रपात गरेको छ । उहाँको योगदान इतिहासका पानाहरूमा सुनौलो अक्षरले लेखिन योग्य छन् ।

**बालयोगेश्वर विजयश्री कृष्णमूर्ति जी महाराजज्यूबाट समाजसेवामा समर्पित सामाजिक संस्थाहरूः**

१. श्री विजय कृष्णमूर्ति जी महाराज फाउण्डेसन, नेपाल (काठमाडौं)
२. श्री मानव सेवा फाउण्डेसन, नेपाल (काठमाडौं)
३. श्री मामाघर अनाथालय सपोर्ट एण्ड केयर सेन्टर, नेपाल (ललितपुर)
४. श्री छोरीको घर ज्येष्ठ नागरिक आश्रम (भक्तपुर)
५. श्री हिन्दु सेना, नेपाल (काठमाडौं)
६. श्री डोनेट फर नेपाल (काठमाडौं)
७. श्री मामाघर परोपकार तथा सेवा आश्रम (ललितपुर)
८. श्री माइतीघर ज्येष्ठ नागरिक स्याहार तथा संरक्षण केन्द्र, नेपाल (काठमाडौं)
९. श्री पञ्चकन्या धाम एवं गाईघाट क्षेत्र संरक्षण तथा विकास प्रतिष्ठान, नेपाल (तनहुँ)
१०. वैश्विक स्रस्टा सम्मान संस्था तथा राष्ट्र सेवा फाउण्डेसन, नेपाल (काठमाडौं)
११. स्वधर्म परिवार, नेपाल (काठमाडौं) ॥००

# श्रीगण्डकी कोटिहोम पोखराका महायज्ञ संकल्पकर्त्ता बालयोगेश्वर *विजयश्री कृष्णमूर्ति महाराज*-ज्यूद्वारा सञ्चालित केही संस्थाहरूको परिचयः

## १. श्री मानव सेवा फाउण्डेसन, नेपाल

नेपालको धार्मिक, सामाजिक र सांस्कृतिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको श्री मानव-सेवा-फाउन्डेसन, नेपाल एक गैरनाफामूलक सामाजिक संस्था हो । विगतदेखि नै यस संस्थाले विविध सेवा, सहयोग र परोपकारी कार्यमार्फत् समाजमा सकारात्मक परिवर्तन ल्याउन निरन्तर प्रयास गरिरहेको छ । देशका विभिन्न जिल्लाहरूमा गएर देशभरि नै समाजसेवा गर्ने यस संस्थाको मुख्य कार्यालय काठमाडौं महानगरपालिका वडा नं. १४, कलंकीमा अवस्थित छ भने शाखा कार्यालय पोखरा महानगरपालिका वडा नं. ०८, सिर्जनाचोकमा अवस्थित छ ।

समाजको दुःखमा मलम लगाउने सपना बोकेर समाजसेवा मै आफ्नो जीवन समर्पित गर्नुभएका बालयोगेश्वर विजयश्री कृष्णमूर्ति जी महाराज यस संस्थाका संस्थापक हुनुहुन्छ ।

सहारा बिहीन भएकै कारण कसैले बेसाहारा हुनु नपरोस्, कोही भोकै नबसोस्, कोही पनि शिक्षाको उज्यालोबाट वञ्चित नहोस्, अभिभावक बिहीन भएकै कारण कसैको वाल्यकाल नखोसियोस् र भविष्य निर्माणमा बाधा नपरोस् भन्ने महाराजश्रीको संकल्पले नै मानव सेवा फाउन्डेसन, नेपाल संस्था लगायत दर्जनौं सामाजिक कार्यमा आवद्ध संस्थाहरू स्थापना हुन पुगे ।

**धार्मिक, सांस्कृतिक तथा सामाजिक कार्यसँग सम्बन्धित यस संस्थाका उद्देश्य, गतिविधि र विशेषताहरु निम्नानुसार रहेका छन्ः**

### (क) उद्देश्यहरूः

» असहाय, बेसहारा, अशक्त र आर्थिक रूपमा कमजोर व्यक्तिहरूलाई खाद्य, वस्त्र, स्वास्थ्य र आश्रयको व्यवस्था गर्दै उनीहरूको जीवनमा नयाँ आशा र सहाराको अनुभूति गराउनु ।

» धार्मिक सहिष्णुता, शान्ति र भाइचारा प्रवर्द्धन गर्न पहल गर्नु ।

» समाजमा व्याप्त छुवाछुत, जातीय भेदभाव र असमानताका विरूद्ध जनचेतना फैलाउनु ।

» विपद् व्यवस्थापन तथा प्राकृतिक प्रकोपबाट प्रभावित समुदायलाई तत्काल राहत प्रदान गर्नु ।

» स्वास्थ्य, शिक्षा र रोजगारका अवसर सिर्जना गरी समुदायको जीवनस्तर उकास्नमा पहल गर्नु ।

» संस्कृति, परम्परा र धार्मिक सम्पदाको संरक्षण तथा प्रवर्द्धनमा सक्रिय सहभागिता जनाउनु ।

### (ख) गतिविधिहरूः

» *धार्मिक कार्यक्रमहरूः* कोटिहोम ज्ञान महायज्ञ र विभिन्न अनुष्ठान आयोजन गरी विश्वकल्याण, सुख, शान्ति एवं धार्मिक चेतना जागृत गर्दै संकलित सम्पूर्ण दान रकमबाट अनाथालय, वृद्धाश्रमलगायत समाजसेवाका अन्य कार्यहरूमा उपयोग गरिरहेको ।

» *सामाजिक सहयोग कार्यक्रमहरूः* अशक्त नागरिक, अविभावक विहीन बालबालिका, बेसहारा आमाबुबा र आर्थिक रूपमा कमजोर व्यक्तिहरूलाई सहयोग गरिरहेको ।

» *शिक्षा र स्वास्थ्य अभियानहरूः* विद्यालय निर्माण, छात्रवृत्ति प्रदान र निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिरहेको ।

» *सांस्कृतिक संरक्षणः* परम्परागत पर्वहरू मनाउन प्रोत्साहन गर्दै संस्कृति र मौलिकताको रक्षा गरिरहेको ।

» *दुःखमा परेका व्यक्तिहरूलाई राहतः* बाढी, पहिरो, आगलागी जस्ता प्राकृतिक प्रकोपमा परेकालाई आर्थिक, भौतिक र भावनात्मक सहयोग प्रदान गरिरहेको ।

» *पर्यावरण स्वच्छता महाअभियानः* विभिन्न सार्वजनिक स्थल, मठमन्दिर, नदी-नाला आदिको स्वच्छता कायम राख्न सयौं स्वयंसेवकहरूद्वारा बृहत् सरसफाई महाअभियान आयोजना गरिरहेको ।

(ग) विशेषताहरू:

» समाजमा शान्ति, एकता र भाइचारा स्थापित गर्दै समाजलाई समृद्ध बनाउनमा समर्पित यस संस्थाले सोही लक्ष्य प्राप्तिमा आधारित गतिविधिहरू गर्दै आएको ।
» राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सनातन धर्म, संस्कृति र परम्परालाई प्रवर्द्धन गर्ने लक्ष्यसहित विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको ।
» मनकारी, समाजसेवी र सहयोगी-दाताहरूको सहयोग र सहकार्यबाट संस्था अघि बढ्दै गरेको ।
» आफ्नो सत्प्रयास र निष्ठाका साथ समाजका हरेक तह र तप्कामा सकारात्मक प्रभाव पार्न सफल हुँदै आएको ।
» सामाजिक न्याय, समानता र परोपकारलाई जीवन्त राख्न एउटा उदाहरणीय भूमिका निर्वाह गरिरहेको ।
» स-साना प्रयासहरूले असहायहरूको आँखामा आशा भर्ने, प्यासीहरूको तिर्खा मेट्ने, भोकाहरूको पेट भर्ने र साहारा विहीनहरूको साहारा बन्ने कार्यमा मानव सेवा फाउण्डेसन, नेपाल सदैव समर्पित छ ।

## २. छोरीको घर ज्येष्ठ नागरिक आश्रम

गाँस, बास, कपास, गुणस्तरीय स्वास्थ्य र सुरक्षाबाट वञ्चित साहाराबिहीन ज्येष्ठ नागरिक आमाबुबाहरूलाई न्यानो आश्रय दिंदै आइरहेको छोरीको घर ज्येष्ठ नागरिक आश्रम समाजसेवामा समर्पित एक गैर-नाफामूलक सामाजिक संस्था हो । ज्येष्ठ नागरिकहरूलाई सुरक्षित र आत्मीय वातावरण प्रदान गर्ने उद्देश्यका साथ यस ज्येष्ठ नागरिक आश्रमको स्थापना गरिएको हो । हाल यस आश्रममा दर्जनौं आमाबुबा माया, हेरचाह र स्वास्थ्य उपचारका साथ स्नेहमैत्री वातावरणमा आश्रित हुनुहुन्छ । जीवनको उत्तरार्ध सुखमय होस् भनी पूजनीय अभिभावकहरूलाई सम्मानजनक र खुसीपूर्ण ढंगले जीवन बिताउन दिनु हाम्रो प्रमुख प्रतिबद्धता रहेको छ । सेवा, करूणा र सामाजिक उत्तरदायित्वका मूल्यमान्यताहरूलाई आत्मसात गर्दै छोरीको घर ज्येष्ठ नागरिक आश्रमले प्रत्येक ज्येष्ठ नागरिक आमाबुबालाई आत्मीय वातावरणमा सुरक्षित जीवन बिताउन सहयोग गर्दछ ।

छोरीको घर आश्रममा ज्येष्ठ नागरिकहरूको सहज जीवनयापनका लागि विभिन्न सुविधाहरू निःशुल्क रूपमा प्रदान गरिन्छ । सफा, सुरक्षित र आरामदायी आवासको व्यवस्था सँगसँगै आमाबुबाहरूको पोषण आवश्यकता अनुसार पौष्टिक भोजन उपलब्ध गराइन्छ । स्वास्थ्य सेवालाई प्रमुख प्राथमिकता दिंदै नियमित स्वास्थ्य परीक्षण, विशेषज्ञ चिकित्सकहरूको उपलब्धता र आकस्मिक स्वास्थ्य सेवाका लागि अस्पतालहरूसँगको समन्वय पनि छोरीको घरले सुनिश्चित गरेको छ । हामी उमेरको अनुभवलाई सम्मान गर्दछौं, विविधता अंगाल्छौं र सेवा, करूणा तथा ममताका मूल्यहरूबाट प्रेरित छौं । हाम्रो ढोका सधैं सहयोगको खोजीमा आउने जो कोहीका लागि खुल्ला छ र हाम्रो प्रयास प्रत्येक ज्येष्ठ नागरिकको जीवनमा उज्यालो भर्न केन्द्रित छ ।

यहाँ आउने प्रत्येक अभिभावकका लागि छोरीहरूको स्नेह, माया र समर्पणको अनुभूति हुने सुनिश्चित गर्दै हामी उहाँहरूको बाँकी जीवनलाई सम्मानजनक, खुसीमय र सुरक्षित बनाउने प्रयासमा समर्पित छौं ।

आमाबुबाले आफ्नो सन्तानको भविष्यका लागि जीवनभर संघर्ष गर्छन् । आफूले नखाई, नलाई हरेक सुख-सुविधाबाट वञ्चित हुँदै, सन्तानलाई उज्ज्वल मार्गमा लैजान उनीहरू समर्पित रहन्छन् । तर जब उमेर ढल्कँदै जान्छ, शारीरिक शक्ति घट्दै जान्छ, त्यही सन्तानबाट तिरस्कृत हुने, अपहेलित हुने, घरबाहिर धपाइने वा बेवास्ता गरिने दुःखद् अवस्था हाम्रो समाजमा विद्यमान छ ।

यस्तै साहाराविहीन, असहाय र अपहेलित ज्येष्ठ नागरिकहरूलाई सम्मानजनक जीवन प्रदान गर्ने उद्देश्यले छोरीको घर ज्येष्ठ नागरिक आश्रम निःशुल्क गाँस, बास, कपास, गुणस्तरीय स्वास्थ्य सेवा र सुरक्षा प्रदान गर्दै आएको छ । सेवा, करूणा र ममताका मूल्यहरू आत्मसात् गर्दै आश्रमले प्रत्येक आमाबुबालाई आत्मीय वातावरणमा सुरक्षित जीवन बिताउन सहयोग गरिरहेको छ ।

## ३. मामाघर अनाथालय सपोर्ट एण्ड केयर सेन्टर, नेपाल (मामाघर अनाथालय आश्रम)

जब मानिस जन्मिन्छ, हुर्कन्छ, समाजसँग गाँसिन्छ ।

तर यो संसारमा जन्म लिने प्रत्येक बालकले परिवारको माया, बाबुआमाको काख र दाजुभाइ-दिदीबहिनीको साथ पाउँदैनन् । कतिपय निष्ठुरी परिस्थितिले उनीहरूको खुसी खोस्छ, तिनको भविष्य अन्धकारमय बनाइदिन्छ । यही कठोर यथार्थको बीचमा मामाघर अनाथ आश्रम, ललितपुरमा देशभरी पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका विभिन्न जिल्लाबाट ८५ जना बालबालिकाहरू हुनुहुन्छ । जसमा विभिन्न कारणले अभिभावक गुमाउनु भएका गाँस, बास, कपास, स्वास्थ्य र शिक्षाबाट बञ्चित हुनुभएका एकदम विपन्न परिवारका बालबालिकाहरू आएर आश्रममा आश्रित भई ललितपुरका विभिन्न विद्यालयमा अध्ययनरत हुनुहुन्छ । जसमा अनुशासित, लगनशील र अध्ययनप्रति अत्याधिक रूचि राखी कडा परिश्रमले विद्यालय प्रथम, कक्षा प्रथम साथै सर्वोत्कृष्ट बालबालिकाहरूलाई कक्षा स्तरोन्नति गर्दा समेत माथिल्लो कक्षामा उत्कृष्टता प्रदर्शन गरिरहेका छन् । सँगसँगै किताबी ज्ञानमा मात्र सिमित नभई खेलकूद, नृत्य, गीत सङ्गीत, वक्तृत्वकला लगायत अन्य अतिरिक्त क्रियाकलापमा समेत उत्तिकै अब्बल रहेका छन् ।

प्रत्येक बच्चाले स्वच्छ पौष्टिक भोजन, स्नेहरुपी घर, गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा र भावनात्मक समर्थन पाउनु पर्छ भन्ने दृढ विश्वास लिई अभिभावक विहीन, अनाथ तथा आधारभूत आवश्यकताबाट बञ्चित बालबालिकाहरूलाई आत्मविश्वासी र समाजमा सकारात्मक रूपमा योगदान गर्न सक्ने स्वतन्त्र व्यक्ति बन्न सशक्त बनाउने उद्देश्य लिई सुरक्षित वातावरण प्रदान गर्ने, हुर्काउने र सफल बनाउने कार्यमा मामाघर अनाथालय आश्रम समर्पित छ ।

विगतका दिनहरूमा पनि मामाघर अनाथालय आश्रमले नेपालभरिका सयौँ अभिभावक विहीन, बेसाहारा तथा आधारभूत आवश्यकताबाट वञ्चित बालबालिकाहरूको लागि अभिभावक बनेर उनीहरूको गाँस, बास, कपास, स्वास्थ्य, सुरक्षा र गुणस्तरीय शिक्षा प्रदान गर्दै आइरहेको छ । जाजरकोटको भूकम्पबाट विचल्लित भएर अनाथ बनेका ३० जना बालबालिकाको समेत साहारा बनी अभिभावकत्व यही मामाघर अनाथालय आश्रमले गरेको थियो ।




मामाघर अनाथालय आश्रम जहाँ निस्वार्थ प्रेम, सुरक्षा र अपनत्व पाइन्छ । यहाँ आमाको काख गुमाएका बालबालिकालाई मातृत्वको अनुभूति दिलाइन्छ, बाबुको अभावपूर्ति गरिन्छ, परिवारको न्यानो माया दिइन्छ । हिजो भोकै सुतेका, चिसो सडकमा रात बिताएका ती नानीहरूले आज मामाघरको कोमल काखमा आश्रय पाइरहेका छन् । मामाघरमा आश्रय पाएका बालबालिकाहरू केवल पेटभरि खाना मात्र पाउँदैनन्, उनीहरूका सपनाहरूलाई पखेटा दिइन्छ । शिक्षा, अनुशासन, नैतिकता र आत्मनिर्भरताको पाठ सिकाइन्छ । यहाँ हुर्केका बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गरी भविष्यमा आफ्नै जीवनको बाटो स्वयंले बनाउदै समाजमा उदाहरणीय व्यक्ति बन्नका निमित्त मामाघर अहोरात्र खटिरहेको छ ।

अभिभावकबिहीन भएकै कारण कसैको वाल्यकाल नखोसियोस् । कसैको आधारभूत आवश्यकता नखोसियोस् साथै भविष्य निर्माणमा कुनैपनि किसिमको बाधा नपरोस् भन्ने संकल्प लिएर यस पुनित कार्यको सुरूवात बालयोगेश्वर विजयश्री कृष्णमूर्ति जी महाराजले गर्नुभएको थियो । अरूको दुःख देख्न नसक्ने आदर्श पुरूष बालयोगेश्वर विजयश्री कृष्णमूर्ति जी महाराज भन्नुहुन्छ– "सबै बालबालिकाले माया पाउने अधिकार राख्छन् !"००

## ओङ्कार होस् जीवनी

शालिग्राम-नदी जहाँ सँगसँगै रूद्रावती बग्दछिन्
सत्कर्मी-जन-प्रेरणा सफलता पाएर जो चल्दछिन्
भेटिन्छन् सुकला-शिला नयनमा गर्छन् ती आकर्षण
यात्रामा अति रम्य छन् विपुलता ती गर्दछन् धारण ।१।

कालीको जलपानले हृदयमा आनन्द बर्साउँछ
शालिग्राम-शिला सदैव सँगमा सत्कर्म जन्माउँछ
यो यस्तो स्थल हो स्वयं सृजनको धारा बगेको सधैँ
नेपाली जनको स्वभाव-रचना गर्ने गरेको सधैँ ।२।

कृष्णाको तटमा अनेक जनले सत्कार गर्छन् जहाँ
प्रेमीभाव रसाउने सकलमा आधार खुल्छन् त्यहाँ
पूजिन्छन् सब छन् प्रसिद्ध तटमा आनन्द बर्साउँछन्
सारा जीवन होस् सुधार गतिमान् कालीनदी धाउँछन् ।३।

सारा छन् मठ-मन्दिराकृति यहाँ धारा स्वयम् गण्डकी
सारा सार उदाउँछन् कुशलता भर्छिन् यहाँ गण्डकी
यस्तो सुन्दर ठामको विषयमा लेखिन्छ केही कुरा
पूर्णात्मासरि बन्छ है ! कवि-कथा खुल्छन् नयाँ आँकुरा ।४।

इर्ष्या-द्वेष रहन्न, हुन्न जनमा अध्यात्मको वास छ
अर्पन्छन् सब कामना उदित भो सद्ज्ञानको रास छ
आफ्नै गाउँ र ठाउँको विषयमा व्यक्तिन्छ है ! सिर्जन
आस्थाकेन्द्र विचारको सृजन होस् भन्छन् सुधी यो धन ।५।

'शुद्धात्मा रहने पवित्र रचना गर्ने' थलो भन्दछन्
यस्तो सुन्दर ठाउँको विषयमा धेरै कुरा गर्दछन्
व्यक्तिन्छन् सब धारणा हृदयमा स्वच्छन्दता छन् यहाँ
भावी जीवनका विचार सँग छन् सौन्दर्य खोल्छन् जहाँ ।६।

हो प्राचीन कला समाज रचना सम्बन्ध आफन्त छ
शिक्षामा नत भावनासँग हुने आनन्दको रास छ
जो आहार-विहारमा सतत नै मान्छे जहाँ झुक्दछन्
पुर्खाको अनुशासनामृतसँगै आतिथ्यमा चल्दछन् ।७।

जो निर्धारण गर्दछन् जनमुखी सेवा रहन्छन् जहाँ
जो सौन्दर्य शिला-कला कुदिदिने गङ्गा बहन्छिन् त्यहाँ
आस्था-फूल फुलाउने वरपरै सादा पना झुल्दछन्
छन् सत्यादि सुभाविनी हृदयकी कालीनदी धार छन् ।८।

यस्तो सुन्दर ठाम यो प्रकृतिको संस्कार डुल्छन् यहाँ
कालीगण्डकिको पवित्र रचना गर्ने सबै छन् जहाँ
सेवा हो सब कर्म-धर्मसँग छन् भन्ने कुरा मान्दछन्
सन्तोषी मनमाझमा विमलता आनन्द भित्र्याउँछन् ।९।

आफै दिव्य अनेक एक रसमा राख्ने धरा हुन् यिनी
स्रष्टाको नव सिर्जना प्रकृतिमा थाम्ने धरा हुन् यिनी
पूर्णात् पूर्ण अनन्त शक्ति रचना काली धरा हुन् यिनी
प्यारो सुन्दर भूमि यो सकलको ओङ्कार होस् जीवनी ।१०।

## हिमाली धरा

हिमाली धरा हुन् जहाँ मिल्छ ज्ञान
जहाँ शुभ्रताले लिएको मुहान
चरा चिर्बिराई नयाँ गीत गाई
रहन्छन् सबैले नयाँ मीत लाई ।१।

परा-ज्ञानकी यी धरा हुन् विशाल
जहाँ पूर्ण धारा वहन्छन् कमाल
जहाँ छन् अनेकौं निधि हौषधीका
जहाँ नित्य खुल्छन् विधि पूर्णतामा ।२।

सदाचारले नै सबै शुद्ध हुन्छ
दुराचारले नै सबै नाश हुन्छ
जहाँ दिव्यताले भराइन्छ ताल
परा-ज्ञानकी यीधरा हुन् विशाल ।३।

अहिंसा सदा धर्म आचारमाभ
सबै पूर्णता मिल्छ धारा समाज
सभामा यहाँ होस् कुरा अर्थपूर्ण
कुसंस्कारमा होस् सबै चूर्ण-चूर्ण ।४।

## आध्यात्मिक साधना

हो अध्यात्म परानुभूत गरिमा सौन्दर्य संसारमा
हो सम्पन्न कुरा यही समयमा आफू रहे साथमा
हो बाह्यान्तर कर्ममा असलता होस् सत्यता रासमा
होस् स्वाध्याय सधैं सधैं मनुजमा सत्कार्य होस् ज्ञानमा ।१।

पश्चात्ताप हुँदैन सत्य-रसमा सारा छ आफ्नो यहाँ
स्वार्थी-भाव हुँदा सदैव जनता चुस्ने गरेको यहाँ
सेवा-भाव कहाँ कहाँ पर हुने आफै हरायो यहाँ
त्यस्तो धूर्त भए जीवन्तपनमा बाँच्दैन यो राष्ट्रमा ।२।

ऊर्जा उन्नतिको सँगैसँग हुँदा अन्यत्र खोजाइ त्यो
आफै भित्र नदेख्नु त्यो श्रवणमा बिग्रिन्छ आफ्नो छ जो
आफ्नो ध्यान छ अन्त-अन्त-रसमा भोग्ने कुरा छन् अति
के पायौँ के छ लानु खै ! गमनमा खाली हुनेछन् त्यति ।३।

यो ब्रह्माण्ड खुला खुला हृदय हो ऊर्जा छ कल्याणमा
जो ठम्याउन सक्छ यो भुवनमा मान्छे छ आयाममा
बत्ती हो जन-धारणा सकलको मान्छे कहाँ भुल्दछ ?
जागे मार्मिक भावना दिनदिनै मान्छे त्यहीँ खुल्दछ ।४।

ऊर्जाकै परिणाम हो सफलता नेतृत्वमा सार छन्
छन् सम्पन्न यहाँ तिनै जनहरू भातृत्वमा बाँच्दछन्
स्वार्थी भो यदि भाव व्यक्तिगतमा खोक्रिन्छ आफै पनि
बाँच्ने सार कहाँ कहाँ गति कहाँ थोत्रिन्छ आफै धनी ।५।

जे आकर्षण छन् प्रभावित सधैं हुन्छन् सबै सृष्टिमा
साक्षात्कार यहाँ भयो जुन कुरा भेटिन्छ यै सृष्टिमा
हामी नै गहिराइमा यदि भए देखिन्छ ऊर्जा त्यहाँ
छन् सारा अधिकार छन् तर यहाँ बन्छन् तिनै साँगुरा ।६।

छन् है यान्त्रिक साधना चलनका प्राणी त्यहीँ चल्दछ
छन् सङ्कीर्ण कुरा त्यहीँ रस दिने भन्दै स्वयं भुल्दछ
त्योभन्दा पर छैन चाह रसिलो भित्रिन्छ सङ्कीर्णता
देख्ने के छ र ! देखिने मलिन भो देखिन्न उत्कृष्टता ।७।

यो हो देश समाज एकजुट भै लागे भयो सुन्दर
हिंसा पीडितका विकार मन छन् जाग्ने कहाँ आखिर ?
सेलाएसरि भो सिकार सब छन् कानून खै गो कता ?
दोषी छन् सब धारणा हरित भैँ बन्ने भयो मित्रता ।८।

यो सञ्जाल समाजको विषयमा सम्पूर्ण सोच्ने भए
आफ्नो मूल्य सदैव हुन्छ रहने सङ्कीर्ण सारा गए
चुक्ता गर्नु छ सारमा क्षति हुने कर्मादि छन् चिन्तन
विश्वामित्रसरी सबै विषयमा हुन्छन् गरे चिन्तन ।९।

भावी जीवन उच्च बन्नु छ भने सम्बन्ध राम्रो गरौँ
फर्कौँ शिक्षित भावमा जनक भैँ सत्कर्म इच्छा छरौँ
खाँचो सत्य सकार्नु हो सुजनता सत्पात्रको चाहना
धर्तीका सब वस्तुको सुरचना खुल्छन् सधैं साथमा ।१०।

जस्तो कर्म भयो बराबर सबै भल्किन्छ संसारमा
शिक्षा प्राप्त भए सबैतिर यहाँ बर्सिन्छ सौन्दर्यमा
उस्तै हुन्छ सबै समान रचना उन्मुक्त सोचाइमा
प्रेमी-भाव सदा समुज्ज्वल हुने भोगाइ होस् चेतमा ।११।

# कवि-सिर्जना

यथार्थ रूप सौन्दर्य कवित्व जनमाझमा
गण्डकी जलझैँ बग्छन् भाव-तरङ्ग साथमा ।१।

भाखा पाएर गाइन्न, सुसाइन्न समाजमा
जीवन सार्थकै हुन्न, हुन्न है अनुशासन ।२।

आफ्नो जीवनको स्वार्थ केही नहुनुमा पनि
स्वार्थ त रहने हुन्छ पूर्णत्व भित्र नै पनि ।३।

जिन्दगीभित्र सौन्दर्य लुकेको छ निरन्तर
कवित्व बन्दिए शोभा पूर्ण अर्थ बराबर ।४।

कोपिला लाग्छ बोटैमा अङ्ग-अङ्ग छ निर्भर
त्यसैमा फूल फक्रिन्छ, फल्छ नै फल सुन्दर ।५।

मेरो, तिम्रो सबैको हो साझा प्रकृति सुन्दर
जागृतिमा हुने सत्य कर्ममा शिव नै छर ।६।

सौन्दर्यमा कहाँ धब्बा कहीँ त्यो अट्न सक्छ र !
बाहिर-भित्र एकै छ पूर्ण के भिन्न हुन्छ र ! ।७।

जागृतिभित्र भेटिन्छ पूर्णभाव सधैँभरि
दृष्टि भिन्न भए मात्र लुक्ने हुन्छ सरासरी ।८।

रूप सौन्दर्यको खोजी गरी स्रष्टा रमाउँछन्
जीवनी त्यसमै हुन्छ पूर्णतामा सजाउँछन् ।९।

मान्छेकै रूपमा भिन्न भिन्न प्रकृति रम्दछ
प्रकृतिभित्रको रूप को ठम्याउन सक्दछ ।१०।

सोच्नुपर्छ सधैँ राम्रो व्यवहारी बनी, सुनी
त्रिकालले कहाँ भन्छ म तिम्रै साथ छु भनी ।११।

कला-कौशल सौन्दर्य प्रकृतिभित्र रम्दछ
जीवन-ज्योति पाएको मान्छेमा सृष्टि खुल्दछ ।१२।

रम्छौं, रमाउने गर्छौं, प्रकृति रूप तत्त्वमा
जगाउँछौं नयाँ भाव चलाउँछौं स्व-कर्ममा ।१३।

शब्दकै खेल खेलैमा खेलिन्छ मन यो पनि
त्यो खेल खेलमा दिव्य साधना बन्छ लेखनी ।१४।

के धरा, धरणी, धर्ती, शब्द र अर्थमा पनि
समग्र रूप एकै झैँ लाग्दछन् भिन्न ती ध्वनि ।१५।

महामानव हुन् बुद्ध कर्मले देवता बने
अहिंसा मार्गमा चल्ने स्रष्टा-द्रष्टा स्वयं बने ।१६।

प्रत्येक चालमा भिन्न भिन्नता देखिने गरी
कार्यालाप हुने गर्छन् जीवन्तता छुने गरी ।१७।

ज्ञान भो साधनायुक्त उज्यालो छ निरन्तर
भागवत् सृष्टि सौन्दर्य के हराउन सक्छ र ? ।१८।

आँखामा झल्किने रूप भावना बर्सिने सदा
आनन्द रूप, विश्वास, धारणापूर्ण धीरता ।१९।

ज्ञानगङ्गा बगाएर धर्तीलाई भिजाउँछन्
कवित्व शक्तिले स्रष्टा धर्ती रम्य तुल्याउँछन् ।२०।

गरिमामय धर्तीको महिमा महनीय छ
कविको भावले भेट्छ के यहाँ परिपूर्ण छ ।२१।

हृदयाकाशमा बस्ने अन्तस्करण निर्मल
भो भने के यहाँ खोज्नु पाइन्छ रत्न निश्चय ।२२।

जीवनपथको ज्ञान देहभित्र छ सागर
धर्तीको दिव्यता आफ्नै आत्मा हो लाग्छ सुन्दर ।२३।

अशान्त मनमा हुन्न, हुन्न बुद्ध कतै पनि
उज्यालो मनमा हुन्छ भेटिन्छ सजिलै पनि ।२४।

आफूभित्र रहेको नै सिर्जना मुस्कुराउँछ
आफैलाई उठाएर दिव्यशक्ति जगाउँछ ।२५।

*धुम्बाराही, काठमाडौँ ।*
*tpsharmabhandari@gmail.com*



विचार ■ *रोहित बस्नेत, सम्पादक, पर्यटन समाचार पोखरा*

# लेकसाइड क्षेत्रमा कोटिहोम हुन नसक्दा पर्यटन व्यवसायीलाई घाटा




शान्ति, स्वतन्त्रता र विकासका लागि सञ्चार भन्ने मूल नाराका साथ आज भन्दा डेढ दशक पहिलादेखि प्रकाशन हुँदै आएको, मेरा मित्र लक्ष्मी नारायण भट्टराईद्वारा सम्पादित/प्रकाशित 'अग्निचक्र राष्ट्रिय मासिक'ले जेठ २०८२ को अंकलाई यज्ञशिरोमणि-विशेषाङ्क-२०८२ को रूपमा प्रकाशन गर्न लागेकोमा मलाई अत्यन्तै खुसी लागेको छ ।

पोखराबाट धेरै पत्रपत्रिका निस्कने भएतापनि काठमाडौंबाट प्रकाशन हुने मासिक-पत्रिकाले पोखरामा हुने ऐतिहासिक श्री गण्डकी शत (सय) कुण्डीय गायत्री कोटिहोम विराट् ज्ञान महायज्ञ २०८२ लाई प्राथमिकता दिएर यस्ता विशेषाङ्क प्रकाशन गर्नु एकदमै खुसीको कुरा हो ।

फूलको आँखाका फूलै संसार, काँडाको आँखामा काँडै संसार भने जस्तै व्यक्तिगत रूपमा विजय कृष्णमूर्ति जीलाई म चिन्दिन, विजय कृष्णमूर्ति जो भए तापनि उहाँले आयोजना गरेको यज्ञले संसारको मन छोएको देखिन्छ ।

देशका विभिन्न भागबाट कोटिहोममा आउनेको संख्या एकै दिनमा पनि लाखौं माथि भएको मेरै आँखाले देखें, यस कारण गण्डकीमा कोटिहोम सफल भएको बुझिन्छ ।

हुन त मलाई यो कोटिहोमको विषयमा तेती ज्ञान नहोला तर इतिहासकै कुरा गर्दा नेपालको इतिहासको कालखण्डमा धेरै यज्ञहरू भएका देखिन्छन् । ती यज्ञहरू एक कुण्डीय थिए भन्ने सुनिन्छ । अहिले विजय कृष्णमूर्ति महाराजले गर्न लागेको यज्ञ शत (सय) कुण्डीय हो, जसले गर्दा महाराजश्रीको साहस, हिम्मत, व्यवस्थापन र क्षमता अद्भूत देखिन्छ । अन्तर्राष्ट्रिय कथावाचिका देवी प्रतिभाजी, विश्वकै कान्छी वाचिका १० वर्षकी बालिका अनुराधा पाण्डेय, विख्यात प्रवचनकर्ता चैतन्य कृष्ण महाराज, राधिका दासी, वाचन प्रविण दिनबन्धु पोखरेल लगायत भारतका वरिष्ठ गुरु शंकराचार्य जस्ता कलियुगका महान् सन्तहरूलाई गण्डकी पोखराको भूमिमा समुपस्थित गराई पोखरालाई शुद्धता बनाउने एकमात्र नेपाली महान् युगपुरूष विजय कृष्णमूर्ति हो भन्नुमा कुनै दुईमत नहोला !

ऐतिहासिक श्री गण्डकी कोटिहोम सामान्य मान्छेले गर्न सक्ने विषय पनि होइन । यो त स्वयं भगवान् पशुपतिनाथको आशीर्वादले मात्रै सम्भव हुने कुरा हो । विजय कृष्णमूर्तिले जुन अठोटका साथ संकल्प गरेर यो पुनित कार्य गर्नु भएको छ, यसले पोखरालाई विश्वसामु चिनाउनका लागि महत्त्वपूर्ण योगदान दिने अपेक्षा लिएको छु ।

सबैका आफ्नै गुण र अवगुण हुन्छन्, जहाँ धर्म छ, त्यहाँ ईश्वरको बास हुन्छ । हिजोका दिनमा पोखरा वाराहीघाटमा के के भयो ? यो सबैलाई थाहै छ । हे राम !!

पर्यटनक्षेत्र चलायमानसँगै पोखरा भ्रमण वर्ष सन् २०२५ लाई सफल बनाउन कोटिहोमले ठूलो भूमिका खेलेको पाइन्छ । अहिले लेकसाइडका पर्यटन व्यवसायीको छुट्टै पीडा छ । समयमा भाडा तिर्न र बैंकको किस्ता तिर्न कठिन छ, समयमा सरकारलाई करतिर्न नसक्दा जरिमाना तिर्नुपर्ने भएको छ । करिब ३ महिना दैनिक १५ देखि २० हजार आन्तरिक पर्यटक पोखराको लेकसाइडमा आउँदा ती पर्यटकलाई सेवा दिने मौका पाउँदा व्यवसायीहरू कति खुसी हुन्थे होला ? कामदारले पनि समयमा तलब पाउँथे । घरबेटीहरूले पनि समयमा भाडा पाएर आफ्नो काम चलाउँथे । अचम्मै पर्ने कुरा यहाँ के छ भने पोखरा लेकसाइडका पर्यटन व्यवसायीहरूले शुरूमा के कति कारण कोटिहोमलाई सहयोग गर्न हिच्किचाए ? यसको अर्थ अहिले सम्म मैले बुझ्न सकेको छैन । पोखरामा पर्यटकको ओइरो लागोस् भन्ने चाहना कस्को नहोला र ? १२ वर्षपछि खोलो फर्किन्छ भन्ने आहान् अहिले ड्यामसाइडका व्यवसायीले अनुभव गरेका छन् । ड्यामसाइडमा चहलपहल बढेसँगै व्यवसायीले राहत महसुस गरेको पाइन्छ ।

पर्यटन प्रवर्द्धनका लागि यस्ता उपयोगी कार्यक्रमहरू स्थानीय सरकारले गर्नुपर्नेमा उल्टो असहयोग गर्नुले पर्यटन क्षेत्रलाई दुर्भाग्य भएको देखिन्छ । भारतको कुम्भ मेलाको उदाहरण हाम्रो आँखा अगाडि ताजै छ, कुम्भमेलाले भारतको समग्र अर्थतन्त्र (जिडिपीमा १ प्रतिशत) योगदान पुगेको देखिन्छ । तसर्थ, यस्ता कार्यक्रमहरूले नेपालको अर्थतन्त्रलाई उकास्न ठूलो सहयोग मिल्ने हुनाले श्री गण्डकी कोटिहोमको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु । जय-श्री-गण्डकी-कोटिहोम । जय गुरूदेव ॥००

## यज्ञ शिरोमणि महाराजश्रीजी एक धर्मशील–ज्ञानी साधु भएकाले पोखराको कोटिहोम विश्वभरका अरबौं हिन्दुहरुको मुटुको–धड्कन बनेर हृदयमा सधैं रहनेछ : *मुक्तिराम अधिकारी*, उपाध्यक्ष, विश्वहिन्दु महासंघ, राष्ट्रिय समिति, नेपाल ।।



सादगी जीवन जिउँने सन्त भनेर मैले यज्ञ–शिरोमणि बालयोगेश्वर विजयश्री कृष्णमूर्ति जी महाराजलाई चिन्ने गरेको छु । श्री पशुपति कोटिहोम सम्पन्न गरेपछि महाराजश्रीजीका अनुयायीहरू लाखौंलाख थपिएका छन् । एक धर्मशील–ज्ञानीसाधु भएकाले महाराजश्रीजीले संकल्प गर्नु भएको पोखरा–१७, बिरौटाको ऐतिहासिक श्रीगण्डकी शत कुण्डीय गायत्री कोटिहोम विराट् ज्ञान महायज्ञ २०८२ विश्वभरका अरबौं हिन्दुहरूको मुटुको धड्कन बनेर हृदयमा सधैं रहिरहनेछ भन्ने मलाई लागेको छ । श्री गण्डकी कोटिहोमको पूर्णसफलताको कामना गर्दै यस अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । विश्व हिन्दु महासंघ परिवारको तर्फबाट शुभकामना व्यक्त गर्दछौं भनेको हुँ । समाजसेवी यज्ञशिरोमणिज्यूको जय होस् भन्न चाहन्छु ।

जगद्‌गुरू, साधु, सन्त, महन्त, प्रसिद्ध कथावाचक, वाचिकाहरूबाट विशेष शास्त्रीय प्रवचन नियमित भैरहेको देखे–सुनेपछि अहिले पोखरा–१७, बिरौटाको कोटिहोमस्थलमा भक्तजनहरूको बाक्लै उपस्थिति भैरहेको देख्न पाउँदा सनातन हिन्दुधर्म मान्ने हामी ॐकार परिवारका समेत सबै नेपाली तथा भारतीय श्रद्धालु भक्तजनहरू बहुत खुसी भएका छौं । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्यातिप्राप्त कलाकारहरूबाट विभिन्न गीत, संगीत, भजन, झाँकी, देवलीला, नृत्यको प्रस्तुति देखेर अहिलेका नव युवा–युवतीहरूको पनि बाक्लो उपस्थिति कोटिहोम परिसरमा बढ्दै जानु साह्रै राम्रो शुभ–लक्षण हो । २१ औं शताब्दीको यो वर्तमान आधुनिक युगमा हाम्रा सन्तानहरूलाई सनातन धर्मप्रति आकर्षण बढ्नु बहुत राम्रो कुरा हो । धार्मिक तथा आध्यात्मिक परिवेश रहेको श्री–गण्डकी–कोटिहोमले भारतवर्षको धर्मको रक्षा गर्ने कवचको पनि काम गरेको छ । जय–श्री–गण्डकी–कोटिहोम । जय गुरूदेव ॥००

## धर्म परायण तथा सामाजिक व्यक्तित्व संकल्पकर्ता रहेको श्रीगण्डकी कोटिहोम हाम्रो पोखरा–१७ मा हरिहर भगवान्‌को इच्छाले नै भैरहेको छ : *उर्मिला खड्का भण्डारी*, सभापति, नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा कास्की, पोखरा



म पोखरा १७ नम्बर वडामा जन्मिएर, हुर्किएर अहिले समाजसेवी जीवन बिताउँदै आएकी छु । मेरो वडा क्षेत्र मै श्रीगण्डकी सय कुण्डीय गायत्री कोटिहोम विराट् ज्ञान महायज्ञ २०८२ ऐतिहासिक पाराले नै भैरहेको देख्दा बहुत खुसी लागेको छ । पोखराको इतिहास मै पहिलो पटक परमात्माको कृपाले धर्मपरायण सन्त बालयोगेश्वर विजयश्री कृष्णमूर्ति जी महाराजज्यू स्वयं आफू नै संकल्पकर्ता रहेको श्री गण्डकी कोटिहोम भगवान् हरिहरको इच्छा अनुसार नै सञ्चालन भैरहेको महसुस हामीलाई भैरहेको छ । यस पावन अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु । महाराजश्रीको जय होस् भन्दछु ।

नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा कास्कीको मिति २०८१ चैत २९ र ३० गते सम्पन्न ४१ औं साधारण सभा एवं १७ औं जिल्ला अधिवेशनबाट म उर्मिला खड्का भण्डारीलाई गरिमामय सभापति अर्थात् पहिलो महिला सभापति पदमा निर्वाचित गराउन लागिपर्नुभएका मेरा सम्पूर्ण अग्रज तथा शुभचिन्तक महानुभावहरूमा नमन गर्दछु । सबैलाई प्रणाम् गर्दछु । मलाई बधाई तथा शुभकामना व्यक्त गर्नुहुने पोखरा–१७, उपशाखाका समस्त 'नेपाल रेडक्रस सोसाइटी' परिवारलाई पनि नमन तथा धन्यवाद ज्ञापन गर्दछु । सराङ्कोटमा रहेको श्री कैलाशेश्वर महादेव मन्दिर, पोखराको धार्मिक स्थलमा आउने भक्तजनहरू, भूमिकालिका मन्दिर, सराङ्कोट, भैरव मन्दिर, १०८ जलधारा, १०८ शिवलिङ्ग लगायत सराङ्कोट धाममा आउने भक्तजनहरू र पुम्दिकोटमा आउने सम्पूर्ण भक्तजनरू तथा विन्ध्यवासिनी, तालवाराही लगायत समग्र गण्डकी क्षेत्रमा आउने तीर्थयात्रीहरू विशेष पुण्यलाभका लागि श्री–गण्डकी–कोटिहोम–बिरौटामा पक्कै आउनु हुनेछ । यसो भएपछि कोटिहोम भव्य पाराले सफल हुन्छ । जय–श्री–गण्डकी–कोटिहोम ॥००

## अध्यात्म दर्शन क्षेत्रका एक वाङ्मय महापुरुषको रुपमा मैले श्री गण्डकी कोटिहोमका संकल्पकर्तालाई हेरेको छु : श्रीराम दाहाल *(बुद्धिजीवि तथा समाजसेवी)*, पोखरा–३३, बाघमारा

मान्छेको जीवन अनन्तको यात्रा भैँ लाग्छ मलाई । यसलाई अंग्रेजहरूको भाषामा LONG PILGRIMAGE पनि भन्न सकिएला सायद । भगवद् प्राप्ति गर्नु नै मान्छेको उद्देश्य हो भन्ने विश्वास गर्दछु । स्वधर्मको महत्त्व बुझ्नेपछि बुझ्न बाँकी अरू केही रहँदैन होला सायद । अँग्रेजहरूले पनि RIGHT LIFE को खोजीमा रहेका सन्तको दर्शन गर्न चाहँदा रहेछन् । यी सबै कुराको योग्यता भएका आध्यात्मिक व्यक्तित्व विजयश्री कृष्णमूर्ति जी महाराज नै हो भन्ने लाग्दछ मलाई । श्री गण्डकी कोटिहोम, पोखरा–१७, बिरौटामा भव्य रूपमा सम्पन्न भैरहेको खुसीयालीमा म हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु । मलाई यस्तो भन्न मन लागिरहेको छ । कोटिहोम संकल्पकर्ता महाराज जी अध्यात्म दर्शन क्षेत्रका एक वाङ्मय महापुरूष समेत हुनुहुन्छ । पोखरामा महाराजश्रीको जय–जयकार भैरहोस् भन्दछु ।

मेरो नाम नै श्रीराम भएकाले गर्दा म हनुमानलाई धेरै माया गर्दछु । हनुमानका १२ वटा नामहरू मलाई मन पर्छ । हनुमान, रामेष्ट, वायु पुत्र, पिंगाक्ष, अंजनी सुत, महाबल, अमित विक्रम, उदधिक्रमण, फाल्गुण सखा, दशग्रीव दर्पहा, सीता शोक विनाशन, लक्ष्मण प्राण दाता । यी नामहरू मलाई खुबै मनपर्छ । श्रीराम कथा पनि भैरहेकाले गर्दा मलाई झनै श्री–गण्डकी–कोटिहोमका सम्पूर्ण कार्यक्रम मन पर्छ भन्नै पर्दछ मैले । ऐतिहासिक श्री गण्डकी शत (सय) कुण्डीय गायत्री कोटिहोम विराट् ज्ञान महायज्ञ २०८२ को पावन अवसरमा विवाह साइत, व्रतवन्ध साइत, चौरासी पूजा साइत, वक्तृत्वकला, दोहोरी प्रतियोगिता, भजन, नृत्य, देवलीला, झाँकी, गीत, संगीत, कथावाचन र कोटिहोम सबैथोक हुने भएकाले यस्तो ऐतिहासिक कोटिहोम कार्यक्रममा भागलिन आउँनु हुन म पनि सबैलाई सादर–निमन्त्रणा गर्दै भन्न चाहन्छु– जय गण्डकी कोटिहोम ॥००



## धार्मिक, सामाजिक र सांस्कृतिक विकासमा महत्त्वपूर्ण योगदान दिने महाराजश्रीको संकल्पमा भैरहेको श्रीगण्डकी कोटिहोमले मानवजातिलाई ज्ञानी बन्ने कला सिकाइ रहेको छ : *लाल प्रसाद पराजुली (लालु)*, *(श्री सरस्वती टीका मा.वि., व्यवस्थापन समिति अध्यक्ष)*, पोखरा–३३, बाघमारा

पोखरा महानगर भरका ३३ वटै वडाका बासिन्दाहरूको भव्य र सभ्य सहभागितामा श्री गण्डकी सय कुण्डीय गायत्री कोटिहोम विराट् ज्ञान महायज्ञ २०८२ ऐतिहासिक ढंगले धमाधम अहिले भैरहेको देख्दा हामी सम्पूर्ण वडा नं. ३३ का स्थानीयवासीहरूको तर्फबाट मैले मंगलमय शुभकामना व्यक्त गर्दछु । म एउटा टोल विकास समितिको संयोजक पनि भएकाले र विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पनि भएको नाताले विद्यालय परिवारको तर्फबाट पनि हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

हाम्रो पोखराले दिन–प्रतिदिन प्रगति गर्दै गैरहेको छ । गण्डकी प्रदेशको महिमा कति छ कति ! त्यसमा पनि पोखरा महानगरपालिकाले पोखरा भ्रमण वर्ष सन् २०२५ घोषणा गरे लगतै चीनको छेन्दुबाट तथा तिब्बतको ल्हासाबाट चीनका नागरिकहरूलाई पोखरामा ल्याएर भ्रमण गराउने योजना अनुसार एवं चीनको सिचुवान र हाम्रो नेपालको हिमालयन एयरले समेत हवाई उडानलाई नेपाल–चीन आवातजावतमा सहज गराएपछि पोखरा विश्वको एक प्रमुख पर्यटकीय गन्तव्यको क्षेत्र बन्ने विश्वास हामी पोखरेली नागरिकहरूले लिएका छौं ।



धार्मिक, सामाजिक र सांस्कृतिक विकासमा महत्त्वपूर्ण योगदान दिने महाराजश्रीको संकल्पमा भैरहेको श्रीगण्डकी कोटिहोमले मानवजातिलाई ज्ञानी बन्ने कला सिकाइ रहेको छ । सराङ्कोटको मनोरम दृश्य हेर्न नेपालका र भारतका मात्रै होइन विश्वभरका विदेशी पर्यटकहरू समेत आइरहेको अवस्था छ । अन्नपूर्ण केवलकारबाट नेपालको एकमात्र श्री–पञ्चमुखी–गणेश–सराङ्कोट–पोखराको दर्शन गर्न आउँने भक्तजनहरू पनि हजारौं छन् ।

पुम्दिकोटको भगवान्को मूर्ति हेर्न आउँने भक्तजनहरू पनि धेरै छन् । गण्डकी क्षेत्रका तीर्थस्थलहरूको भ्रमण गर्न आएका हजारौं भक्तजनहरू सबैजना श्री–गण्डकी–कोटिहोममा भाग लिन आइरहेकाले गर्दा ऐतिहासिक श्री गण्डकी कोटिहोम साँच्चि कै ऐतिहासिक हुने विश्वास हामी पोखरेलीले लिएका छौं । जय–श्री–गण्डकी–कोटिकोम ॥ जय–यज्ञ–शिरोमणि–महाराज ॥००

## मानवसेवा प्रवर्द्धनमा जीवन समर्पित गर्दै आउनु भएका महायज्ञ संकल्पकर्ताज्यू एक विशिष्ठ धर्म–सम्राट हुनुहुन्छ : *मधु पन्थी*, *मानव अधिकारकर्मी*, पोखरा



सनातन धर्मानुयायी हजुरहरू र हामी सबै मिलेर पोखरा–१७, बिरौटास्थित सदा शिवजी सिद्धेश्वर हरिहर मन्दिर क्षेत्रमा यही वैशाख १७ गतेदेखि जेठ २६ गतेसम्मका लागि आयोजना भइरहेको ऐतिहासिक श्री गण्डकी सय कुण्डीय गायत्री कोटिहोम विराट् ज्ञान महायज्ञ २०८२ को कोटिहोम आयोजना स्थल, भजनस्थल, कथावाचन तथा झाँकी प्रदर्शन स्थल एवं कोटिहोम परिसरको भव्य र सभ्य हजारौं भक्तजनहरूको बृहत् उपस्थिति र प्रतिक्रिया सुन्दा, हेर्दा, देख्दा महायज्ञ संकल्पकर्ता बालयोगेश्वर विजयश्री कृष्णमूर्ति जी महाराज एक महापुरूष हो भन्ने लाग्यो मलाई । यत्रो विशाल आयोजना देख्दा आम पोखरेलीवासी र सम्पूर्ण देशवासीहरू एवं भारतीय भक्तजनहरू पनि खुसीले आश्चर्य चकित भएका छन् । प्राचीन इतिहास र वेद पुराणका कथा सुन्न पाउँदा सबै दंग परेका छौं ।

आफूलाई मानवसेवा प्रवर्द्धनमा समर्पित गर्दै आउनु भएका महायज्ञ संकल्पकर्ता-ज्यू एक वरिष्ठ र विशिष्ट धर्मसम्राट झैं लाग्छ मलाई । सामाजिक सञ्जाल तथा टेलिभिजन कार्यक्रमहरूमा धर्मसम्राट महाराज भनेर उहाँको तारिफ गरेको देखेको थिएँ, जुन अहिले प्रत्यक्ष देख्दा र कोटिहोमको भव्यता हेर्दा मलाई यस्तो लागेको हुनाले यी कुरा भनेको हुँ । षोडस-संस्कार बिर्सदै गएको नेपाली आधुनिक समाजलाई संस्कार भनेको जान्ने मात्र कुरा नभई अनुशरण गर्ने तत्त्व हो भन्ने कुरा महाराज-ज्यूको मुखारविन्दबाट सुन्न पाउँदा धर्म रक्षाको लागि जन्मनु भएको एक धार्मिक गुरू झैं लाग्यो मलाई ।

विजयश्री कृष्णमूर्ति जी महाराजले स्वागत गरी ल्याउनु भएका अन्य गुरूहरूले पनि क्रिया विना अनुशरण सम्भव नहुने हुनाले हाम्रा सबै संस्कारहरू कर्मकाण्डमा आधारित रहेको कुरा बताउँदा सबै भक्तजनले ताली बजाएका थिए । वैदिक जगत्को यथार्थ कुरा सुन्न पाएपछि सबै दंग परेका छौं । जय-श्री-गण्डकी-कोटिहोम ‼००

## नेपालीले नेपालवाद, मानवता, धर्म र ज्ञानको शिक्षा पोखराको कोटिहोमबाट निरन्तर पाइरहेका छन् : *शुवास भण्डारी*, का.वा. वडा अध्यक्ष

पोखरा महानगरपालिका
२५ नं. वडा कार्यालय
पोखरा, हेमजा



सर्व-प्रथमतः श्री-गण्डकी-कोटिहोमको हार्दिक शुभकामना व्यक्त गर्दछु । यज्ञशिरोमणि बालयोगेश्वर महाराजश्रीले कोटिहोम मार्फत् आम नेपालीलाई नेपालवाद, मानवता, धर्म र ज्ञान सिकाउँदै हुनुहुन्छ, जुन महान् कार्य हो र समाजसेवा पनि हो । जताततै अहिले पोखराको कोटिहोमको चर्चा भइरहेको देखिन्छ । भगवान्को इच्छाले नै कोटिहोम हुने रहेछ भन्ने मलाई लागिरहेको छ । कथा–प्रवचन सुन्न समेत पाइने बिरौटास्थित हरिहर मन्दिर क्षेत्र अहिले झिलिमिली भएको छ । पोखराको सान बढेको छ । 'एक युगमा एक पटक, इतिहासमा पहिलो पटक, न भूतकालमा यस्तो महायज्ञ भयो, न त हाम्रो जीवनकालमा हुन सक्ला या नसक्ला ! नेपाल भ्रमण वर्ष २०२५ तथा नेपाली नयाँ वर्ष २०८२ को पावन अवसरमा श्री मानवसेवा फाउण्डेसन नेपाल लगायतका संस्थाहरूको अयोजनामा राष्ट्र शान्ति, विश्व कल्याण एवं आम नेपालीहरूको सुख, शान्ति तथा समृद्धिको कामना सहित यस गण्डकी प्रदेशका सम्पूर्ण धार्मिक क्षेत्र, तीर्थस्थल, मठमन्दिरहरूको महत्त्वलाई विश्वभर जीवन्त प्रचार प्रसार गरी धार्मिक पर्यटन प्रवर्द्धनसँगै गण्डकी प्रदेशका विपन्न, अभिभावक विहिन बालबालिका तथा असहाय ज्येष्ठ नागरिकहरूको पालन तथा संरक्षण गर्ने उद्देश्यका साथ यस कास्की पोखरामा आयोजना भइरहेको ऐतिहासिक श्री गण्डकी शत कुण्डीय गायत्री कोटिहोम विराट् ज्ञान महायज्ञमा सहभागी भई तन, मन, धन, वचन र कर्मले सेवा र सहयोग अर्पणका साथ पुण्य प्राप्त गर्न हुनका लागि सम्पूर्ण धर्म अनुरागी महानुभावहरूमा हार्दिक अनुरोध गर्दछौं । आयोजकः श्री मानवसेवा फाउण्डेसन नेपाल, पोखरा कास्की एवं सनातन धर्मानुयायी हजुरहरू र हामी सबै !' यी माथिका कुराहरू सामाजिक सञ्जाल, रेडियो र टिभीमा घन्किरहेको सुनेपछि कति राम्रो उद्देश्यले कोटिहोम गरिँदै रहेछ भन्ने कुरा बुझेपछि सबैको मन कति खुसी हुन्छ-हुन्छ, बहुत खुसी हुन्छ । त्यसैले यति राम्रो पवित्र उद्देश्य राखेर गरिएको कोटिहोममा सबैले सहभागिता जनाउनुपर्छ । जय-कोटिहोम ‼००

# गण्डकीको महिमालाई पोखराको गायत्री कोटिहोमले संसारभर प्रचार गर्यो : गुरुदेवको जय होस्



*गंगीमाया दाहाल* (९३ वर्षीया ज्ञानी आमा), अन्नपूर्ण –२, ठुलाचौर **हालः पोखरा–६, बैदाम**

म अहिले ९३ वर्षमा हिंडिरहेकी छु । मेरो जन्म कास्की जिल्लाको नेपान्थोक गाउँमा १९९० सालमा भएको हो । वाल्यकालदेखि नै म अध्यात्ममा रूचि राख्दथें । वि.सं. १९९४ मा चार वर्षको उमेरमा मेरो विवाह टिकाराम दाहालसंग भएको हो । हाम्रो परिवार ब्राह्मण समाजको भएको हुँदा अथवा हामी पनि ब्राह्मण परिवारकै भएको हुँदा वैदिक सनातन हिन्दु धर्मसँग सम्बन्धित धर्मशास्त्रहरू मेरो माइतमा पनि र मेरो घरमा पनि दुवै घरमा पाठ पारायण हुने गर्थ्यो ।

मेरो पिताजी स्व. गोविन्द आचार्य पनि आध्यात्मिक परिवेशमै हुर्किएको हुँदा हर्पाख टोलको चर्चित पुजारी हुनुहुन्थ्यो । देवताको पूजा गर्ने व्यक्तिलाई पुजारी भन्ने गरिन्छ । देवस्वको आम्दानी खाएर जीवनयापनको निम्ति देवताको पूजा गर्न पाउनु हरेक पुजारीका लागि गौरवको विषय थियो र आज पनि छ । ऐतिहासिक श्री गण्डकी शत (सय) कुण्डीय गायत्री कोटिहोम विराट् ज्ञान महायज्ञ २०८२ हाम्रो पोखरा-१७, बिरौटा, कास्कीमा आयोजना भइरहँदा मलाई एकदमै खुसी लागेको छ । हिन्दुधर्म शास्त्र अनुसार कोटिहोमको महत्त्व धेरै नै छ । श्रीमद्भगवद्गीताका अनुसार पनि हवन, यज्ञ र महायज्ञ गर्नाले वर्षा हुने, खडेरी नपर्ने, वातावरण शुद्ध हुने र भगवान् एवं प्रकृति पनि खुसी हुनेकुरा गीतामा पढ्न पाइन्छ । मेरा सात सन्तान मध्येको कान्छो छोरा हाम्रो तुलसी पनि श्री गण्डकी कोटिहोमको सह–संयोजक भएको कारण मलाई स–सम्मान कोटिहोम आयोजक संस्थाले लिन पठाएर, कोटिहोमको दर्शन गर्न पाएर म बडो हर्षित भएकी छु ।

ख्यातिप्राप्त कथावाचक, वाचिकाहरूको मुखारविन्दबाट कथा श्रवण गर्न पाउँदा ९३ वर्षको उमेरमा पनि म कति भाग्यवानी रहिछु भन्ने सोच आएर मेरो मन खुसीले गद्गद् भयो । यो अवसर जुटाइदिने मेरो कान्छो छोरा तुलसी र महायज्ञ मूल आयोजक समारोह समिति परिवारलाई मुरीमुरी आशीर्वाद, धन्यवाद र आभार प्रकट गर्न चाहन्छु ।

गण्डकी क्षेत्रको हाम्रो यो पोखरा भनेको पर्यटनको राजधानी पनि हो । धार्मिक पर्यटनको मुख्य केन्द्रविन्दु तथा मुक्तिनाथ भगवान्को दर्शनमा जाने मुक्तिद्धार समेत हो । हाम्रा पुराणहरूका अनुसार ऐतिहासिक तथा पुरातात्त्विक तीर्थस्थलहरूले समेत भरिभराउ भएको यो गण्डकी प्रदेशको महिमा ऐतिहासिक हिसाबले पनि निकै महत्त्वपूर्ण र प्रमुख मानिएको छ । जुन कुरा पुराणहरूमा प्रष्टसँग लेखिएको छ । जो कोही नेपालीले पनि हिमवत् खण्ड अध्ययन गर्नैपर्दछ भन्दछु किनभने हिमवत् खण्डमा हाम्रो देशका मुख्य तीर्थस्थलहरूको प्रमुख महत्त्व पढ्न पाइन्छ ।

मातृभूमि नेपालमा जन्मेको मान्छेले कुन ठाउँमा के छ ? कुन देवता, कुन भगवान् कहाँ र कता हिड्नुभएको थियो, लीला गर्नुभएको थियो, सारा कुरा हिमवत् खण्डमा प्रष्टसँग लेखिएको छ । काली–गण्डकीको महिमा पनि वैदिक सनातन हिन्दु धर्मसँग सम्बन्धित धर्मशास्त्रहरूमा उल्लेख गरेको पाइन्छ । शालिग्राम भगवान्को महत्त्व र कालीगण्डकीको धार्मिक महत्त्व कति धेरै छ कति ! जुन कुरा बुझ्न भारतीय टेलिभिजनका धार्मिक च्यानलहरू हेरे पुगिहाल्छ । नेपालीले आफ्नो देशको तीर्थस्थलहरूको महत्त्व हरेक नागरिकले बुझ्नैपर्छ भन्नेगर्छु ।

गण्डकीको महिमालाई पोखराको गायत्री कोटिहोमले संसारभर प्रचार गर्यो । यो खुसीको कुरा हो । सम्पूर्ण दाजुभाइ, दिदीबहिनी तथा आम पोखरेलीवासीहरूलाई ऐतिहासिक श्री गण्डकी शत कुण्डीय गायत्री कोटिहोम विराट् ज्ञान महायज्ञ २०८२ कार्यक्रममा भाग लिन जानुहुन र पुण्य लाभ प्राप्त गरी यस लोक र परलोकमा समेत आनन्द–शान्ति प्राप्त गर्नुहुन विनम्र अनुरोध गर्दछु । श्री गण्डकी कोटिहोमले सबैलाई सद्बुद्धि प्रदान गरून् । जय–श्री–गण्डकी–कोटिहोम । राधे राधे ॥००



## आत्मा र परमात्माको महत्त्व र महिमाको पूर्ण ज्ञान दिने श्री-गण्डकी-कोटिहोमको जय होस् : *मनोहर दाहाल,*

**अध्यक्ष**, **मुद्रण उद्योग महासंघ**, **गण्डकी प्रदेश** एवं **अध्यक्ष**, दाहाल सेवा समाज नेपाल, **गण्डकी प्रदेश**

ऐतिहासिक श्री गण्डकी शत (सय) कुण्डीय गायत्री कोटिहोम विराट् ज्ञान महायज्ञ २०८२ हाम्रो पोखरा-१७, बिरौटा, कास्कीमा आयोजना भइरहँदा हामीलाई एकदमै खुसी लागेको छ किनभने पोखरा भनेको पर्यटनको राजधानी हो । अर्को कुरा चारधाम मध्येको एक मुक्तिद्धार समेत हो । ऐतिहासिक तथा पुरातात्त्विक तीर्थस्थलहरूले समेत भरिभराउ भएको यो गण्डकी प्रदेशको महत्त्व ऐतिहासिक हिसाबले पनि महत्त्वपूर्ण मानिएको छ । जुन कुरा वैदिक सनातन हिन्दु धर्मसँग सम्बन्धित धर्मशास्त्रहरूमा उल्लेख गरेको पाइन्छ । म मनोहर दाहाल, नेपाल मुद्रण उद्योग महासंघ, गण्डकी प्रदेशको अध्यक्ष पनि हुँ, साथै दाहाल सेवा समाज नेपाल, गण्डकी प्रदेशको अध्यक्ष समेत भएको कारणले गर्दा मुद्रण उद्योगसँग सम्बन्धित सम्पूर्ण व्यवसायीहरू साथै बुबाआमा, दाजुभाइ, दिदीबहिनी तथा आम पोखरेलीवासीहरूलाई ऐतिहासिक श्री गण्डकी शत कुण्डीय गायत्री कोटिहोम विराट् ज्ञान महायज्ञ २०८२ कार्यक्रममा भाग लिन जानुहुन र पुण्य लाभ प्राप्त गरी यस लोक र परलोकमा समेत आनन्द–शान्ति प्राप्त गर्नुहुन विनम्र अनुरोध गर्दछु । श्री-गण्डकी-कोटिहोममा व्रतबन्ध कार्यक्रम, विवाह कार्यक्रम, चौरासी पूजा कार्यक्रम, सन्त सम्मेलन, भागवत कथा वाचन, हनुमत् कथा वाचन, देवी भागवत कथावाचन, शिवपुराण कथावाचन, चार वेद, अठार पुराण, एकसय पैतिस उपनिषद् र वैदिक सनातन हिन्दु धर्मसँग सम्बन्धित शास्त्रको सार पनि नियमित रूपमा प्रख्यात कथा प्रवक्ताहरूद्धारा वाचन भइरहेकाले गर्दा श्री गण्डकी कोटिहोम पोखरा-१७, बिरौटा स्थित सदा शिवजी शिद्धेश्वर हरिहर मन्दिर क्षेत्रमा उपस्थित हुने जो कोही भक्तजनहरू पनि लाभान्वित भई शान्ति र आनन्द प्राप्त गर्ने हुनाले यस्तो अलौकिक, ऐतिहासिक धार्मिक कार्यक्रममा भाग लिऔं भन्दै श्री गण्डकी कोटिहोम पोखराको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

आत्मा र परमात्माको महत्त्व र महिमा सिकाउने श्री-गण्डकी-कोटिहोमको जय होस् । महायज्ञ संकल्पकर्ता महाराजश्री आदरणीय विजयश्री कृष्णमूर्ति जी महाराजको जय होस् भन्न चाहन्छु । हरिहर भगवान्ले हामी सबैको कल्याण गरून् । जय–श्री–गण्डकी–कोटिहोम ॥००



**छवि सुवेदी 'विजयी'**
(समाजसेवी)

### प्रकृति आमाका लागि गरिएको श्री-गण्डकी-कोटिहोम सफल भइसक्यो : शुभकामना !!

दैनिक रूपमा लाखौं भक्तजनहरूको उपस्थिति भैरहेको श्री–गण्डकी–कोटिहोम सफल भैसकेको छ भन्न सजिलै सकिन्छ । जेठ २६ गतेसम्म यस्तै भव्य उपस्थिति भैरहने लक्षण अहिलेको माहोलले संकेत गरिरहेको छ । अग्निचक्रको लगातार विशेषाङ्क प्रकाशित भैरहँदा वर्तमान प्रधानमन्त्री, गण्डकीका मुख्यमन्त्री, सभामुख, सबै वडाका अध्यक्षहरू, सबै सांसदहरू, उद्योगी, व्यवसायी, समाजसेवी, आमासमूह लगायत सबै सनातन धर्मानुयायीहरूले कोटिहोमलाई दिनुभएको शुभकामना अग्निचक्रमा प्रकाशित भएको प्रमाण हेर्दा कोटिहोम सफल भैसक्यो । प्रभावकारी वैदिक विधि भनेर कोटिहोमलाई भन्ने गरिएको छ । यज्ञ, महायज्ञ, हवनका धुवाँले हानिकारक किटाणुहरू नष्ट गर्छ, प्रदुषण नियन्त्रण गर्छ र वातावरणलाई सकारात्मक उर्जायुक्त बनाएर प्रकृति माताको रक्षा गर्दछ । मलाई यस्तै लाग्दछ । सबैलाई धन्यवाद । शुभकामना !!००

## नेपाली मौलिक संस्कृति र गरिमामय लोकपराम्पराको निरन्तरताको लागि श्री–गण्डकी–कोटिहोम–महायज्ञ भइरहेको हो : *श्रीकृष्ण लामिछाने*, वडा अध्यक्ष

पोखरा महानगरपालिका
२८ नं. वडा कार्यालय

वर्तमान समयमा हामीले राष्ट्रहितका कामहरूलाई प्राथमिकतामा राखेर कार्य गरिरहेको छौँ । भौगोलिक, धार्मिक, सांस्कृतिक विविधतायुक्त गण्डकी प्रदेशलाई जुन अपेक्षाअनुरूप विकास गर्न हामी हाम्रो स्थानीय सरकार, गण्डकी प्रदेश सरकार निरन्तर लागिपरिरहेको सन्दर्भमा अहिले पर्यटक वर्ष पनि घोषणा भएको अवसर पारेर हाम्रो पोखराको १७ नम्बर वडा स्थित बिरौटा क्षेत्रमा भैरहेको श्री गण्डकी कोटिहोमको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु । यस्ता धार्मिक कार्यक्रमहरूले गण्डकी प्रदेशको सर्वाङ्गीण विकास, राष्ट्र, राष्ट्रियता, समाजिक सहिष्णुता र जातीय सद्भावलाई कायम गर्दै समग्र राष्ट्रलाई समृद्ध बनाउँने कार्यमा विशेष सहयोग पुग्ने विश्वास हामीले लिएका छौँ । आमपोखरेलीवासीहरूको व्यापक उपस्थिति देखिँदै आएको श्री गण्डकी कोटिहोमले यो ऐतिहासिक महायज्ञ गरी सकेर विश्वसमुदायलाई सनातन धर्मको सान र मान देखाउन सक्षम हुने विश्वास गर्न सकिन्छ । महायज्ञ संकल्पकर्ताज्यूको जय होस् ।



सनातन संस्कृतिको संवर्द्धन र प्रवर्द्धन गर्दै आएको वैज्ञानिक युग अनुकूलका कार्यक्रम गर्न श्री–गण्डकी–कोटिहोमले नेपाली मौलिक संस्कृति र गरिमामय लोकपरम्पराको निरन्तरताको लागि प्रमुख योगदान दिइरहेको मैले देखेको छु । सबै गण्डकीवासीहरूको साथसहयोगमा श्री गण्डकी कोटिहोम जेठ २६ गते सम्पन्न हुने कुरामा म पूर्ण विश्वस्त छु । नेपाली समाजको प्रचलनमा रहेको कोटिहोम, यज्ञ, हवन तथा धार्मिक अनुष्ठानका कार्यहरू ७७ वटै जिल्लामा भैरहनुपर्दछ भन्ने मलाई लाग्दछ । धर्म, संस्कृति, परम्परा, भाषाको संरक्षण भैरह्यो भने मुलुक पनि बलियो र समृद्ध भैरहन्छ भन्ने मेरो भनाई हो । सबै मिलेर गण्डकी कोटिहोम सफल पारौँ । जय–श्री–गण्डकी–कोटिहोम । धन्यवाद । जय होस् ॥००

## कोटिहोम जस्ता धार्मिक महायज्ञ–कार्यक्रमले अन्ततः पोखरा कै कल्याण गर्दछ : *दीपक प्रसाद सुवेदी*, वडा अध्यक्ष

पोखरा महानगरपालिका
२१ नं. वडा कार्यालय

हिजो आज नेपाली नयाँ वर्ष २०८२ को अवसर पारेर हाम्रो पोखरामा स्वदेशी र विदेशी भारतीय पर्यटकहरूको ओइरो नै लागिरहेको छ । यो बहुत राम्रो र सुखद् पक्ष हो । पर्यटकीय नगरमा पर्यटकहरू आउनु स्वभाविक पनि हो । हाम्रो गण्डकी प्रदेश घुम्न लायक विश्वप्रसिद्ध टप ठाउँहरू मै पर्ने गरेको छ । यो पोखरा महानगर क्षेत्रमा जस्तो पुम्दिकोटमा, सराङ्कोटमा र बिरौटा लगायतका ठाउँहरूमा पनि पर्यटकहरूको चहलपहल निक्कै बढेको छ । सदा शिवजी सिद्धेश्वर हरिहर मन्दिर क्षेत्र, पोखरा–१७ नम्बर वडा अहिले झन् धेरै पर्यटकहरू आइरहने ठाउँ बनेको छ । पोखराको प्रत्येक जस्तो ठाउँहरू पवित्र स्थल नै हुन् । हरिहर मन्दिर क्षेत्रमा हरिहर भगवान्को इच्छाले तीर्थालु पर्यटकहरूको आवागमन र चहलपहल निकै ठूलो संख्यामा भएको देखिन्छ ।

कोटिहोम जस्ता धार्मिक महायज्ञ–कार्यक्रमले अन्ततः पोखरा कै कल्याण गर्दछ भन्ने कुरा सबैले भन्न थालेका छन् । पोखरामा धार्मिक पर्यटन वृद्धि भएपछि नेपाल राष्ट्रकै सर्वतोमुखी विकासका लागि सशक्त सहयोग पुग्ने छ । प्रत्यक्ष अप्रत्यक्ष सरकारलाई नै फाइदा पुगिराखेको हुन्छ । पोखरामा जति धेरै अनुष्ठानहरू हुन्छन्, ती सबैले अन्ततोगत्वा पोखरा कै प्रचार भैरहेको हुन्छ । त्यसैले पोखरा भ्रमण वर्षलाई सफल पार्नको लागि आयोजना भैरहेका हरेक खालका धार्मिक, संस्कृतिक कार्यक्रमको हामीले स्वागत गर्नुपर्छ भन्ने लाग्छ मलाई । यसर्थ पनि हरेक प्रकारका धर्म–संस्कृति–परम्परा र संस्कारबाट गरिने धार्मिक तथा सांस्कृतिक अनुष्ठान सभ्य–भव्य रूपमा सम्पन्न गर्नका लागि सबै नेपालीले साथ, सहयोग र समर्थन गर्नुपर्छ भन्दै श्री–गण्डकी–कोटिहोमको शुभकामना व्यक्त गर्दछु ॥००



## २०८२ वैशाख १७ गतेदेखि २०८२ जेठ ३६ गतेसम्मका लागि सञ्चालन भैरहेको गण्डकी-कोटिहोम महायज्ञका दैनिक गतिविधि तथा कार्यक्रम तालिका

**यज्ञ मण्डप तर्फ:**

१. बिहान ४:०० बजेदेखि ५:०० बजेसम्म माइकबाट भजन कीर्तन सुनाउने ।

२. बिहान ५:०० बजेदेखि ६:०० बजेसम्म बृहत् योग विज्ञान शिविर संचालन हुने ।

३. बिहान ६:०० बजेदेखि ७:०० बजेसम्म आचार्य एवं पण्डित गुरूहरूद्वारा वैदिक मन्त्र सहित विशेष मण्डप पूजा गरिने ।

४. बिहान ७:०० बजेदेखि ८:०० बजेसम्म पाठ पारायण हुने ।

५. बिहान ८:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म प्रथम सत्रको हवनात्मक कार्य हुने ।

६. दिउँसो १२:०० बजेदेखि १:०० बजेसम्म मध्यान्ह विश्राम ।

७. दिउँसो १:०० बजेदेखि ५:०० बजेसम्म पुनः हवनात्मक कार्य हुने ।

**कथा मण्डप तर्फ:**

१. प्रत्येक दिन बिहान ७:०० बजे देखि ७:३० बजे सम्म वरिष्ठ उद्घोषकज्यूको मञ्च प्रवेश र भक्तजनहरूलाई विशेष आह्वान हुने ।

२. बिहान ७:३० बजेदेखि राष्ट्रिय कलाकारहरूको मञ्चमा प्रवेश र सङ्गीतमय भजन सुरू हुने ।

३. बिहान ८:०० बजेदेखि कथा प्रवक्ताहरूको मंचमा प्रवेश सँगसँगै व्यास पूजन तथा भागवतजी विशेष आरती तथा मङ्गलाचरण सुरू हुने ।

४. बिहान ८:०० बजेदेखि १०:०० बजेसम्म विभिन्न क्षेत्रबाट पाल्नुभएका अतिथि, सन्त-महात्मा र कथावाचक/वाचिकाज्यूहरूको स्वागत र वहाँहरूलाई अभिनन्दन हुने ।

५. बिहान १०:०० बजेदेखि दिउँसो २:०० बजेसम्म प्रथम सत्रका कथा प्रवक्ताज्यूहरूको मुखारविन्दबाट कथा वाचनसहित सङ्गीतमय भजन कीर्तन, विभिन्न देवलीला प्रदर्शन, दानवीर, प्रमुख अतिथि, विद्वान् तथा विभिन्न विशिष्ट व्यक्तित्वहरूको मन्तव्य तथा सम्मान सहित विविध कार्यक्रमहरू हुने ।

६. दिउँसो २:०० बजेदेखि बेलुका ६:०० बजेसम्म द्वितीय सत्रका कथा प्रवक्ताज्यूहरूको मुखारविन्दबाट कथा वाचनसहित सङ्गीतमय भजन कीर्तन, विभिन्न देवलीला प्रदर्शन, दानवीर, प्रमुख अतिथि, विद्वान् तथा विभिन्न विशिष्ट व्यक्तित्वहरूको मन्तव्य तथा सम्मान सहित विविध कार्यक्रमहरू हुने ।

७. बेलुका ६:०० बजेदेखि ६:३० बजेसम्म यज्ञ भगवान् तथा स्थानीय शक्तिपीठहरूको विशेष महाआरती तथा फूलप्रसाद वितरण ।

८. बेलुका ६:३० बजेदेखि ७:०० बजेसम्म महायज्ञ मूल आयोजक समारोह समितिका पदाधिकारीहरूसँग समीक्षात्मक बैठक हुने ।

९. बेलुका ७:०० बजेदेखि ७:३० बजेसम्म विभिन्न आचार्य पण्डित गुरूहरूबाट विभिन्न पुराणको महात्म्य तथा विविध विषयमा प्रवचन, आध्यात्मिक-गोष्ठी, छलफल एवं शास्त्रार्थ हुने ।

१०. बेलुका ७:३० बजेदेखि ८:०० बजेसम्म महाआरती हुने ।

११. राति ८:०० बजेदेखि १०:०० बजेसम्म रात्रिकालीन भव्य सांस्कृतिक कार्यक्रम अन्तर्गत रामलीला, कृष्णलीला, रोचक नाटक, नृत्य, झाँकीसहित विभिन्न खेल आदि प्रस्तुति हुने ।

**ऐतिहासिक श्रीगण्डकी कोटिहोम महायज्ञका प्रमुख गतिविधिहरू:**

१. आचार्य, ब्रम्हा, होता, ऋत्विक गरी ५०० भन्दा बढी ब्राह्मणहरूद्वारा वैदिक मन्त्र सहित घिउ, चरू र विशेष जडीबुटीद्वारा एक करोड पच्चीस लाख आहुति हवन गरिने ।

२. ख्यातिप्राप्त पण्डितज्यूहरूद्वारा नित्य मण्डप पूजा, स्वस्तिवाचन, अतिरूद्राभिषेक गरिने ।

३. सयौं जनाको तुलादान, चौरासी पूजा र पितृ उद्धार कर्म गरिने र आर्थिक अभाव भएका परिवारको सबै कर्म निःशुल्क गरिने ।

४. देश विदेशका ख्यातिप्राप्त सन्त, महात्मा धर्मगुरूहरूको उपस्थिति र प्रवचन सहित सबैलाई नागरिक अभिनन्दन गरिने साथै कथा व्यासजीहरूलाई कदर-पत्रले विशेष नागरिक अभिनन्दन गरिने ।

५. राष्ट्रिय स्तरका कलाकारहरूको साथमा सङ्गीतमय कथावाचन सहित भजन कीर्तन र विशेष देवलीला दैनिक प्रस्तुति गरिने ।

६. एघार हजार दिव्य कलश पूजन गरिने ।

७. नेपालभरिका सम्पूर्ण धार्मिक पर्यटकीय क्षेत्रहरूलाई विश्वभर फैलाउनका लागि प्रचार-प्रसार र महत्त्वबारे प्रकाश पार्ने ।

८. चार वेद, श्रीमद्भागवत पुराण, शिव महापुराण लगायत अठार पुराण, रामायण आदि पाठ पारायण गरिने ।

९. कोटि पार्थिव शिवलिङ्ग पूजन गरिनुका साथै कोटिबेलपत्र अर्पण गरिने ।

१०. कोटि दीप प्रज्वलन गरिने ।

११. सयौंभन्दा बढी बाल-कन्याहरूको पूजन गरिने ।

१२. दैनिक १०८ गौमाताको दुध जम्मा गरी पञ्चामृत तयार गरी वितरण गरिने ।

१३. राष्ट्रिय स्तरको टेलिभिजनबाट नियमित र प्रत्यक्ष प्रसारण गरिने ।

१४. एक्काइस हजारभन्दा बढी ज्येष्ठ नागरिकको सम्मान गरिनुका साथै समाजका शारीरिक अशक्तता हुनु भएका व्यक्तिहरूको सम्मान गरिने ।

१५. प्रत्येक दिन राष्ट्रिय स्तरका राजनेता र कलाकार नायक, नायिका, गायक, गायिका आदिको उपस्थिति रहने ।

१६. तण्डुलाचल (चामल) पर्वत निर्माण गरिने ।

१९. रात्रिको समयमा रामलीला, कृष्णलीला, ज्ञानमञ्च, विविध खेल अनवरत रूपमा प्रस्तुत गरिने ।

२०. भरत नाट्य नृत्यको प्रस्तुति गरिने ।

२१. समाजमा विशेष योगदान दिनुभएका सामाजिक संघ-संस्था, धार्मिक संस्था, शैक्षिक संस्था, जनप्रतिनिधि, पत्रकारआदिलाई विशेष अभिनन्दन गरिने ।

२२. समाजका सामाजिक अभियन्ताहरूलाई अभिनन्दन गरिनुका साथै मठ-मन्दिरहरूका व्यवस्थापन समितिका पदाधिकारीहरूलाई सम्मान गरिने ।

२३. सर्वधर्म सद्भावना सम्मेलन र सन्त सम्मेलनको आयोजना गरिने एवं उहाँहरूलाई विशिष्ट मञ्च र सम्मान दिइने ।

२४. दुःख-कष्ट, रोग व्याधि, आपत विपत् या कुनै समस्याबाट ग्रस्त

हुनुहुन्छ भने सबै समस्याबाट मुक्त हुनको लागि दुःख निवारण यज्ञ गरी विशेष पूजन गराइने ।

२५. नेपाल भरिका तीर्थभूमिको महत्त्व दर्साएर विश्वभर प्रचार-प्रसार गरिने ।

२६. दैनिक रूपमा करिव एघार हजार जनालाई प्रसादको व्यवस्था र एघार सय जनालाई निःशुल्क भोजन र एक हजार जनालाई निःशुल्क आवासको व्यवस्था गरिने ।

**ऐतिहासिक श्रीगण्डकी शत (सय) कुण्डीय गायत्री कोटिहोम विराट् ज्ञान महायज्ञका प्रमुख आकर्षणहरूः–**

१. सङ्गीतमय श्रीमद्भागवत कथा वचन हुने ।

२. श्रीराम कथा वाचन हुने ।

३. शिव महापुराण कथा वाचन हुने ।

४. श्रीहनुमत् कथा वाचन हुने ।

५. श्रीमद्देवीभागवत कथा वाचन हुने ।

६. सयौंको व्रतबन्ध, विवाह, चौरासी पूजा, तुलादान जस्ता कर्म गरिने ।

७. प्रत्येक नेपालीको नाममा कोटि दीप प्रज्ज्वलन हुने ।

८. ५०० भन्दा बढी ब्राह्मण गुरुहरूद्वारा नियमित हवनमा सहभागी हुने ।

९. लाखौँ रामनाम पुस्तिका वितरण गरी अरबौं रामनाम लेखिने ।

१०. एक करोड पार्थिव शिव लिङ्ग निर्माण गरी १ करोड बेलपत्रद्वारा पूजन गरिने ।

११. राष्ट्रिय भजन प्रतियोगिताको आयोजना हुने जसमा उचित पुरस्कार तथा सम्मानको पनि व्यवस्था गरिने ।

१२. कवि तथा सन्त सम्मेलन हुने ।

१३. धार्मिक संघ/संस्थाको सम्मेलन हुने ।

१४. विशेष धर्म सभाको आयोजना गरिने ।

१५. एघार हजार कलश पूजन गरिने ।

१६. पच्चिस हजार नरिवल यज्ञ भगवान् तथा तालबाराही मातालाई भोग लगाएर आम भक्तजनहरूलाई प्रसाद स्वरूप बाँडिने ।

१७. गण्डकी प्रदेशका ३ देखि ९ वर्ष सम्मका हजारौं बालिकाहरूको कन्या पूजन गरिने ।

१८. ७० वर्ष भन्दा माथि उमेर पुग्नुभएका गण्डकी प्रदेशका सम्पूर्ण ज्येष्ठ नागरिकहरूलाई सम्मान गरिने ।

१९. गण्डकी प्रदेशका १००० भन्दा बढी स्रष्टालाई सम्मान गरिने ।

२०. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कलाकारहरूको आगमन हुने ।

२१. रामलीला, कृष्णलीला आदिको प्रस्तुति हुने ।

२२. शालिग्राम पूजन महा-महोत्सवको आयोजना गरिने ।

२३. धार्मिक क्षेत्रहरूको चित्र निर्माण गरी चित्रकला प्रतियोगिता हुने ।

२४. गण्डकी सभ्यता, शालिग्रामक्षेत्र, मुक्तिक्षेत्र, दामोदर कुण्ड तथा यहाँका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक विषयहरूलाई लिएर वक्तृत्वकला हुने र विजयी हुनेलाई विशेष पुरस्कार तथा सम्मानको व्यवस्था गरिने ।

२५. बृहत् रक्तदान कार्यक्रमको आयोजना गरिने ।

२६. विभिन्न भजन मञ्च, ज्ञान मञ्च, विचार मञ्च जस्ता विभिन्न मञ्चहरूमा अलग अलग कार्यक्रमहरू आयोजना पनि गरिने ।

२७. तण्डुलाचल, धान्याचल पर्वत निर्माण पनि गरिने ।

२८. गण्डकी प्रदेशका धार्मिक संघ/संस्था, मठमन्दिर, आमासमूह आदिका पदाधिकारीहरू तथा सामाजिक क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउनु भएकालाई विशेष सम्मान तथा अभिनन्दन गरिने ।

२९. गण्डकी प्रदेशका धार्मिक तथा सामाजिक अभियन्ताहरूलाई छुट्टै सम्मान-पत्र, अभिनन्दन-पत्र, कदर-पत्र, प्रशंसा-पत्र आदिले नागरिक अभिनन्दन गरिने ।

३०. शंकराचार्य, जगद्गुरु, विभिन्न अखडाका महन्त, विश्व प्रसिद्ध कथा प्रवक्ताहरू, धर्म-गुरुहरूको आगमन हुने ।

३१. विभिन्न धार्मिक संस्था, गुरुकुल, गौशाला, धर्मशाला, मठ मन्दिरआदि सञ्चालन गरी सामाजिक सेवामा उत्कृष्ट कर्म गर्नेलाई पनि छुट्टै सम्मानको व्यवस्था पनि गरिने ।

३२. गण्डकी प्रदेशका तीर्थ स्थलहरूको फोटो प्रदर्शनीहरू गर्दै त्यहाँको महत्त्वबारे प्रचार-प्रसार गरिने ।

३३. हिन्दु, बौद्ध, जैन, किराँत, मष्टोलगायत विभिन्न धर्म सम्प्रदायमा आस्था राख्ने सबैलाई जमघट गरी सनातन संसद्, धर्म संसद् आदिको कार्यक्रम आयोजना गरिने ।

३४. ठुलाठुला सन्त, महन्त, विद्वान् पण्डितहरूको समूह बनाई उहाँहरूको हस्ताक्षरबाट विभिन्न मान, पदवी, उपाधि तथा विभूषण पनि प्रदान गर्ने ।

३५. गण्डकी क्षेत्र भित्रका धर्म, संस्कृति तथा परम्परालाई उजागर गर्ने गरी गण्डकी प्रदेशमा रहेका विभिन्न धार्मिक, सांस्कृतिक लगायतका अन्य विषयलाई गण्डकी क्षेत्रको बारेमा कुनै पनि कविता, गजल, गीत, भजन, मन्तव्य आदि कुनै पनि विषयमा सर्वोत्कृष्ट प्रस्तुति गर्नेलाई विशेष पुरस्कारको व्यवस्था पनि गरिने ।

३६. नेपालका सबै जिल्लाहरूबाट प्रतिनिधित्व हुने गरी करिव ५०० भजन समूहलाई आमन्त्रण गरी प्रतिस्पर्धा गराएर उच्चतम पुरस्कार समेत प्रदान गरी गण्डकी राष्ट्रिय भजन प्रतियोगिताको आयोजना गरिने ।

३७. प्रत्येक घरबाट आफ्नो जमिनको माटो ल्याएर भूमि पूजन गरी दोष निवारण गरिने ।

३८. २१ फिट रूद्राक्षको शिवलिङ्ग निर्माण गरिने ।

३९. धार्मिक पुस्तकहरूको प्रदर्शनी गरिने ।

४०. दुःख निवारण तथा मनोकामनापूर्ति यज्ञको आयोजना समेत गरिने ॥००

**निरन्तर हवनको लागि हवन सामग्रीको आवश्यकता पर्ने हुँदा भक्तजनहरुले आ-आफ्नो घर वा क्षेत्रबाट उपलब्ध हुन सक्ने घिउ, तिल, जौं, तेल, सर्वौषधि, खुढो, पीपल, वर, आँप, समी, डुम्री, तितेपाती, खयर, साल, वयर, गिँदरी, बेल, साज, सल्ला, देवदारु, रुदिलो, श्रीखण्ड र सुगन्धित द्रव्य आदि हवनमा प्रयोग गरिने विशेष जडीबुटीहरु तथा अन्य दाउराहरु ल्याएर सहयोग गर्न सक्नुहुनेछ ।**

# सर्वरक्षक भगवान्‌को कृपा पाएका कोटिहोम संकल्पकर्ता महाराजश्रीको नाम नेपालको इतिहासमा स्वर्ण अक्षरले लेखिने पक्का छ : *मा. किरण कुमार साह*

*सभापति, महिला तथा सामाजिक मामिला समिति, प्रतिनिधि सभा (संघीय संसद, नेपाल)*




पोखरा-१७, बिरौटाको सदा शिवजी सिद्धेश्वर हरिहर मन्दिर क्षेत्रमा आयोजना भैरहेको यो ऐतिहासिक श्री गण्डकी शत कुण्डीय गायत्री कोटिहोम विराट् ज्ञान महायज्ञ २०८२ को पावन अवसरमा मलाई निमन्त्रणा दिएर सम्मान गर्नु भएकोमा यज्ञशिरोमणि बालयोगेश्वर विजयश्री कृष्णमूर्ति जी महाराजलाई हार्दिक नमन भन्दै श्री-गण्डकी-कोटिहोम-पोखराको हार्दिक मंगमलय शुभकामना व्यक्त गर्दछु । महायज्ञ संकल्पकर्ताज्यूको विषयमा म के भन्छु भने बुद्धि, विद्यामा श्रेष्ठ महाराजजी पूज्य व्यक्तित्व हुनुहुन्छ । सबैका मान्यजनको रूपमा विराजमान हुनुहुन्छ । सारा संसारलाई कोटिहोमको माध्यमद्वारा भागवत पुराण, रामकथा, हनुमान कथा, देवी भागवत कथा लगायत शास्त्रका सारहरू प्रस्तुत गराएर एक महान् गुरूको रूपमा स्थापित हुनु भएको छ ।

मलाई यो पोखराको विराट् कोटिहोम महायज्ञको कार्यक्रमबाट भन्न मन लाग्यो– सर्वरक्षक भगवान्‌को कृपा पाएका कोटिहोम महायज्ञ-संकल्पकर्ता महाराजजीको नाम नेपालको इतिहासमा स्वर्ण अक्षरले लेखिने पक्का छ । नेपाल हिन्दुराष्ट्र हो, हिन्दुराष्ट्र छ र भविष्यमा पनि रहिरहने छ । महाराजश्रीले आफ्ना आश्रममा आश्रित अनाथ बालबालिकाहरूलाई विद्या प्रदान गरेर, पालन र संरक्षण गरेर एक अभिभावकको भूमिका निर्वाह गरिरहनु भएको छ । ज्येष्ठ नागरिकहरूलाई असहायको साथी बनेर, एक संरक्षक बनेर आफ्नो भूमिका पूर्णरूपमा निर्वाह गरिरहनु भएको एक असल अभिभावकको महान् कार्य भएको मेरो बुझाई रहेको छ ।

श्री-गण्डकी-कोटिहोमको माध्यमबाट यहाँ सहभागी हुन आउनु भएका भक्तजनहरूले स्वर्ग प्राप्त गर्न सकिने लोक विश्वास भएको पुण्यकार्य र पुण्यकर्म नै धर्म हो भन्ने कुरा बुझ्नु भएको छ । कोटिहोमले यी कुरा सिकाएको छ, लोकको हित व्यवस्थाका लागि कोटिहोमको कर्म अँगालेर जो कर्तव्य महाराजश्रीले गरिरहनु भएको छ, यो बहुत महान् कार्य हो । कोटिहोमको प्रवचन कार्यक्रममा कथा सुनिरहँदा मान्छेले असल आचरण, सदाचार, नियम, अनुशासन, परोपकार, पुण्य, राष्ट्रप्रेम, ध्यान-योगको महत्त्व, महिमा र व्याख्या राम्रोसँग बुझ्न पाएको अनुभूत मैले गरेको छु ।

नेपाली समाजमा पनि विद्वान्‌हरू सामाजिक रूपमा आदरणीय हुन्छन्, मानिन्छन् । महायज्ञ संकल्पकर्ता विजयश्री कृष्णमूर्तिजी पनि एक आदरणीय धार्मिक व्यक्तित्व हुनुहुन्छ । अर्काको उपकार गर्न कै लागि महाराजजीको जन्म भएको रहेछ । परोपकार गर्न रूचाउने, पराईको पनि भलो हुने काम गर्ने हाम्रा महाराज विजय कृष्णमूर्ति एक असल सपुत हो भन्ने मेरो बुझाई छ । यो लोकमा पनि सुखी हुने र परलोकको बास हुँदा पनि शान्ति प्राप्त गर्नेकला श्री गण्डकी कोटिहोमले सिकाइरहेको छ भन्ने मलाई लागिरहेको छ ।

पुराणका हरेक जीवनोपयोगी कुराहरूलाई भक्तजनहरूले बुझ्ने गरी कथा एवं झाँकीको माध्यमबाट प्रस्तुत गराएर श्रीगण्डकी कोटिहोमले समाजसेवी जीवन बाँच्ने योग्यकला सिकाइरहेको छ । जन्मदेखि मृत्युसम्मको अवधि नै जीवन हो । मान्छे सुखका खातिर जीवनभर भौतारिन्छ । खान लाउन पुगेको छ, ऋण लागेको छैन र स्वदेश मै बस्न पाएकाहरू सबै सुखी हुन् । दान गरौं र जीवनको रहस्य बुझौं । यी सबै कुरा सिकाइरहेको श्रीगण्डकी कोटिहोमको कोटिकोटी शुभकामना व्यक्त गर्दछु । जय गुरूदेव ॥००



# यज्ञशिरोमणि : कोटिहोम स्मारिका प्रकाशन सम्बन्धी सूचना

यज्ञशिरोमणि बालयोगेश्वर विजयश्री कृष्णमूर्ति जी महाराजको "**मार्ग-निर्देशन**"मा एवं *पत्रकार लक्ष्मी नारायण भट्टराई*को **सम्पादन**मा ऐतिहासिक श्री पशुपति कोटिहोम २०८१ र ऐतिहासिक श्री गण्डकी कोटिहोम २०८२ बारे सम्पूर्ण विषयवस्तु समेटिएको संयुक्त स्मारिका निकट भविष्यमा नै

## "यज्ञशिरोमणि : कोटिहोम स्मारिका"

प्रकाशन हुन लागेकाले यथाशीघ्र लेख-रचना उपलब्ध गराइदिनु हुन विद्वान्-वर्गलाई हार्दिक अनुरोध गर्दछौं ।

लेख रचना पठाउने ठेगाना agnichakramasik@gmail.com लक्ष्मी नारायण भट्टराई (९८५१०४०३३०)

# विशेष आभार-नमन-शुभकामना-निमन्त्रणा

ऐतिहासिक श्रीगण्डकी शत (सय) कुण्डीय गायत्री कोटिहोम विराट् ज्ञान महायज्ञ– २०८२ भव्य रूपमा पोखरा– १७, बिरौटामा भैरहेको छ । वि.सं. २०८२ जेठ २६ गतेसम्म सम्पन्न हुने यस पवित्र धार्मिक अनुष्ठानमा आ–आफ्नो ठाउँबाट हामीलाई सहयोग गरिरहनु हुने सबै व्यक्तित्वहरूलाई हार्दिक आभार प्रकट गर्दै नमन गर्दछौं । श्रीगण्डकी कोटिहोम राष्ट्र–शान्ति, विश्व कल्याण एवं आम नेपालीको सुख–शान्ति तथा समृद्धिको कामना गर्दै आयोजना गरिएको हुँदा सबै भक्तजनज्यूहरूलाई पुण्य लाभ प्राप्त गर्न आउनुहोस् भनी सादर–निमन्त्रणा गर्दछौं । हजुरहरूको सु–स्वास्थ्य, समृद्धि तथा उत्तरोत्तर प्रगतिको कामना गर्दै सम्पूर्ण मनोकामना पूर्ण होस् भनी सदा शिवजी सिद्धेश्वर हरिहर भगवान्सँग प्रार्थना गर्दछौं ! शुभकामना !!










विजयश्री कृष्णमूर्ति जी महाराज
महायज्ञ संकल्पकर्ता





एवं

**महायज्ञ मूल आयोजक समारोह समिति परिवार**

# नियमित रूपमा स्वास्थ्य जाँच गरौं ।

**नियमित स्वास्थ्य परीक्षण किन ?**


- ❖ प्राणघातक रोगहरुको प्रारम्भिक अवस्थामा नै पहिचान गर्न,
- ❖ पहिचान भएका रोगको समयमा नै रोकथाम तथा उपचार गर्न,
- ❖ सम्भावित रोगको पूर्वानुमान गरी बच्न र बचाउन,
- ❖ दीर्घ रोगबाट बच्न,
- ❖ उपचार खर्च कम गर्न,

**त्यसैले,**

- ❖ स्वास्थ्य परीक्षण स्वास्थ्यमा गरिने लगानी हो,
- ❖ आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई नियमित रुपमा परीक्षण गराऔं,
- ❖ स्वास्थ्य र निरोगी बनौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**


NIMB
Green Future Savings Account
एक खाता एक रुख,
दुवै भविष्यको लागि
यस योजनाबाट संकलित निक्षेपलाई बैंकले
दिगो र वातावरणमैत्री आयोजनामा लगानी गर्नेछ ।
+977-1-4545481, 9851147829, 9851145829
info@nimb.com.np, helpdesk@nimb.com.np
www.nimb.com.np
NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.
समृद्धिको पथमा सँगै अघि बढ्दै

एनएलजी घर सुरक्षा बीमा
सुरक्षा गरौं आफ्नो घरको, सुनिश्चित गरौं सुरक्षित बनौं
एनएलजी इन्स्योरेन्सको घर सुरक्षा बीमा लिई भुकम्प तथा आगलागी
या अन्य कारणबस हुने जोखिमबाट घर र घरमा भएको
सम्पतिलाई सुरक्षित बनाऔं
सबैको सुरक्षा, एनएलजीको ईच्छा
GPO Box: 20600, Panipokhari, Lazimpat, Kathmandu
Phone: 4418113, 4006625, Fax: 977-1-4416427
Toll Free No.1660-01-99099
email: info@nlgi.com.np, nlgi@mail.com.np
www. nlg.com.np
NLG
एनएलजी इन्स्योरेन्स
कम्पनी लिमिटेड
सबैको सुरक्षा, एनएलजीको ईच्छा

।।एक युगमा एक पटक।।



ॐ
॥ श्रीपरमात्मने नमः ॥
॥ न भूतो न भविष्यति ॥



।।इतिहासमै पहिलो पटक।।

(न भूतकालमा यस्तो महायज्ञ भयो न त भविष्यमा हाम्रो जीवन कालमा हुन सक्ला या नसक्ला)

# ऐतिहासिक श्रीगण्डकी शत (सय) कुण्डीय गायत्री कोटिहोम विराट् ज्ञान महायज्ञ - २०८२

नेपाल भ्रमण वर्ष सन् २०२५ तथा नेपाली नयाँ वर्ष २०८२ को पावन अवसरमा श्री मानव सेवा फाउण्डेसन, नेपाल लगायतका संस्थाहरुले मिति २०८२ वैशाख १७ गतेदेखि जेठ २६ गतेसम्म गण्डकी प्रदेश, कास्की जिल्ला पोखरा-१७, बिरौटमा अवस्थित श्री सदा शिवजी सिद्धेश्वर हरिहर मन्दिरको भूमि तथा आसपासका क्षेत्रहरुमा, राष्ट्रशान्ति, विश्वकल्याण एवं आम नेपालीको सुख, शान्ति तथा समृद्धिको कामनाले हामी यो विशाल आयोजनमा जुटेका छौं । साथै पोखरालाई मुक्तिद्वारको रुपमा चिनाउन एवं गण्डकी प्रदेश सँगसँगै नेपाल भरी रहेका शास्त्रवर्णित सम्पूर्ण धार्मिकक्षेत्र, तीर्थस्थल, मठमन्दिरहरूको महत्वलाई विश्वभर जीवन्त प्रचार प्रसार गरी धार्मिक पर्यटनलाई तेजोमय गतिमा प्रवर्द्धन गर्ने हामीले उज्यालो उद्धेश्य बोकेका छौं । धार्मिक पर्यटन वृद्धिले राष्ट्रको सर्वतोमुखी विकासमा सशक्त सहयोग पुऱ्याउने हाम्रो सङ्कल्प अनुरुप गण्डकी प्रदेशका विपन्न, अभिभावक विहीन बालबालिका तथा असहाय ज्येष्ठ नागरिकहरुको पालन, संरक्षण हेतु भवन निर्माण साथमा श्री मानव सेवा फाउण्डेसनको अक्षयकोष स्थापना सहयोगार्थ आयोजित ऐतिहासिक श्रीगण्डकी शत (सय) कुण्डीय गायत्री कोटिहोम विराट् ज्ञान महायज्ञ - २०८२ लाई सभ्यभव्य रुपमा सम्पन्न गर्नका निमित्त यस कोटिहोम विराट् ज्ञान महायज्ञ जस्तो पवित्र आयोजनमा स्नेहपूर्ण सान्निध्य प्रदान गरिदिनहुन हजुरहरुलाई सादर निमन्त्रणा गर्दछौं ।

- जगद्गुरू, साधु, सन्त, महन्त, प्रसिद्ध कथा वाचक, वाचिकाआदिबाट विशेष शास्त्रीय प्रवचन नियमित हुने ।
- मिति २०८२ वैशाख १७ गतेदेखि जेठ २६ गतेसम्म सयौं गुरुहरूद्वारा नियमित हवन तथा अनेकौं पुण्यमय कर्महरू गरिने ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्याति प्राप्त कलाकारहरूबाट विभिन्न गीत, सङ्गीत, भजन, झाँकी, देवलीला, नृत्यआदि प्रस्तुति हुने ।
- देश विदेशबाट कार्यक्रम अवधिभर विभिन्न सामाजिक अभियन्ता तथा राजनेताहरूको आगमन हुने ।
- सम्पूर्ण धार्मिक / आध्यात्मिक परिवेश हुनेछ ।
- कोटिहोम महायज्ञको विधिवत पूर्णाहुति गरी अभिषेक र प्रसाद ग्रहण गर्ने : (२०८२ जेठ २६ गते, सोमबार)



बालयोगेश्वर
विजयश्री कृष्णमूर्ति जी महाराज
**महायज्ञ संकल्पकर्ता**

## केन्द्रीय कार्यालय:-

कलङ्की-१४, काठमाण्डौं नेपाल ।
०१-५२१९१२५
९८५१३५७०१५/९८०२३७००८१

## शाखा कार्यालय:-

सृजनाचोक, पोखरा-०८, कास्की, नेपाल ।
०६१-५८४७०१/०६१-५८४७०२
९८५६०८२२९०/९८५६०८२२९१
९८६३२५२१२१/९७०५२५२१२५